प्रदेश राजस्व सुधार योजना

कर्णाली प्रदेश

२०८०

कमला सोलुसन एण्ड सप्लायर्स

सुर्खेत

KAMALA Solution & Suppliers Birendranagar, Surkhet

विषयसूची

परिच्छेदः एक
परिचय

१.१ पृष्ठभूमि..

१.२ अध्ययनको औचित्य.. ५

१.३ अध्ययनको उद्देश्य ६

१.४ अध्ययनको विधि ६

१.५ अध्ययनको सीमा... ७

.... ८

परिच्छेदः दुई
प्रदेशको संक्षिप्त परिचय

२.१. प्रदेशको परिचय ....

२.२. कूल ग्राहस्थ्य उत्पादन र आर्थिक वृद्धिदरको अवस्था.. ९

२.३ राजस्व परिचालनका सम्वन्धमा प्रदेशको संक्षिप्त विश्लेषण.................................. ११

.... ११

परिच्छेदः तीन
प्रदेशको राजस्व अधिकार सम्वन्धी व्यवस्था

३.१ प्रदेशको राजस्व अधिकार सम्वन्धी संवैधानिक तथा कानुनी व्यवस्था.......................... १४

३.१.१. संघीय सरकारको व्यवस्था.. १४

३.१.२. प्रदेश सरकारको व्यवस्था... १४

३.१.३. कर्णाली प्रदेशको कर तथा गैर-कर राजस्व सम्वन्धी ऐन, २०७५ बमोजिमको व्यवस्था........... १५

३.४ स्थानीय सरकारको व्यवस्था १६

३.५ राजस्वको बाँडफाँडको व्यवस्था.. १७

३.५.१ मूल्य अभिवृद्धि कर तथा अन्तःशुल्कको बांडफांड.. १७

३.५.३ प्राकृतिक स्रोतको रोयल्टी बाँडफाँडका सैद्दान्तिक एवम् अन्य आधारहरू........................ १७

३.६ अनुदानको व्यवस्था.. १८

३.७ प्रदेशको आन्तरिक आय र परिचालनको वर्तमान अवस्था... २१

३.७.१ आन्तरिक राजस्वका शीर्षकहरु.. २१

३.७.२ प्रदेश सरकारको एकल अधिकारको कर... २४

३.७.३. प्रदेश र स्थानीय तहका साझा शीर्षकहरु... २४

३.७.४ बाँडफाँड भई प्राप्त हुने मूल्य अभिवृद्धि कर, अन्तःशुल्क र रोयल्टी २५

३.७.५ प्रदेशमा प्राप्त विभिन्न अनुदानहरु २६

३.७.६ विभिन्न जिल्लाहरुको योगदान २६

KAMALA Solution & Suppliers Birendranagar, Sur

परिच्छेदः चार

अन्तर प्रदेश राजस्व नीतिको तुलना

४.१ प्रदेशगत रुपमा राजस्व नीतिहरुको तुलना २८
४.२ प्रदेशगत रुपमा देखिएका करका आधारहरु २८
४.३ प्रदेशका करका दरहरुको तुलना ३१
४.४ प्रदेशका करमा दिइएको छुटहरुको तुलना ३१
४.५ कर्णाली प्रदेशका लागि पाठः ३३

परिच्छेदः पांच

प्रदेशको आय संकलनको संस्थागत क्षमता तथा संकलनको अवस्था

५.१ राजस्व परिचालन सम्वन्धी कानुनहरु ३४
५.२ राजस्व परिचालन सम्वन्धी नीति ३४
५.२.१. कर्णाली प्रदेश कर तथा गैर कर राजस्व सम्वन्धी ऐन,२०७५ .... ३५
५.२.२. प्रथम पंचवर्षीय योजना अनुसार ३६
५.२.३ आ.व. २०७९/८० को बजेट वक्तव्य ३६
५.३ आय संकलनको संस्थागत क्षमता ३६
५.४ आन्तरिक आय परिचालन ३७
५.५ राजस्व परिचालनमा रहेका सवालहरु ३८

परिच्छेदः छ

कर्णाली प्रदेशमा राजस्व बढाउने संभावना र सुझावहरु

६.१ कर्णाली प्रदेशमा राजस्व बढाउने सम्भावना र सुझावहरु ४३
६.१.१. करमा आधारित स्रोतहरू ४३
६.१.१.१. मनोरञ्जन कर ४३
६.१.१.२ विज्ञापन कर ४४
६.१.१.३ घर जग्गा रजिस्ट्रेशन ४५
६.१.१.४ सवारी साधन कर ४७
६.१.२ गैरकरहरु (प्रदेश सरकारको) ४८
६.१.२.१ सेवा शुल्क दस्तुर ४८
६.१.२.२ पर्यटन शुल्क ४९
६.१.२.३ ढुङ्गा, गिट्टी, र बालुवामा दहत्तर बहत्तर ५०
६.१.२.४ दण्ड जरिवाना ५१
६.३ थप सुझावहरु ५१

परिच्छेदः सात

राजस्व सुधार योजना र आन्तरिक स्रोत परिचालनको रणनीति

७.१ दीर्घकालीन सोच ५४
७.२ लक्ष्य ५४
७.३ उद्देश्य ५४
७.४ रणनीतिहरु ५४
७.५ कार्यनीतिहरु ५५
७.६ रणनीति र कार्यनीति कार्यान्वयनका लागि कार्यक्रमगत सुझाव ५९
७.६.१ करको दायरा बढाउने कार्यक्रम ५९
७.६.१.१ आर्थिक ऐनमा करका दर परिमार्जन ६०
७.६.१.२ आर्थिक ऐनमा नयां कर आधारमा कर लगाउने ६०
७.६.१.३ संघीय सरकारबाट राजस्व बांडफांड वापत प्राप्त हुने रकम बढाउन पहल गर्ने ६१
७.६.२ गैरकर राजस्व बढाउने ६२
७.६.३ स्थानीय तहसंग समन्वय गर्ने ६२
७.६.४ ऐन कानून तर्जुमा तथा संशोधन गर्ने ६२
७.६.५ सूचना प्रविधिको उपयोग सम्बन्धी ६३
७.६.६ संस्थागत व्यवस्था र सुधार सम्बन्धी ६४
७.६.७ करदाता सचेतना वृद्धि गर्ने सम्बन्धी ६४
७.६.८ राजस्व चुहावट नियन्त्रण सम्बन्धी ६४
७.७ कार्ययोजना ६५
७.७.१. कर राजस्व सुधार कार्ययोजना ६५
७.७.२ गैर कर राजस्व सुधार कार्ययोजना ६६
७.७.३. राजश्व प्रशासन सुधार कार्ययोजना ६८
७.७.४ नीतिगत तथा कानुनी सुधार कार्ययोजना ७०
७.७.५ अन्य सुधार कार्ययोजना ७४

परिच्छेदः आठ

राजस्व प्रक्षेपण

८.१ पृष्ठभूमि ७६
८.२ राजस्व प्रक्षेपणका लागि लिइएको तथ्यांकको आधार ७७
८.३ राजस्व प्रक्षेपण ७८

परिच्छेदः नौ

अनुगमन तथा मूल्यांकन ८४

KAMALA Solution & S...

परिच्छेदः दश

निष्कर्ष ८५

परिच्छेदः एघार

अनुसूचीहरु ८६
अनुसूची १ सेवा शुल्क दस्तुर बढाउन सकिने संभावित क्षेत्रहरु ८६
अनुसूची २. विभिन्न प्रदेशहरुको सवारी साधन कर ८९
अनुसूची ३. विभिन्न प्रदेशहरुको घरजग्गा रजिष्ट्रेशन दस्तुर तथा शुल्क ९१
अनुसूची ४. विभिन्न प्रदेशहरुको मनोरन्जन कर ९३
अनुसूची ५. विभिन्न आ.व. मा असूल भएको आन्तरिक आय ९३
सन्दर्भसूची ९८

चित्रहरुको सूची

चित्र नं. २.१. कर्णाली प्रदेशको संक्षिप्त जानकारी १०
चित्र नं. ३.७.५ आ.व. २०७६/०७७ देखि आ.व. ०७८/०७९ मा कर्णाली प्रदेशका विभिन्न जिल्लाहरुको राजस्वमा औसत योगदान प्रतिशतमा........ २६

तालिकाहको सूची

तालिका नं. २.१. कर्णाली प्रदेशको कूल ग्राहस्थ उत्पादन र आन्तरिक आयको अवस्था........ ११
तालिका नं. ३.१ नेपाल सरकारले लगाउने कर तथा गैर करहरु........ १४
तालिका नं. ३.२ प्रदेश सरकारले लगाउने कर तथा गैर करहरु........ १५
तालिका नं. ३.३ स्थानीय तहले लगाउने कर तथा गैर करहरु........ १६
तालिका नं. ३.४ दुई तहले उठाउने करको प्रशासन........ १७
तालिका नं. ३.५ प्राकृतिक स्रोतको रोयल्टीको बाँडफाँड (प्रतिशतमा)........ १८
तालिका नं. ३.६ सूत्रमा आधारित वित्तीय समानीकरण अनुदानका सूचकहरु १९
तालिका नं. ३.७ प्रदेशका सन्दर्भमा अवलम्बन गरिएका कार्यसम्पादन सूचकहरु........ २०
तालिका नं. ३.७.१.आन्तरिक राजस्वमा विभिन्न शीर्षकहरुको औसत योगदान........ २२
तालिका नं. ३.७.३.कर तथा गैर कर राजस्व........ २४
तालिका नं. ३.७.४.मु.अ.क.तथा अन्त शुल्क........ २५
तालिका नं. ३.७.६ विभिन्न जिल्लाहरुको राजस्वमा योगदान........ २७
तालिका नं. ४.२.प्रदेशगत रुपमा कर आधारको तुलना........ २९
तालिका नं. ७. ७ कार्ययोजना........ ६५-७६
तालिका नं. ८.१ विभिन्न आ.व. मा प्राप्त रोयल्टीको विवरण........ ७७
तालिका नं. ८.२ विभिन्न आ.व. प्राप्त भएको आन्तरिक राजस्वको अवस्था........ ७७
तालिका नं. ८.३ औसत आर्थिक बृद्धिदर विधिबाट प्रक्षेपित राजस्व ७८
तालिका नं. ८.४ LINEAR REGRESSION विधिबाट प्रक्षेपित राजस्व ८०
तालिका नं. ८.५ औसत विधिबाट प्रक्षेपित राजस्व ८२

परिच्छेदः एक

परिचय

१.१ पृष्ठभूमि

राज्य संचालन, विकास निर्माण तथा सामाजिक दायित्व निर्वाह गर्नको लागि राजस्वको निरन्तर आवश्यकता पर्दछ । कानुन बाहेक कर लगाउन र उठाउन पाइदैन भन्ने कुरा नेपालको संविधानमा लेखिएको हुँदा राज्यले कर, कराधार, करको दर आदि विषयमा कानुन बनाएर विभिन्न सम्पत्ति, आय र वस्तु तथा सेवामा कर लगाउँछ, जसलाई राजस्व भनिन्छ । यो राज्य संचालनको प्रमुख एवम् भरपर्दो वित्तीय स्रोत हो। शासकीय प्रणाली सञ्चालन, विकास र समृद्धिको आधारशीला हो । सुशासन, विकास, समृद्धि एवं सामाजिक सुरक्षालाई सुनिश्चित एवं व्यवस्थित गर्नका लागि राज्यलाई स्रोतको आवश्यकता पर्दछ, जसको परिपूर्ति राजस्वको माध्यमबाट हुने गर्दछ । राजस्व राज्यको आर्थिक तथा सामाजिक क्रियाकलाप सञ्चालन गर्ने प्रमुख स्रोत भएकोले यसको प्रभावकारी परिचालनबाट मात्रै राज्यको प्रशासनिक तथा विकासात्मक कार्यहरु सहज ढंगबाट अगाडि बढाउन सकिन्छ ।

नेपालको संविधानको भाग ५ धारा ५६ मा संघीय लोकतान्त्रिक गणतन्त्र नेपालको मूल संरचना संघ, प्रदेश र स्थानीय तह गरी तीन तहको हुने र राज्य शक्तिको प्रयोग संघ, प्रदेश र स्थानीय तहले यस संविधान तथा कानून बमोजिम गर्नेछ भनि उल्लेख गरी संघीयताको मर्म बमोजिम तहगत सरकारका बीच शक्ति, अधिकार, स्रोत साधन र जिम्मेवारीको बाँडफाँड समेत गरेको छ । यसै अनुसार प्रदेश सरकारले समेत आफूलाई तोकिएका अधिकार र जिम्मेवारीहरु पूरा गर्नका लागि संविधान बमोजिम विभिन्न संस्थागत तथा कानुनी एवम् नीतिगत व्यवस्था गरी अघि बढिरहेको छ ।

वित्तीय संघीयताको सन्दर्भमा राजस्व परिचालनको विकेन्द्रीकरण बढी पेचिलो हुन्छ । नेपालको संविधान बमोजिम तीन तहका सरकारहरुलाई राजस्वको अधिकार प्राप्त छ । अधिकांश राजस्वका स्रोतहरु संघ, प्रदेश र स्थानीय तहको एकल अधिकारमा पर्दछन भने केही स्रोतहरु भने दुई वा दुईभन्दा बढी तहका सरकारको साझा अधिकारमा पर्दछन् । तसर्थ तीनै तहको सरकारले संविधान र कानुनले दिएको अधिकार क्षेत्रभित्र रही कर र गैर करका दरहरु तोकी यथोचित राजस्व परिचालन गर्नुपर्दछ ।अन्यथा जनतालाई करको दोहोरो तेहेरो भार पर्ने मात्र होइन करका कारण आर्थिक सामाजिक क्रियाकलापहरु संकुचित हुने अवस्था समेत आउन सक्छ ।

संघीयताको मर्म अनुसार शासन तथा प्रशासन संचालन संगै जनताको बढदो जनआकांक्षालाई सम्बोधन गर्न एवम् समृद्ध कर्णालीका लागि प्रदेश सरकारको आन्तरिक राजस्व परिचालन व्यवस्थित, प्रभावकारी र परिणाममुखी बनाउनु आवश्यकता छ । प्रदेशको आन्तरिक राजस्व स्रोत भन्नाले प्रदेश सरकारले संविधान

KAMALA Solution & Suppliers Birendranagar, Surkhet

ऐन कानुन बमोजिम लगाउन पाउने कर तथा उठाउन पाउने सेवा शुल्कलाई बुझाउंछ । यो राजस्व प्रदेश सरकार संचालनको प्रमुख आधार हो। प्रदेश सरकारका लागि केन्द्र सरकारबाट प्राप्त हुने अनुदान महत्वपूर्ण छ । यसको आकार आन्तरिक स्रोतको तुलनामा ठूलो देखिन्छ तर आन्तरिक स्रोत नबढाउंदासम्म प्रदेश वित्तीय रुपमा बलियो हुन सक्दैन् ।

संघीय शासन प्रणालीको मेरुदण्डको रुपमा स्थापित प्रदेश सरकारको वढ्दो खर्च धान्न र सामर्थ्य वृद्धि गर्न प्रदेशको आन्तरिक राजस्व परिचालन क्षमतामा वृद्धि गर्नुपर्ने अपरिहार्यता छ । यसका लागि प्रदेश तहको राजस्व अधिकार भित्र उपयुक्त संभावनाको खोजी गर्ने, संभाव्य क्षेत्रको राजस्व परिचालनका लागि अवलम्बन गर्नुपर्ने नीतिगन, कानुनी र व्यवस्थापकीय सुधारका उपायहरु पहिचान गरी कार्यान्वयनमा ल्याउने र ती सबै प्रयासका आधारमा आगामी दिनमा परिचालन गर्न सकिने वास्तविक आन्तरिक आयको प्रक्षेपण गर्ने कार्यका लागि प्रदेश सरकारको राजस्वको सुधारको रणनीतिको आवश्यकता छ ।

१.२ अध्ययनको औचित्य

संविधान र कानुनबाट वित्तीय स्रोत साधनमाथि उल्लेख्य अधिकार प्राप्त भएको लामो समयसम्म पनि आन्तरिक स्रोत तथा राजस्व परिचालनमा कर्णाली प्रदेश कमजोर रही संघ सरकारबाट प्राप्त हुने अनुदानमा नै निरन्तर भर पर्नुपर्ने अवस्था विद्यमान भएको हुंदा प्रदेश सरकारले राजस्व स्रोतको दीगो रुपमा व्यवस्थापन गर्नुपर्ने आवश्यकता छ ।

यसका लागि प्रदेश सरकारले अधिकार प्राप्त क्षेत्रमा समयमै आन्तरिक राजस्वको संभाव्यता अध्ययन गरी कानुनसम्मत रुपमा राजस्व परिचालन क्षमतामा वृद्धि गर्नुपर्ने देखिन्छ । राजस्व क्षेत्र तथा क्षमतामा विस्तार एवम् विकास गर्दै जानु आवश्यक छ । राजस्व संभाव्यता अध्ययन तथा राजस्व सुधार योजना निर्माण गर्न प्रदेश सरकारका निर्वाचित पदाधिकारी, कर्मचारी तथा अन्य सरोकारवालाको महत्वपूर्ण भूमिका हुन्छ । राजस्व संभाव्यता अध्ययन तथा सुधार योजना एवम् परिचालन सम्बन्धमा सवै सरोकारवालाहरुलाई सहभागि बनाइ राजस्व सुधारको समस्या तथा चूनौति पहिचान गरी प्रभावकारी कार्ययोजना निर्माण गरी सो अनुसार राजस्व प्रक्षेपण तथा परिचालनलाई मार्गदर्शन गर्नु अध्ययनको औचित्य हो।

१.३ अध्ययनको उद्देश्य

प्रदेश सरकारको आन्तरिक आयको विद्यमान अवस्था, आन्तरिक स्रोतको संभावना तथा देखिएका समस्याहरूलाई न्यूनीकरण गर्न योजनाले सहयोग गर्नेछ। योजनाको आधारमा आगामी चार वर्षको आय प्रक्षेपणमा सहयोग पुर्याउनु यस अध्ययनको मुख्य उद्देश्य रहेको छ भने अन्य उद्देश्यहरू देहाय अनुसार रहेका छन् :

- विभिन्न शीर्षकका कर र यसका आधार तथा विगत बर्षहरुको आन्तरिक आयको अवस्थाको विश्लेषण गर्ने ।
- प्रदेशको राजस्व सुधार कार्ययोजना बनाई प्रदेश सरकारको आन्तरिक आय वृद्धि गर्ने ।
- प्रदेश सरकारको राजश्व प्रशासनको संगठनात्मक संरचना र राजश्व सङ्कलन प्रणाली सहित प्रदेश तहको समग्र राजश्व प्रशासन तथा यसको कार्यकुशलताको विश्लेषण गर्ने ।
- प्रदेश सरकारको आन्तरिक आय वृद्धिका संभावनाहरु पहिचान गरी प्रक्षेपण सहितको आन्तरिक आय सुधार तथा सुदृढीकरण कार्ययोजना तयार गर्ने।
- नयाँ संभावनाहरुको पहिचान गर्दै प्रदेश सरकारले अपनाउनु पर्ने रणनीति सहितको राजश्व सुधार कार्ययोजना तयार गर्ने ।
- प्रदेश तहको विद्यमान आर्थिक ऐन, नियमावली लगायतका कानूनी तथा संस्थागत व्यवस्थाको पुनरावलोकन गरी आगामी आर्थिक वर्षमा सुधारको लागि सुझाव प्रदान गर्ने ।

१.४ अध्ययनको विधि

राजस्व सुधार कार्ययोजना निर्माण कार्य कार्यक्षेत्रगत शर्तमा उल्लिखित प्रकृयाहरु अवलम्बन गरी सन्दर्भ सामाग्रीको अध्ययन, तथ्यांक तथा सूचना संकलन, विश्लेषण, सम्वद्ध पक्षसंग छलफल, सुझाब संकलन जस्ता विधिहरुको प्रयोग गरिएको थियो । यो अध्ययनमा परिमाणात्मक र गुणात्मक दुवै तथ्याङ्क विधिहरू प्रयोग गरिएको छ। यसमा प्रदेश सरकारको राजस्व अधिकार सम्बन्धी संवैधानिक, नीतिगत, कानूनी व्यवस्थाको विद्यमान अवस्था, नेपालको संविधान, अर्थ सम्बन्धी विभिन्न ऐनहरू, विनियमहरू, मापदण्डहरू, राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगबाट प्रकाशित विभिन्न जानकारी पुस्तिकाहरू अध्ययन तथा विश्लेषण पुस्तकालय विधिबाट गरिएको छ।

यसका अलवा तथ्यांकका निम्नानुसार प्राथमिक तथा द्वितीय स्रोतहरुबाट समेत सूचना तथा जानकारीहरु लिइएको छ ।

प्राथमिक तथ्यांकका स्रोतहरु : प्राथमिक तथ्यांकको रुपमा नमूनाका रुपमा छनौट गरिएका वीरेन्द्रनगर नगरपालिका, सुर्खेत, भेरी नगरपालिका, जाजरकोट, चिङ्गाड गाउंपालिका, सुर्खेत र भगवतीमाइ गाउंपालिका, दैलेखमा गई संकलन गरिएका तथ्यांक, योजना निर्माणका क्रममा संचालन भएको कार्यशाला र राजस्व सुधार योजना निर्माणको अनुगमन तथा सहजीकरण र परामर्शका लागि अर्थ सचिवको संयोजकत्वमा गठित राजस्व सुधार योजना समितिबाट प्राप्त सुझाबहरुलाई प्राथमिक स्रोतका रुपमा लिइएको छ ।

KAMALA Solution & Suppliers Birendranagar, Surkhet

द्वितीय स्रोतका तथ्याङ्कहरूः प्रदेश सरकारको विद्यमान राजस्वको अवस्था विश्लेषण गर्नका लागि द्धितीय स्रोतका तथ्याङ्क प्रयोग गरिएको छ। प्रदेश आर्थिक मामिला तथा योजना मन्त्रालय, प्रदेश लेखा नियन्त्रक कार्यालय, तथा प्रदेश नीति तथा योजना आयोग यसका प्रमुख स्रोत हुन्।

समग्रमा अध्ययनका क्रममा अवलम्वन गरिएका विधिहरुलाई तपसील बमोजिम प्रस्तुत गर्न सकिन्छः

- सन्दर्भ सामाग्री संकलन तथा अध्ययन।
- तथ्यांक सूचना संकलन तथा विश्लेषण।
- अभीमुखीकरण कार्यक्रम संचालन।
- विभिन्न चरणमा समितिसंग प्रस्तुतीकरण तथा छलफल।
- मस्यौदा कार्ययोजना तयारी तथा पेश।
- मस्यौदा र अन्तिम प्रतिवेदन पेश।

१.५ अध्ययनको सीमा

कर्णाली प्रदेश सरकारको राजश्व सुधार रणनीतिको क्षेत्र व्यापक रहेको भएता पनि सीमित स्रोत साधन, पर्याप्त सुचनाको अभाव एवम् समय सीमाका कारण यस अध्ययनका सीमाहरु देहाय अनुसारका रहेका छन्ः

- अध्ययन तथा विश्लेषण कार्य प्रमुख रुपमा विभिन्न निकायहरु अभिलेख, दस्तावेज प्रतिवेदन तथा प्राथमिक तथा द्धितीय स्रोतहरुबाट प्राप्त तथ्यांक तथा सूचनाहरुको आधारमा तयार गरिएको छ। यसका अतिरिक्त प्रदेशका सम्वन्धित कर्मचारीहरु तथा अन्य सरोकार पक्षहरुसंग भएको छलफलवाट प्राप्त सूचनाहरु समावेश गरिएको छ।
- प्रदेशको आन्तरिक आय तथा स्रोत परिचालन सम्बन्धी अध्ययनको लागि विभिन्न सरकारी वेवसाइटमा प्राप्त तथ्याङ्क, अभिलेख तथा आंशिक स्थलगत अध्ययनवाट संकलन गरिएको छ।
- प्रदेशको जनसंख्या तथा आर्थिक गतिविधिमा हुने बृद्धि, प्रदेश तथा स्थानीय तहको सेवामा हुने बृद्धि, नागरिक सन्तुष्टिमा हुने वृद्धि, मुल्यांकन दरमा हुने बृद्धि तथा राजस्वका दरको पुनरावलोकन आदि कृयाकलापहरुले भविष्यको राजस्व संकलनमा असर गर्ने भएता पनि यी तथ्यांकहरु उपलब्ध नभएकोले आय प्रक्षेपणमा आधार लिन सकिएको छैन।

परिच्छेदः दुई
प्रदेशको संक्षिप्त परिचय

२.१. प्रदेशको परिचय

नेपालको संविधान पश्चात गठन भएका सातवटा प्रदेशमध्ये कर्णाली प्रदेश पनि एक हो । दश वटा जिल्ला रहेको यो प्रदेश नेपालको मध्यपश्चिमी भागमा पर्छ । यो प्रदेश २८ डिग्री १० मिनेट ७ सेकेन्ड उत्तरी अक्षांस देखि ३० डिग्री २६ मिनेट ५० सेकेन्ड उत्तर सम्म र ८० डिग्री ५८ मिनेट ५८ सेकेन्ड पूर्वी देशान्तर देखि ८३ डिग्री ४० मिनेट ५७ सेकेन्ड पूर्वसम्म फैलिएको छ । सुर्खेत राजधानी भएको यस प्रदेशको सिमाना उत्तरमा मित्रराष्ट चीन, दक्षिणमा लुम्विनी, पश्चिममा सुदुरपश्चिम र पूर्वमा लुम्विनी तथा गण्डकी प्रदेश पर्दछ ।

इतिहासमा कर्णाली एक शक्तिशाली र समृद्ध राज्य थियो । बाहौ शताब्दीमा नागराजले पाल राज्य जितेपछि आफ्नो राजधानीको नाम शिजा राखेका थिए । खस राजधानी शिजा नेपाली भाषा संस्कृतिको उदगमस्थलको रुपमा चिनिन्छ । यो राज्य १३ औं शताब्दीमा पूर्व गोर्खा, पश्चिम काश्मिरको लद्दाख, उत्तर भोटको गुगे र दक्षिणमा लखनऊको गोमती नदीसम्म पुगेको थियो । कर्णाली नदी आसपास हुँदै चीनको गुगे. बुराङ्गबाट हुम्ला, जुम्ला, दुल्लु सुर्खेत हुँदै दक्षिणमा भारतसम्म आवतजावत हुने व्यापारिक रेशम मार्गले अर्थ-वाणिज्य क्षेत्रमा ख्याति प्राप्त गरी त्यसबेला समृद्धि हासिल गरेको थियो ।

तत्कालीन शासकहरूले खस राज्यको सिजालाई आर्थिक तथा व्यापारिक केन्द्र र दुल्लुलाई प्रशासनिक केन्द्रका रुपमा विकास गरेको पाइन्छ । वि.स. १८४८ मा जुम्ला राज्य नेपाल एकीकरणमा गाभिएपछि केन्द्रिकृत शासन प्रणालीबाट नेपालको आर्थिक राजनीतिक विभेद वा आन्तरिक उपनिवेशको पीडा भोग्न बाध्य भई उपेक्षित क्षेत्र बन्न पुग्यो अर्थात सुन शिरानीमा राखेर नुनको खोजिमा हिडनेहरुको क्षेत्रको रुपमा परिचित क्षेत्र कर्णाली हो ।

कर्णाली प्रदेशमा हुम्ला कर्णाली, मुगु कर्णाली, ठुली भेरी, सानी भेरी, तिला आदि नदी बहन्छन् ।कर्णाली प्रदेश ताल तलैयामा पनि धनी छ। रारा ताल, फोक्सुन्डो ताल र कुपिन्डे दह यस प्रदेशका मुख्य हुन् । सामाजिक, सांस्कृतिक र भाषिक विविधता कर्णाली प्रदेशको सम्पत्ति हो ।यस प्रदेशमा हिन्दु धर्म मान्ने मानिसहरू ९५% रहेका छन। नेपाली भाषा बोल्नेहरूको बाहुल्यता रहेको यस प्रदेशको साक्षरता दर ५८.४९ प्रतिशत रहेको छ । यस प्रदेशमा जलविद्युत, खानी, कृषि र वन सम्पदाको क्षेत्रमा राम्रो संभावना रहेको छ ।

SAMALA Solution & Supp... Birendranagar, Sur...

सन् २०२० को युएनडिपीको प्रतिवेदनअनुसार मानव विकास सूचकाङ्क ०.५३८ रहेको यो प्रदेश दोस्रो कम मानव विकास सूचकाङ्क भएको प्रदेश हो । राष्ट्रिय वहुआयामिक गरिवी दर १७.४ प्रतिशत रहेकोमा यस प्रदेशको दर ३९.५ प्रतिशत रहेको छ ।

करिव ७५ प्रतिशत मानिसहरू कृषि पेसामा संलग्न रहेको यस प्रदेशको जिविकोपार्जनको प्रमुख आधार खेतिपाती र पशुपालन रहेको छ । मार्सी धान, कोदो, फापर, चिनो, उवा, स्याउ आदि यहाँका मुख्य उत्पादन हुन् । यस प्रदेशमा रहेका काँक्रेविहार, से-फोक्सुन्डो ताल, राराताल, चन्दननाथ, मानसरोवर पदयात्रा आदिलाई एकीकृत रूपमा विकास गर्न सके कर्णाली प्रदेश पर्यटक गन्तव्यको केन्द्र हुने संभावना छ ।

कर्णाली प्रदेशमा जलविद्युत् उत्पादनको पनि प्रशस्त संभावना रहेको छ । ठुली भेरी, सानी भेरी, कर्णाली, तिला, हुम्ला कर्णालीलगायत थुप्रै नदीहरूबाट विद्युत् उत्पादन गर्न सकिन्छ । कर्णाली प्रदेशमा सडक पूर्वाधारको विकास त्यति राम्रो भएको छैन तर हवाई यातायात भने नेपालगञ्ज र प्रदेश राजधानी सुर्खेतबाट हुम्ला, मुगु, डोल्पा, जुम्ला आदि जिल्लामा चालु छ । कर्णाली प्रदेशको समग्र अवस्थालाई तलको चित्र नं. २.१ मा समेत देखाइएको छ ।

चित्र नं. २.१. कर्णाली प्रदेशको संक्षिप्त जानकारी

जिल्ला	नगर पालिका	गाउँ पालिका	जम्मा वडा	जनसंख्या
रुकुम पश्चिम	३	३	७३	१६६७४०
सल्यान	३	७	८३	२३८५१५
सुर्खेत	५	४	९९	४१५१२६
दैलेख	४	७	९०	२५२३१३
जाजरकोट	३	४	७७	१८९३६०
डोल्पा	२	६	६५	४२७७४
जुम्ला	१	७	६०	११८३४९
कालिकोट	३	६	८२	१४५२९२
मुगु	१	३	४५	६४५४९
हुम्ला	०	७	४४	५५३९४
जम्मा :	२५	५४	७१८	१६८८४१२



२.२. कूल ग्राहस्थय उत्पादन र आर्थिक वृद्धिदरको अवस्था

केन्द्रीय तथ्यांक विभागका अनुसार आर्थिक वर्ष २०७७/०७८ मा कर्णाली प्रदेशको कुल गार्हस्थ उत्पादन प्रचलित मूल्यमा १ खर्ब ७१ अर्ब ७५ करोड ९० लाख रहेको अनुमान छ। जुन राष्ट्रिय अर्थतन्त्रको ४.१ प्रतिशत हुन आउंछ। विगत चार वर्षको तथ्यांकको स्थितिलाई हेर्दा आर्थिक वर्ष २०७५/०७६ मा कुल गार्हस्थ उत्पादनमा कर्णाली प्रदेशको योगदान ३.९४ प्रतिशत रहेकोमा २०७८/०७९ मा ४.०८ पुगेको देखिन्छ।

आर्थिक वर्ष २०७५/०७६ मा कर्णाली प्रदेशको आर्थिक वृद्धिदर ८.४२ प्रतिशत रहेकोमा त्यसपछि कोभिड महामारीका कारण आर्थिक वृद्धिदरमा ह्रास आई १.३९ प्रतिशतमा सीमित हुन पुगेको थियो। त्यसपछिका वर्षहरुमा क्रमशः सुधार हुंदै आएको पाइन्छ। आ.व. २०७७/०७८ मा आर्थिक वृद्धिदरमा सुधार आई ४.३४ प्रतिशत पुगेकोमा त्यसमा थप सुधार भई आ.व. २०७८/०७९ मा ५.४७ प्रतिशतमा पुगेको छ भने चालु आ.व. २०७९/०८० मा भने मन्दीको कारण लगभग २ प्रतिशतमा खुम्चिने संभावना छ।वृद्धिदरको अवस्थालाई हेर्दा नेपालको र कर्णाली प्रदेशको वृद्धिदरको प्रवृत्ति एकै किसिमको रहेको देखिन्छ भने कूल ग्राहस्थ उत्पादनको अनुपातमा राजस्वको अनुपातमा समेत सकारात्मक सहसम्बन्ध भएको देखिन्छ, जसलाई निम्नानुसार तालिकाबाट थप प्रष्ट पार्न सकिन्छ :

तालिका नं. २.१ कर्णाली प्रदेशको कूल ग्राहस्थ उत्पादन र आन्तरिक आयको अवस्था

आ.व.	कर्णाली प्रदेशकोGDP	आन्तरिक आय(रु हजारमा)
२०७५/०७६	३.९४	७०३९९
२०७६/०७७	४.०८	२३४४७४
२०७७/०७८	४.१	६३९४९२
२०७८/०७९	५.४७	६६०८२०

स्रोत : राष्ट्रिय तथ्यांक कार्यालय तथा प्रदेश लेखा नियन्त्रक कार्यालय,सुर्खेत

२.३ राजस्व सम्वन्धमा प्रदेशको संक्षिप्त विश्लेषण

कर्णाली प्रदेशको राजस्व सम्वन्धी अध्ययन गर्दा यसका सवल पक्ष, दुर्वल पक्ष, अवसर तथा चुनौतीहरुको विश्लेषण गरी राजस्व परिचालनलाई सक्षम बनाउन मार्ग दर्शन गर्न सक्नेछ । यस प्रदेशमा विकासका धेरै संभावनाहरु छन । यहां कृषि तथा पशुपालनको, खानी तथा खनिज पदार्थ उत्खननको, ठूला नदीहरु भएकाले सिँचाइ तथा जल विद्युतको र पर्यटनको संभावना भएतापनि आन्तरिक आयको संभावनाको तुलनामा राजस्व उठाउन सकेको छैन् । प्रदेशले विद्यमान कर तथा गैरकर बाट राजस्व परिचालन गरिरहेतापनि यसमा केही समस्या पनि देखिएका छन भने करका नयां क्षेत्र तथा दायराको संभावना पनि देखिएका छन।

KAMALA Solution & Suppliers Birendranagar, Surkhet

यसरी समग्र प्रदेशको राजस्व परिचालनसंग सम्वन्धित सवल, दुर्वल पक्ष यसका अवसरहरु तथा यसमा देखिएका चुनौतीहरु बुंदागत रुपमा उल्लेख गरिएको छ ।

सवल पक्ष

- आन्तरिक आय परिचालनका लागि कर तथा गैरकरसम्वन्धी ऐन,२०७५ बनेको ।
- प्रदेश राजस्व सुधार योजना तथा कार्ययोजना तयार ।
- राजस्व सम्वन्धी आवश्यक कानुन निर्माण तथा अनुगमनका लागि अर्थ तथा प्राकृतिक स्रोत समितिको गठन ।
- आर्थिक मामिला तथा योजना मन्त्रालयमा राजश्व महाशाखा ।
- प्रदेश अन्तर्गतका निकायहरु राजस्व परिचालनमा प्रतिवद्ध भएका ।
- कर्णाली प्रदेशको प्रथम पञ्चवर्षीय योजनाले प्रदेशको पूर्वाधार विकास र आर्थिक वृद्धिलाई लक्षित गरी प्रदेशभित्र सडक संजाल विकास गरी आर्थिक केन्द्रहरुको निर्माणको परिकल्पना गरेको छ । यसै सिलसिलामा निर्माण हुने कर्णाली करिडोर आर्थिक बृद्धिरेखा (वीरेन्द्रनगर- हिल्सा द्रुतमार्ग), भेरी कोरिडोर आर्थिक वृद्धिरेखा (छिन्चु रिम्ना, त्रिवेणी, दुनै हुँदै धो मोरिम्ला लोकमार्ग) लगायतका सडक संजालले प्रदेशको विकास तिव्र भई आर्थिक क्रियाकलापमा वृद्धि भै राजस्व वृद्धि हुने ।
- सडकहरुको निर्माण योजना तथा आर्थिक केन्द्रहरुको स्थापना र नेपालकै ठूलो रारा ताल, शे फोक्सुण्डो ताल र विभिन्न हिमाली श्रृंखला तथा पर्यावरणका कारण यस प्रदेशमा पर्यटन व्यवसायको संभावना ।
- कर्णाली प्रदेशमा जटामसी, टिमुर लगायतका जडिबुटीहरु हुनु ।
- विविधताको प्रचुर संभावना रहेको र सिंचाईको पर्याप्त आवश्यकता रहेको यस प्रदेशमा पंचवर्षीय योजनाले ८.५ मेगावाट बाट २०० मेगावाट विद्युत उत्पादनको लक्ष्य लिएको र सिंचित भूमि १५.५ प्रतिशतबाट ३३ प्रतिशत पुर्याउने लक्ष्य ।
- सबैभन्दा धेरै वन क्षेत्र भएको प्रदेश हुनु ।
- जनशक्ति विकास तथा राजश्व प्रशासनमा सुधार गर्ने प्रतिवद्धता ।

दुर्वल पक्ष

- संगठनात्मक व्यवस्था तथा दक्ष जनशक्तिको अभावमा प्रभावकारी राजस्व परिचालन हुन नसकेको।
- प्रदेशको एकल अधिकारका रुपमा रहेको कृषिमा आयकर लगाउन नसकेको।
- समन्वयमा कमजोर रहेकाले पालिकामा उठेका कर समेत प्रदेश विभाज्य कोषमा ल्याउन नसक्नु।
- आर्थिक र पूर्वाधार निर्माणमा लगानीको कमी।
- पूंजीगत खर्च गर्ने क्षमता कमजोर ।
- करदाताको चेतनामा कमी ।
- समय सन्दर्भ अनुसार राजस्व प्रशासनलाई प्रविधिसंग जोडन नसकिएको ।
- नदीजन्य तथा वन पैदावारको दीगो उपयोगको कमी ।

- प्रदेशको आन्तरिक आयको वृद्धिका लागि स्पष्ट योजना र कार्यान्वयनको कमी ।

अवसर

- प्रदेशले आफ्ना नागरिकलाई दिने सेवा सुविधा विस्तार गरी राजस्व बढाउन सकिने अवसर ।
- उपलब्ध संगठनात्मक तथा नीतिगत व्यवस्था ।
- विभिन्न सरकारी तथा गैरसरकारी संस्थाहरु साझेदार गर्न इच्छुक ।
- प्रदेश आफैले करका दर तथा दायरामा बृद्धि गर्न सक्ने ।
- पर्यटन तथा जलविद्युत क्षेत्र प्रवर्द्धन हुने संभावना ।
- संघीय सरकारले ठूला आयोजना तथा प्रदेशको विकास निर्माण र न्यूनतम खर्चका लागि आवश्यक बजेट दिने गरेको ।
- आन्तरिक आय बढाउनका लागि नीतिगत तथा संस्थागत पूर्वाधार खडा भएको ।

चुनौती

- प्रदेशको संरचनात्मक स्वरुपलाई सक्रिय गराई राजस्व परिचालन प्रभावकारी गराउनु ।
- प्रदेशको एकल अधिकारका रुपमा रहेको कृषि आयबाट कर संकलन गर्नु ।
- प्रदेशमा रहेका खानी तथा खानीजन्य पदार्थको उत्खनन गर्नु ।
- जलविद्युत क्षेत्रमा प्रयास मात्रामा लगानी गर्नु ।
- निजी क्षेत्रलाई सक्रियतापूर्वक सहभागिता गराउनु ।
- प्रदेशमा लागू भएका कानुनहरुको कार्यान्वयन गर्नु ।
- कर तथा शुल्क सम्वन्धी चेतना बढाई कर छलीलाई नियन्त्रण गर्नु ।

परिच्छेदः तीन

प्रदेशको राजस्व अधिकार सम्वन्धी व्यवस्था

३.१ प्रदेशको राजस्व अधिकार सम्वन्धी संवैधानिक तथा कानुनी व्यवस्था

नेपाल वित्तीय संघीयतामा प्रवेश गरिसकेको र नेपालको संविधान र प्रचलित कानुनहरूले संघीय सरकार, प्रदेश सरकार र स्थानीय तह गरी तीनै सरकारहरूको आ-आफ्नो कार्यक्षेत्र र राजस्व उठाउने र बाँडफाँड गर्ने अधिकार तोकेको छ र तदनुसार राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगले राजस्व बाँडफाँडका लगि विशेष आधार खडा गरेको पाइन्छ। प्रदेश सरकारलाई केन्द्रविन्दु मानी यसले के कस्ता शीर्षकहरूमा राजस्व उठाउन पाउंछ र यसका राजस्वका आधारहरू के के छन् भन्ने विषयमा यस अध्यायमा उल्लेख गरिएको छ ।

३.१.१. संघीय सरकारको व्यवस्था

नेपालको संविधानले वित्तीय संघीयताको आधारशिला खडा गरेको छ। जस अनुसार राज्यको संरचना र शक्तिको बाँडफाँड गरी नेपालको मूल संरचना संघ, प्रदेश र स्थानीय तह गरी तीन तहको हुनेछ । यसै अनुसार अनुसूची ५ मा संघको, अनुसूची ६ मा प्रदेशको, अनुसूची ७ मा संघ र प्रदेशको साझा, अनुसूची ८ मा स्थानीय तहको र अनुसूची ९ मा तीनै तहको अधिकारको साझा सूचीहरुको व्यवस्था समेत गरेको छ ।सोही आधारमा नेपाल सरकारले अन्तर सरकारी वित्त हस्तान्तरणको व्यवस्था गरी नेपाल सरकारले लगाउन सक्ने कर तथा गैरकरहरू अन्तर सरकारी वित्त व्यवस्थापन ऐनको अनुसूची १ मा उल्लेख गरिएको छ । जस अनुसार :

तालिका नं. ३.१ नेपाल सरकारले लगाउने कर तथा गैर करहरु

कर	गैरकर
मूल्य अभिवृद्धि कर	राहदानी शुल्क
भन्सार महशूल	भिसा शुल्क
अन्तःशुल्क	पर्यटन दस्तुर
संस्थागत आयकर	सेवा शुल्क दस्तुर
व्यक्तिगत आयकर	जुवा,चिट्ठा,क्यासिनो
पारिश्रमिक कर	दण्ड जरिवाना

३.१.२. प्रदेश सरकारको व्यवस्था

प्रदेश सरकारले लगाउन सक्ने कर तथा गैरकर अन्तरसरकारी वित्त व्यवस्थापन ऐनको अनुसूची २ अनुसार निम्नानुसार छनः

तालिका नं. ३.२ प्रदेश सरकारले लगाउने कर तथा गैर करहरु

कर	गैरकर
घर जग्गा रजिष्ट्रेशन शुल्क	सेवा शुल्क दस्तुर
सवारी साधन कर	पर्यटन दस्तुर
मनोरन्जन कर	दण्ड जरिवाना
विज्ञापन कर	-
कृषि आयमा कर	-

उल्लेखित कर राजस्व सम्बन्धी शीर्षकहरू स्थानीय सरकारको पनि शीर्षकहरू भएको हुँदा यसबाट प्राप्त राजस्व प्रदेश सरकारका लागि आंशिक रूपमा मात्र उठ्नेछ। शीर्षकमा प्रदेश कानुन अनुसार लगाउन सक्ने अन्य करहरू पनि प्रदेश सरकारको राजस्वका स्रोतहरू हुन्।

३.१.३. कर्णाली प्रदेशको कर तथा गैर-कर राजस्व सम्बन्धी ऐन, २०७५ बमोजिमको व्यवस्था

यस ऐन बमोजिम उठाएको घर जग्गा रजिष्ट्रेशन शुल्क मध्येबाट ६० प्रतिशत रकम गाउं वा नगरपालिकाले स्थानीय संचित कोषमा राखी ४० प्रतिशतले हुने रकम प्रदेश संचित कोषमा जम्मा गर्नुपर्ने हुन्छ। हाल घर जग्गा रजिष्ट्रेशन शुल्क मालपोत कार्यालयले उठाएको छ भने मनोरन्जन कर प्रशासनको काम गाउं वा नगरपालिकाले गर्नेछ भनिएको छ।

यो ऐन मुताविक प्रदेशमा विज्ञापन राखे वापत लाग्ने विज्ञापन कर सम्वन्धित गाउंपालिका वा नगरपालिकाले लगाउने र उठाउने छ। यसरी विज्ञापन कर उठाउने जिम्मा स्थानीय सरकारको हुनेछ तर राजस्व स्थानीय र प्रदेश सरकारले बाँडफाँड गर्नुपर्ने देखिन्छ।

कर्णाली प्रदेशको यो ऐन मुताविक सवारी साधन भएका व्यक्तिले आफ्नो स्थायी ठेगाना वा बसाँइसराई गरेको स्थान वा कारोबार रहेको स्थानको प्रदेशको कर कार्यालय वा तोकिएको स्थानमा सवारी साधन दर्ता गरी सवारी साधन कर बुझाउनु पर्नेछ।

KAMALA Solution & Sup... Birendranagar, Su...

प्रदेशको यो ऐन मुताविक प्रदेश सरकारले आफ्नो क्षेत्रभित्रको कृषि आयमा कर लगाउन पाउनेछ। यो प्रदेश सरकारको एकल अधिकार हो। कृषि उपज बिक्री गरेको बखत कृषि आयमा कर लगाइने छ। अतः कृषि आयमा प्रदेश सरकारको मात्रै अधिकार रहने छ।

कर्णाली प्रदेश सरकारले संविधानको अनुसूची ६ बमोजिमका क्षेत्र र विषयमा आफूले पुर्याएको सेवा वापत सेवा शुल्क र दस्तुर लगाई उठाउन सक्नेछ । प्रदेश सरकारले आफै निर्माण गरे वा गराएको वा अधिकार क्षेत्रभित्र रहेको पर्यटकीय स्थल,पर्यटन व्यवसाय र पर्यटकीय कियाकलापमा पर्यटन शुल्क लगाई उठाउन सक्नेछ । तर प्रदेशले आफ्नो क्षेत्रभित्र पर्यटक प्रवेश गरेको आधारमा पर्यटन शुल्क भने लगाउने छैन ।

३.४ स्थानीय सरकारको व्यवस्था

संविधानले उल्लेख गरे अनुसारका अनुसूचीहरुलाई आधार बनाई स्थानीय सरकारले लगाउन सक्ने कर तथा गैरकर सम्वन्धमा अन्तर सरकारी वित्त व्यवस्थापन ऐनको अनुसूची ३ मा उल्लेख गरिएको छ। स्थानीय सरकारले लगाउन पाउने करहरू निम्नानुसार छन :

तालिका नं. ३.३ स्थानीय तहले लगाउने कर तथा गैर करहरु

कर	गैरकर
सम्पत्ति कर	सेवा शुल्क दस्तुर
घर वहाल कर	पर्यटन दस्तुर
घर जग्गा रजिष्ट्रेशन शुल्क	दण्ड जरिवाना
सवारी साधन कर	
भूमी कर	
मनोरन्जन कर	
विज्ञापन कर	
व्यवसाय कर	

गैरकरका शीर्षकहरू तीनै तहका सरकारहरूको एउटै भएको हुंदा त्यस बीचको भिन्नता र समानता छुट्याउन आवश्यक भएको छ भने दुई तहले उठाउने करको प्रशासन भने निम्नानुसारको व्यवस्था छ :

तालिका नं. ३.४ दुई तहले उठाउने करको प्रशासन

कर	नीति बनाउने र दर तोक्ने निकाय	असूल गर्ने निकाय	कै
सवारी साधन कर	प्रदेश	प्रदेश	दुई तहको अधिकार क्षेत्रमा परेको कर तथा शुल्क उठाउने तहले ६०% राखी ४०% बाँडफाँड गर्नुपर्ने
घर जग्गा रजिष्ट्रेशन शुल्क	प्रदेश	स्थानीय	
मनोरञ्जन कर	प्रदेश	स्थानीय	
विज्ञापन कर	प्रदेश	स्थानीय, दर समेत तोक्ने	
रिक्सा, टाँगा, अटो रिक्सा, विद्युतीय रिक्सामा स्थानीय तहले सवारी साधन कर लगाउने र उठाउने			

३.५ राजस्वको बाँडफाँडको व्यवस्था

अन्तर सरकारी वित्त व्यवस्थापन ऐनले परिच्छेद ३ मा राजस्व बाँडफाँडको व्यवस्था गरेको पाइन्छ। शीर्षकगत करहरूबाट प्राप्त राजस्वको बाँडफाँड विभिन्न तरिकाले हुनेछ जसलाई शीर्षकगत रुपमा उल्लेख गरिएको छ ।

३.५.१ मूल्य अभिवृद्धि कर तथा अन्त:शुल्कको बाँडफाँड

नेपाल सरकार, प्रदेश र स्थानीय तहबीच मूल्य अभिवृद्धि कर र आन्तरिक उत्पादनबाट उठेको अन्त:शुल्क रकम बाँडफाँड गर्न नेपाल सरकारले एक संघीय विभाज्य कोष खडा गरेको छ । त्यस्तो रकम सो कोषमा जम्मा गर्ने गरिन्छ। यसरी संघीय विभाज्य कोषमा जम्मा भएको रकममध्ये ७० प्रतिशत नेपाल सरकारलाई, १५ प्रतिशत प्रदेशलाई र १५ प्रतिशत स्थानीय तहलाई बाँडफाँड गर्ने व्यवस्था गरिएको छ।

३.५.२ प्राकृतिक स्रोतबाट प्राप्त हुने रोयल्टीको बाँडफाँड

नेपालको संविधानको धारा ५९ अनुसार प्राकृतिक स्रोतको प्रयोग तथा विकासबाट प्राप्त लाभ संघ, प्रदेश एवम् स्थानीय तह बीच समन्यायीक वितरण गर्नुपर्नेछ।

प्राकृतिक स्रोतबाट प्राप्त रोयल्टी बाँडफाँड संघीय, प्रादेशिक एवम् स्थानीय सरकारका बीच समन्यायीक तवरले वितरण तथा बाँडफाँड गर्नका लागि राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगलाई जिम्मेवारी दिइएको छ। यसै सन्दर्भमा आयोगले पर्वतारोहण, विद्युत, वन, खानी तथा खनिज पदार्थबाट प्राप्त हुने रोयल्टी प्रदेश तथा स्थानीय तहमा बाँडफाँड गर्ने प्रावधान मापन निर्धारण गरेको भए तापनि अन्य प्राकृतिक स्रोतको भने गर्न सकेको छैन।

३.५.३ प्राकृतिक स्रोतको रोयल्टी बाँडफाँडका सैद्धान्तिक एवम् अन्य आधारहरू

दिगो विकासको सिद्धान्त, पूर्व सावधानीको सिद्धान्त, सार्वजनिक न्यायको सिद्धान्त, प्रदुषकले क्षतिपूर्ति वहन गर्ने सिद्धान्त, प्राकृतिक स्रोत माथिको सार्वभौम अधिकारको सिद्धान्त, लाभको समन्यायिक बाँडफाँडको सिद्धान्त र प्रवराधिकारको सिद्धान्त (Principle of Eminent Domain) समेतको न्यूनतम मर्म भित्र रहेर आयोगले रोयल्टी बाँडफाँड सम्बन्धी सिफारिस गरेको छ। यसको सूत्र "रोयल्टी = बाँडफाँड हिस्सा x सङ्कलित रोयल्टी रकम" भनेर निर्धारण गरिएको छ।

अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को अनुसूची ४ को द्रष्टव्य १ मा नेपाल सरकारले आयोगको सिफारिसमा प्राकृतिक स्रोतको उपयोगबाट प्रभावित हुने प्रदेश तथा स्थानीय तह (सम्बन्धित स्थानीय तह , जिल्ला समन्वय समिति) लाई त्यसरी प्रभावित भएको अनुपातमा समन्यायिक रुपमा प्राकृतिक स्रोतको रोयल्टीको बाँडफाँड तथा वितरण गर्नेछ ।

तालिका नं. ३.५ प्राकृतिक स्रोतको रोयल्टीको बाँडफाँड (प्रतिशतमा)

सि.न.	रोयल्टी शीर्षक	नेपाल सरकार	सम्वन्धित प्रदेश	सम्वन्धित स्थानीय तह
१	पर्वतारोहरण	५०	२५	२५
२	विद्युत	५०	२५	२५
३	वन	५०	२५	२५
४	खानी तथा खनिज	५०	२५	२५
५	पानी तथा अन्य प्राकृतिक स्रोत	५०	२५	२५

३.६ अनुदानको व्यवस्था

संघीय सरकारले प्रदेश र स्थानीय तहमा र प्रदेश सरकारले स्थानीय तहमा तिर्न नपर्ने गरी दिएको आर्थिक सहयोग नै अनुदान हो । संघले विभिन्न ४ प्रकारका वित्तीय समानीकरण, शसर्त, समपूरक र विशेष अनुदानहरु दिने गर्दछ । वित्तीय समानीकरण अनुदानलाई भने निम्नानुसार उल्लेख गर्न सकिन्छ :

१. न्यूनतम वित्तीय समानीकरण अनुदान

आर्थिक वर्ष २०८०/०८१ का लागि प्रदेश तथा स्थानीय तहले प्राप्त गर्ने न्यूनतम वित्तीय समानीकरण अनुदान कुल वित्तीय समानीकरण अनुदानको क्रमशः २५ प्रतिशत र ३०.२८ प्रतिशत हुने गरी सिफारिस गरिएको छ। यसरी न्यूनतम वित्तीय समानीकरण अनुदान सिफरिस गर्दा प्रदेशका हकमा जनसंख्या र

क्षेत्रफललाई ५०/५० प्रतिशत भार दिई प्रत्येक प्रदेशले प्राप्त गर्ने न्यूनतम अनुदानको हिस्सा निर्धारण गरिएको छ।

२. *सूत्रमा आधारित वित्तीय समानीकरण अनुदान*

राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग ऐन, २०७४ को दफा १६ को उपदफा (१) मा वित्तीय समानीकरण अनुदानको लागि सिफारिस गरिएका मानव विकास सूचकांक, आर्थिक सामाजिक असमानता, पूर्वाधारको अवस्था, राजस्वको अवस्था र खर्चको आवश्यकता तथा राजस्व उठाउन सक्ने क्षमता गरी ५ वटा शीर्षकमा समेटी मूल्यांकन गरिएको छ ।

आगामी आर्थिक वर्ष २०८०/०८१ का लागि नेपाल सरकारबाट प्रदेश तथा स्थानीय तहलाई उपलव्ध गराउनु पर्ने वित्तीय समानीकरण अनुदान देहायका आधार र ढाँचा निर्धारण गरि नेपाल सरकारलाई राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगले सिफारिस गरेको छ ।

तालिका नं. ३.६ सूत्रमा आधारित वित्तीय समानीकरण अनुदानका सूचकहरु

सि.न.	सूचक/ उपसूचक	उप सूचकको भार	सूचकको भार
१	मानव विकास सूचकांक		१०%
२	आर्थिक सामाजिक असमानता		५%
	पूर्वाधार विकासको अवस्था		१०%
	(क) सडकको घनत्वको (सडकमा पहुँच)	६०%	
	(ख) विद्युतको सुविधा (विद्युतमा पहुंच)	१०%	
	(ग) सूचना प्रविधिको सुविधा (सूचना प्रविधिमा पहुंच)	१०%	
	(घ) खानेपानीको सुविधा (खानेपानीमा पहुंच)	१०%	
३	(ङ) सरसफाई सुविधा (शौचालयको उपलव्धता)	१०%	
४	राजस्वको अवस्था		५%
५	खर्चको आवश्यकता र राजस्व उठाउन सक्ने क्षमता		७०%

स्रोत : प्राकृतिक स्रोत तथा वित्त आयोग

३. कार्य सम्पादन मूल्याङ्कनमा आधारित वित्तीय समानीकरण अनुदान

राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग ऐन, अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, स्थानीय सरकार संचालन ऐन बमोजिम गर्नुपर्ने न्यूनतम प्रक्रियागत कार्यसम्पादन गरे नगरेको, कानुन तर्जुमा गरे नगरेको, उदेश्य बमोजिम खर्च गरे नगरेको जस्ता विभिन्न सूचकाङ्कहरूको आधार लिएर प्रदेश सरकारको कार्यसम्पादन मापन गरी यो अनुदान उपलव्ध गराइन्छ ।

तालिका नं. ३.७ प्रदेशका सन्दर्भमा अवलम्बन गरिएका कार्यसम्पादन सूचकहरु

क्र.स.	सूचकहरु	अंक
१	गत आर्थिक वर्षभन्दा अघिल्लो आ.व.को अन्तिम लेखापरीक्षणबाट औल्याएको बेरुजूको अवस्था	१५
२	प्रदेशले स्थानीय तहलाई प्रदेश कानुन बमोजिम आयोगले तोकेको आधार लागू गरी सशर्त अनुदान प्रदान गरे/नगरेको ।	१०
३	सवारी साधन कर वापत बाँडफाँड गरिने ४० प्रतिशत रकम प्रदेश सरकारले मासिक रुपमा सम्वन्धित स्थानीय संचित कोषमा जम्मा गरे/ नगरेको	५
४	प्रदेशले गत आर्थिक वर्षको विनियोजित रकम अनुसार खर्चको अवस्था	१५
	(क) कूल विनियोजित रकममा कूल खर्चको प्रतिशत	
	(ख) कूल विनियोजित पूँजीगत रकममा कूल पूँजीगत रकमको खर्च प्रतिशत	
५	प्रदेशले आफ्नो अधिकार क्षेत्र भित्रको राजस्व परिचालन गरेको अवस्था	२०
	(क) अनुमानित राजस्व प्रक्षेपणको तुलनामा राजस्व संकलनको अवस्था	
	(ख) गत आर्थिक वर्षभन्दा अघिल्लो आर्थिक वर्षको राजस्व संकलनको तुलनामा गत आर्थिक वर्षको राजस्व संकलनको अवस्था	
६	प्रदेश सरकाले स्थानीय तहलाई उपलव्ध गराउने वित्तीय समानीकरण अनुदानको अनुमानित विवरण स्थानीय तहलाई चैत्र मसान्तभित्र उपलव्ध गराएको/ नगराएको	५
७	प्रदेशले आगामी आ.व.को लागि आय व्ययको प्रक्षेपण गरिएको तथ्यांक सहितको विवरण चालु आ.व. को पुस मसान्तभित्र संघीय अर्थ मन्त्रालयमा पेश गरे/ नगरेको	५

क्र.स.	सूचकहरु	अंक
८	प्रदेशले आफ्नो बजेट कार्यान्वयनको वार्षिक समीक्षा गरी तत्सम्वन्धी विवरण प्रत्येक वर्षको कार्तिक मसान्तभित्र सार्वजनिक गरे नगरेको	५
९	प्रदेश तहको वायु गुणस्तर सूचकांक (Air quality index)	५
१०	प्रदेश तहमा व्यवस्थित वनले ढाकेको क्षेत्रफलमा भएको वृद्धि प्रतिशत	५
११	आयोगले कार्य सम्पादन सूचकका सम्वन्धमा तयार गरी प्रयोगमा ल्याएको विद्युतीय अनलाइन पोर्टल (Online Portal) मा कार्य सम्पादन सूचक सम्वन्धी विवरण तोकिएको अवधिमा प्रविष्टि (update) गरे नगरेको	१०
	जम्मा	१००

स्रोत : प्राकृतिक स्रोत तथा वित्त आयोग

३.७ प्रदेशको आन्तरिक आय र परिचालनको वर्तमान अवस्था

राजस्वको भरपर्दो र दीगो स्रोतको रुपमा आन्तरिक आय रहेको हुन्छ । प्रदेशले प्रत्येक आर्थिक वर्षमा नेपालको संविधानको धारा २०७ बमोजिम राजस्वको अनुमानका साथै अघिल्लो आर्थिक वर्षमा प्रत्येक मन्त्रालयलाई छुट्याइएको खर्चको रकम र खर्च अनुसारको लक्ष्य हासिल भयो वा भएन त्यसको विवरण पनि साथै पेश गर्नुपर्नेछ । यसरी प्रत्येक आ.व. मा प्रदेशको आन्तरिक आयको अनुमान र यथार्थ असूलीको अवस्था प्रस्तुत गरी आन्तरिक आयलाई प्रभावकारी गराउन समयानुसार राजस्व नीति, रणनीति तथा सो अनुसार कार्यनीति अवलम्बन गरी आन्तरिक आयलाई सवल गराइरहेको पाइन्छ । आ.व.२०७५/०७६ मा आन्तरिक राजस्व रु. ७ करोड ४ लाख असूल भएकोमा आ.व. २०७८/०७९ मा ६६ करोड २४ लाख १ हजार असूल हुनुले समेत आन्तरिक आयमा वढोत्तरी भइरहेको देखिएतापनि आ.व. २०७९/०८० को वैशाख मसान्तसम्म भएको कूल खर्चमा आन्तरिक राजस्वको हिस्सा २ प्रतिशत हाराहारीमा हुनुले खर्चको तुलनामा राजस्वको हिस्सा एकदम न्यून देखिन्छ ।

३.७.१ आन्तरिक राजस्वका शीर्षकहरु

आ.व.२०७६/०७७ देखि २०७९/०८० सम्मको शीर्षकगत रुपमा एकीकृत विवरण अध्ययन गर्दा क्रमशः सबैभन्दा बढी सवारी साधन कर, घर जग्गा रजिष्ट्रेशन दस्तुर, वेरुजु, वन क्षेत्रको रोयल्टी, चालक अनुमती पत्र दस्तुर, सवारी दर्ता किताव दस्तुर, परीक्षा शुल्क, अन्य प्रशासनिक सेवा शुल्क, बाँडफाँड भई प्राप्त वन रोयल्टी, व्यवसाय क्षेत्रको अन्य आय, बाँडफाँड भई प्राप्त हुने दहत्तर वहत्तरको विक्रीबाट प्राप्त

KAMALA Solution & Su... Birendranagar

हुने आय हुन । प्रत्येक आ.व. का शीर्षक र प्राप्त आन्तरिक राजस्वलाई तल उल्लिखित तालिकाबाट आन्तरिक राजस्वका शीर्षकहरुमा थप प्रष्ट हुन सकिन्छ ।

तालिका नं. ३.७.१ आ.व. २०७६/०७७ देखि आ.व. २०७९/०८० को चैत्र मसान्त सम्ममा प्राप्त कूल आन्तरिक राजस्वमा विभिन्न् शीर्षकहरुको औसत योगदान लाखमा ।

सि.न.	राजस्वका शीर्षकहरु	योगदान(रु लाखमा)	योगदान प्रतिशत
१	सवारी साधन कर	१,३३९.२२	२४.९५
२	घरजग्गा रजिष्ट्रेशन दस्तुर	७८५.८८	१४.६४
३	वेरुजु	४८९.१९	९.११
४	वन क्षेत्रको रोयल्टी	३७२.५३	६.९४
५	चालक अनुमती पत्र, सवारी दर्ता किताव सम्वन्धी दस्तुर	३७१.७९	६.९३
६	निकासा फिर्ता	३५१.७५	६.५५
७	अनुदान फिर्ता	३५०.६२	६.५३
८	परीक्षा शुल्क	२६३.७८	४.९१
९	अन्य प्रशासनिक सेवा शुल्क	१९१.९८	३.५८
१०	बाँडफाँड भइ प्राप्त वन रोयल्टी	१६५.११	३.०८
११	व्यवसाय रजिष्ट्रेशन दस्तुर	१५८.०७	२.९५
१२	वन क्षेत्रको अन्य आय	१३१.३३	२.४५
१३	बाँडफाँड भइ प्राप्त दहत्तर वहत्तरको विक्रीबाट प्राप्त हुने आय	९२.३७	१.७२
१४	यातायात क्षेत्रको आम्दानी	८१.२२	१.५१
१५	प्रशासनिक दण्ड जरिवाना र जफत	७६.२८	१.४२
१६	व्यवसायले भूक्तानी गर्ने	६४.८३	१.२१
१७	अन्य विक्रीबाट प्राप्त रकम	११.७७	०.२२
१८	सरकारी सम्पत्तीको विक्रीबाट प्राप्त रकम	१०.६१	०.२०
१९	बाँडफाँड भइ प्राप्त विद्धुत रोयल्टी	१०.४९	०.२०

सि.न.	राजस्वका शीर्षकहरु	योगदान(रु लाखमा)	योगदान प्रतिशत
२०	कृषि उत्पादनको विक्रीबाट प्राप्त रकम	८.३२	०.१६
२१	शिक्षा क्षेत्रको आम्दानी	८.२१	०.१५
२२	रेडियो एफ एम संचालन दस्तुर	७.०९	०.१३
२३	धरौटी सदर स्याहा	७.०८	०.१३
२४	अन्य राजस्व	५.९३	०.११
२५	बाँडफाँड भइ प्राप्त खानी तथा खनिज रोयल्टी	४.६६	०.०९
२६	बाँडफाँड भइ प्राप्त पर्वतारोहरण वापतको रोयल्टी	२.८२	०.०५
२७	अन्य स्रोतबाट प्राप्त बाँडफाँड नहुने रोयल्टी	१.६४	०.०३
२८	न्यायिक दण्ड जरिवाना र जफत	०.८४	०.०२
२९	पूर्वाधार सेवाको उपयोगमा लाग्ने कर	०.६३	०.०१
३०	सरकारी सम्पत्तीको वहालबाट प्राप्त	०.५५	०.०१
३१	पर्यटन शुल्क	०.४८	०.०१
		५,३६७.०६	

स्रोत : प्रदेश लेखा नियन्त्रक कार्यालय,सुर्खेत

यसरी विभिन्न चार वटा आ.व. को आन्तरिक राजस्वका शीर्षकहरु हेर्दा विभिन्न ३१ वटा शीर्षकमा राजस्व असूल भएको देखिएको छ । यसमा औसतमा सवैभन्दा बढी ५ वटा शीर्षकहरु क्रमशः सवारी साधन कर , घर जग्गा रजिष्ट्रेशन दस्तुर, बेरुजु, वन क्षेत्रको रोयल्टी र चालक अनुमती पत्र,सवारी दर्ता नवीकरण दस्तुर देखिएका छन् ।

आन्तरिक राजस्वका शीर्षकहरुमा उल्लिखित आ.व.का १० प्रमुख शीर्षकहरुमा वेरुजु, निकासा फिर्ता र अनुदान फिर्ता समेत परेका छन् । यी शीर्षकहरुलाई राजस्वका शीर्षकमा राखेता पनि राजस्वको सैद्धान्तिक मान्यता अनुसार यथार्थ आयका रुपमा पर्दैनन् ।यसरी हेर्दा हाम्रो प्रदेशको वास्तविक आन्तरिक राजस्वका रुपमा सवारी साधन कर, बाँडफाँड भई प्राप्त हुने घर जग्गा रजिष्ट्रेशन दस्तुर, बाँडफाँडबाट प्राप्त हुने दहत्तर वहत्तर, वन क्षेत्रको आय र रोयल्टी, चालक अनुमती पत्र, सवारी दर्ता नवीकरण दस्तुर, परीक्षा शुल्क,

व्यवसाय रजिष्ट्रेशन दस्तुर, अन्य प्रशासनिक शुल्क, यातायात क्षेत्रको आम्दानी एवम् प्रशासनिक दण्ड जरिवानाका शीर्षकहरु देखिन्छन् ।

कर्णाली प्रदेशमा आन्तरिक राजस्वले चालु खर्चमा आ.व. २०७६/०७७ मा ३.४१ प्रतिशत, २०७६/०७७ मा ७.४६ प्रतिशत र २०७८/०७९ मा ७.५८ मात्र योगदान गरेको देखिएकाले आगामी दिनमा आन्तरिक राजस्वको योगदान बढाउनु अति आवश्यक छ ।

आगामी दिनमा कर्णाली प्रदेशले राजस्व बढाउन सक्ने संभावना भएका शीर्षकहरु भनेका यातायात क्षेत्रसंग सम्वन्धित, वन क्षेत्रसंग सम्वन्धित ,व्यवसाय रजिष्ट्रेशन, दहत्तर वहत्तर शुल्क, घर जग्गा रजिष्ट्रशेन शुल्क एवम प्रशासनिक शुल्क र दण्ड जरिवाना नै हुन् ।तसर्थ उल्लिखित शीर्षकहरुमा राजस्व प्रशासनको विशेष ध्यान दिनु पर्दछ ।

३.७.२ प्रदेश सरकारको एकल अधिकारको कर

नेपालको संविधानको अनुसूची ६ मा प्रदेश सरकारको एकल अधिकारको रुपमा कृषि आयमा कर लगाउने व्यवस्था उल्लेख गरिएको छ । सो अनुसार कर्णाली प्रदेश सरकारले आ.व. २०७५/७६ देखि ०७८/०७९ सम्मका आर्थिक ऐनमा आफ्नो क्षेत्रभित्रको कृषि उपज वस्तुहरु प्रारम्भिक रुपमा विक्री गरेको बखत प्राप्त हुने कृषि आयमा कर लगाउने उल्लेख गरे पनि सोही ऐनले नै उक्त आ.व.हरुमा कर लगाइने र असूल गरिने छैन भन्ने व्यवस्था गरेको छ भने आ.व. ०७९/८० मा कृषि आयमा कर लगाउने सम्वन्धि कुनै व्यवस्था नै गरिएको छैन । तसर्थ हालसम्म प्रदेशले कृषि आयमा कर लगाएर असूल गरेको छैन।

३.७.३. प्रदेश र स्थानीय तहका साझा शीर्षकहरु

अन्तरसरकारी वित्त व्यवस्थापन ऐन.२०७४ को अनुसूची २ अनुसार करका साझा शीर्षकमा घर जग्गा रजिष्ट्रेशन शुल्क, सवारी साधन कर, विज्ञापन कर, मनोरन्जन कर र गैर करका शीर्षकहरुमा सेवा शुल्क दस्तुर, पर्यटन शुल्क र दण्ड जरिवाना उल्लेख गरिएको छ ।

तालिका नं.३.७.३ आ.व. २०७६/०७७ देखि आ.व. २०७९/०८० को चैत्र मसान्त सम्ममा प्राप्त कर तथा गैरकर राजस्व रु. करोडमा

सि.न.	राजस्व	आ.व			
		०७६/७७	०७७/७८	०७८/७९	०७९/८० चैत्र मसान्त सम्म्
१	सवारी साधन कर	८.९३	१३.४२	१५.९०	१५.३२
२	बांडफाडबाट प्राप्त हुने घरजग्गा रजिष्ट्रेशन दस्तुर	९.०१	१.९२	१४.४२	६.०८
३	दहत्तर वहत्तरको	१३.१४	९.४०	३०३.०२	४३.९१
४	प्रशासनिक दण्ड जरिवाना र जफत	०.००	९.४०	३०३.०२	४३.९१
५	पर्यटन शुल्क	०.००	०.०३	०.००	१.८८
६	सेवा शुल्क दस्तुर	४६२.२८	८२३.०९	१,४५०.१४	१,२३५.३४
७	अन्य राजस्व	३०३.७७	१४२.२६	२०६.२३	११५.९९
कूल जम्मा:		७९७.१४	९९९.५२	२,२९२.७२	१,४६२.४४

स्रोत : प्रदेश लेखा नियन्त्रक कार्यालय,सुर्खेत

३.७.४ बाँडफाँड भई प्राप्त हुने मूल्य अभिवृद्धि कर , अन्तःशुल्क र रोयल्टी

अन्तरसरकारी वित्त व्यवस्थापन ऐन, २०७४ ले मूल्य अभिवृद्धि कर,अन्तशुल्क तथा रोयल्टीलाई कानुन बमोजिम बाँडफाँड गर्ने व्यवस्था गरेको छ। प्रचलित कानुन बमोजिम गरिने बाँडफाँडबाट प्रदेशमा रकम प्राप्त हुनाले संघीयतामा खर्च व्यवस्थापनमा केही सहजता भएको छ। यो ऐन मुताविक प्रदेशले प्राप्त गरेको रकम तालिका नं ३.७.४ मा देखाइएको छ।

तालिका नं. ३.७.४ आ.व. २०७६/०७७ देखि आ.व. २०७९/८० को चैत्र मसान्त सम्ममा प्राप्त मू.अ.क. , अन्तशुल्क तथा रोयल्टी रु. अरबमा

सि. न.	शीर्षकहरु	आ.व. २०७६/०७७	आ.व. २०७७/०७८	आ.व. २०७८/०७९	आ.व. २०७९/०८०
१	बाँडफाँड भइ प्राप्त मूल्य अभिवृद्धि कर	३.५९	४.८६	६.२	३.८४
२	बाँडफाँड भइ प्राप्त अन्त शुल्क	१.०७	१.४१	१.७७	१.२६

सि. न.	शीर्षकहरु	आ.व. २०७६/०७७	आ.व. २०७७/०७८	आ.व. २०७८/०७९	आ.व. २०७९/०८०
३	बाँडफाँड भइ प्राप्त वन रोयल्टी	०.०१	१२७.०२	२७४.२१	१८६.६३
४	बाँडफाँड भइ प्राप्त विद्धुत रोयल्टी	०	१.६४	२४.०७	१६.२६
५	बाँडफाँड भइ प्राप्त खानी तथा खनिज रोयल्टी	०	०.१९	१०.३५	८.११
६	बाँडफाँड भइ प्राप्त पर्वतारोहरण वापतको रोयल्टी	०	२.९७	४.८७	३.४६

स्रोत : प्रदेश लेखा नियन्त्रक कार्यालय,सुर्खेत

३.७.५ प्रदेशमा प्राप्त विभिन्न अनुदानहरु

संघीय सरकारले प्रदेश र स्थानीय तहमा र प्रदेश सरकारले स्थानीय तहमा तिर्न नपर्ने गरी दिएको आर्थिक सहयोग नै अनुदान हो ।यस्तो सहयोग ४ प्रकारको हुने गर्दछ : वित्तीय समानीकरण, शशर्त, समपूरक र विशेष ।

चित्र नं. ३.७.५ आ.व. २०७६/०७७ देखि आ.व. २०७९/०८० को चैत्र मसान्त सम्ममा प्राप्त विभिन्न अनुदानहरु रु. अरबमा



स्रोत : प्रदेश लेखा नियन्त्रक कार्यालय,सुर्खेत

३.७.६ विभिन्न जिल्लाहरुको प्रदेश सरकारको राजस्वमा योगदान

प्रदेशको एकल अधिकारको रुपमा कृषि आय कर रहेको र अन्य सम्पूर्ण कर तथा गैर करहरु प्रदेश मातहतका विभिन्न् जिल्लाहरु र स्थानीय तह मार्फत संकलन तथा बाँडफाँड हुने गर्दछ । यस सन्दर्भमा विभिन्न जिल्लाहरुको आ.व. २०७६/७७ देखि ०७८/७९ सम्मको कर तथा गैर कर संकलनको विवरण अध्ययन गर्दा तीन आ. व. मा कूल ३६ अर्ब ९० करोड २० लाख १ हजार ३ सय १३ रुपैया र पैसा ९८ राजस्व संकलन भएकोमा औसतमा सबंभन्दा कम कालिकोट जिल्लाले ०.०८ प्रतिशत र सुर्खेत जिल्लाले सबैभन्दा बढी ९८.७४ प्रतिशत योगदान गरेको देखिन्छ ।यसमा कम देखि बढी सम्म राजस्वमा योगदान गर्ने जिल्लाहरु र औसत प्रतिशतलाई तालिका नं. ३.७.६ मा प्रस्तुत गरिएको छ ।

तालिका नं. ३.७.६ आ.व. २०७६/०७७ देखि आ.व. ०७८/०७९ मा कर्णाली प्रदेशका विभिन्न जिल्लाहरुको राजस्वमा योगदान

सि.न.	जिल्लाको नाम	०७६/७७	७७/७८	७८/७९	औसत योगदान प्रतिशत
१	कालिकोट	५,०३८,२६९.००	१७,३०५,५५६.४२	६,९२४,६६४.११	०.०८
२	डोल्पा	९,८४८,३४५.९८	१०,३१५,६६३.००	१९,७६६,९८३.२४	०.११
३	मुगु	६,०२०,६२१.००	७,३७२,७९४.००	२८,९०४,२०५.२६	०.११
४	जाजरकोट	८,७९२,५२३.००	१६,८९५,८९४.००	१७,६७०,५१५.७६	०.१२
५	हुम्ला	७,५६०,१५३.००	६,६४३,७७३.४६	२९,५५३,५४८.७८	०.१२
६	रुकुम	६,३५२,५५७.००	२०,६९१,७४८.६०	२५,०६५,२८९.५०	०.१४
७	दैलेख	७,७२४,४३३.२८	२४,६७३,२३१.९५	३६,१२६,७२१.६०	०.१९
८	जुम्ला	१३,२२२,३५०.००	२०,७१८,५११.००	३६,५३३,६८२.४४	०.१९
९	सल्यान	११,५११,९०८.७०	२९,४९७,९४२.९३	३३,७००,४६२.००	०.२०
१०	सुर्खेत	४,८०३,६८०,६९०.४१	६,६१९,८०७,८९५.९४	२५,०१२,२८०,३७८.६२	९८.७४

स्रोत : प्रदेश लेखा नियन्त्रक कार्यालय,सुर्खेत

परिच्छेदः चार

अन्तर प्रदेश राजस्व नीतिको तुलना

प्रदेशहरूले उठाउने राजस्वको क्षेत्राधिकार एउटै प्रकृतिको भए तापनि राजस्व सम्बन्धी नीति, करारोपणको दायरा, दरहरु र छुटहरु प्रदेशगत रूपमा फरक फरक हुने हुँदा यस सम्बन्धमा आर्थिक ऐन, २०७९ र बजेट वक्तव्यका प्रकाशनहरुको विश्लेषण गर्दै अन्य प्रदेशहरूका प्रावधानहरुबाट कर्णाली प्रदेशले अबलम्बन गर्न सक्ने पाठ (Lesson) पहिल्याउनु नै यस परिच्छेदको मूलभूत उद्देश्य हो।

४.१ प्रदेशगत रुपमा राजस्व नीतिहरुको तुलना

नेपालका सबै प्रदेशहरूले आर्थिक वर्ष २०७९/०८० को राजस्व नीति तर्जुमा गर्दा बेहाय बमोजिमका नीतिहरुलाई आआफ्ना दस्तावेजमा उल्लेख गरेका छन् ।

- क) आय आर्जनका गतिबिधि लगायत प्राकृतिक स्रोतबाट प्राप्त हुने आन्तरिक राजस्व संकलनको दायरा वृद्धि गर्ने ।
- ख) सरलीकृत कर प्रणालीको विकास गरी आन्तरिक स्रोतको परिचालनमा जोड दिने
- ग) प्रदेशमा करका क्षेत्र पहिचान गरी प्रदेश कर कानूनको व्यवस्था ।
- घ) प्रशासनिक संरचना मार्फत करदाता शिक्षामा जोड दिदै कर तथा गैरकर असुली तथा संकलन कार्य प्रभावकारी र करदाता मैत्री मनाइने ।
- ङ) कर प्रशासनलाई चुस्त, छरितो र लागत प्रभावी बनाइने ।
- च) प्रदेशको आफ्नै संरचना स्थापना नभएसम्म संघीय सरकार तथा स्थानीय तहका संरचना मार्फत समन्वयात्मक रुपले कर असुली गरिने।
- छ) प्रदेशमा स्रोतको संभावना, प्रदेशको राजस्व अधिकार र अर्थतन्त्रमा प्रदेशमा पुग्न सक्ने योगदानको अध्ययन अनुसन्धान गरिने।
- ज) कर तथा गैरकर राजस्वको दायरा विस्तारको संभाव्यताका आधारमा दर समायोजन गरिने।
- झ) राजस्व प्रशासनमा काम गर्ने जनशक्तिको क्षमता विकास गर्ने।
- ञ) राजस्व चुहावट नियन्त्रण गर्ने ।
- ट) राजस्व संकलन र प्रतिवेदन प्रणाली सूचना प्रविधि मैत्री मनाउने।

४.२ प्रदेशगत रुपमा देखिएका करका आधारहरु

यस अन्तरगत प्रदेशगत रुपमा आर्थिक ऐनहरु अध्ययन गरी तिनीहरुको कर आधार (Tax Base) विश्लेषण गर्दा देहाय बमोजिम देखिएको छ :

तालिका नं.४.२ प्रदेशगत आर्थिक ऐनमा कर आधारको तुलना

सि.न.	करका आधारहरु	कोशी प्रदेश	मधेश प्रदेश	बागमती प्रदेश	गण्डकी प्रदेश	लुम्बिनी प्रदेश	कर्णाली प्रदेश	सुदुरपश्चिम प्रदेश
१	घर जग्गा रजिष्ट्रेशन दस्तुर	लगाएको	लगाएको	लगाएको	लगाएको	लगाएको	लगाएको	लगाएको
२	सवारी साधन कर	लगाएको	लगाएको	लगाएको	लगाएको	लगाएको	लगाएको	लगाएको
३	मनोरन्जन कर	लगाएको	लगाएको	लगाएको	लगाएको	लगाएको	लगाएको	लगाएको
४	विज्ञापन कर	लगाएको	लगाएको	लगाएको	लगाएको	लगाएको	लगाएको	लगाएको
५	कृषि आयमा कर	छैन	छैन	लगाएको	लगाएको	लगाएको	लगाएको	लगाएको
६	दहत्तर वहत्तर	लगाएको	लगाएको	लगाएको	लगाएको	लगाएको	छैन	छैन
७	पर्यटन शुल्क	लगाएको	लगाएको	लगाएको	लगाएको	लगाएको	लगाएको	लगाएको
८	वनपैदावार बिक्री शुल्क	लगाएको	छैन	छैन	छैन	छैन	छैन	छैन
९	शुल्क	लगाएको	लगाएको	लगाएको	लगाएको	लगाएको	लगाएको	लगाएको
१०	दस्तुर	लगाएको	लगाएको	लगाएको	लगाएको	लगाएको	लगाएको	लगाएको
११	वातावरण तथा औधोगिक व्यवस्थापन दस्तुर	छैन	छैन	छैन	छैन	लगाएको	छैन	छैन
१२	दण्ड जरिबाना	लगाएको	लगाएको	लगाएको	लगाएको	लगाएको	लगाएको	लगाएको

स्रोतः सबै प्रदेशको आर्थिक ऐन,२०७९

सबै प्रदेशको करका आधारहरूको तुलना गर्दा घरजग्गा रजिस्ट्रेशन शुल्क, सवारी साधन कर र विज्ञापन करका आधारहरु उस्तै देखिएका छन् । मनोरन्जन करका आधारमा वागमती प्रदेशमा क्यासिनोमा प्रवेश गर्ने ग्राहकबाट प्रतिव्यक्ति प्रवेश शुल्क रु.५० असुल गर्ने गरी आधार थप गरेको देखियो । मनोरन्जन करका आधारमा लुम्बिनी प्रदेशमा टि भि, केवल नेटवर्क मा शुल्कको १ प्रतिशत र डिश टि भि को हकमा रिचार्ज रकमको २ प्रतिशत असुल गर्ने गरी आधार थप गरेको देखियो । मनोरन्जन करका आधारमा सुदूर पश्चिम प्रदेशमा डिजिटल टि भि जडानमा प्रति ग्राहक रु ५० असुल गर्ने गरी आधार थप गरेको देखियो ।

कोशी र मधेश प्रदेशमा वन पैदावार बिक्री शुल्क लगाइ अन्य प्रदेशहरु भन्दा थप आधारमा शुल्क असुल गरेको देखियो । वागमती, गण्डकी र लुम्बिनी प्रदेशले कृषि आयमा कर लगाएका छन् भने अरू प्रदेशहरुले यो कर लगाएको देखिएन ।

कोशी प्रदेशको आर्थिक ऐन, २०७९ को दफा ७ मा वन पैदावार शुल्कको व्यवस्था गरी सो शुल्क वन कार्यालयले उठाउने र प्रदेश संचित कोषमा दाखिला गर्नुपर्ने व्यवस्था गरिएको छ । वन पैदावार बिक्री शुल्कतर्फ आ.व. २०७९/०८० मा नदिनाला खोलाले बगाएर ल्याएको काठमा प्रति क्यू.फिट रु.३००,

KAMALA Solution &

त्यस्तो बगाएर ल्याएको कुकाठमा प्रति क्यू. फिट रु.१००, त्यस्तो बगाएर ल्याएको दाउरामा प्रति किलोग्राम रु.३ लगाइएको छ । त्यसैगरी निजी वनबाट कटान भइ बिक्री हुने गोलिया काठमा छोडपूर्जी हुँदाका बखत प्रति क्यू. फिट साल र खयरको हकमा रु.५ र अन्य प्रजातीमा रु. २ का दरले सेवाशुल्क लगाई वन कार्यालयले संकलन गर्नुपर्ने व्यवस्था छ । वन पैदावार बिक्री शुल्कतर्फ नै प्रदेशभित्रको सबैखाले राष्ट्रिय वनको वन पैदावार स्वीकृत कार्ययोजना बमोजिम उपभोक्ताको आन्तरिक खपत बाहेक अन्यन्त्र बिक्री गर्दा साल र खयर जातमा रु.५ र अन्य प्रजातीको हकमा प्रति क्यूफिट रु.२ का दरले प्रदेश सेवाशुल्कको रुपमा छोडपूर्जी जारी गर्दा वन कार्यालयले संकलन गर्नुपर्ने व्यवस्था गरिएको छ ।

मधेश प्रदेशको आर्थिक ऐन, २०७९ को दफा ८ बमोजिम वन पैदावार शुल्क लगाउने व्यवस्था भएको छ । ऐनको यस दफामा प्रदेश वन ऐन, २०७७ तथा नियमावली बमोजिम काष्ठ पैदावार गैर काष्ठ वन पैदावार वा चट्टान, माटो , नदीजन्य र खनिजजन्य पदार्थको उपयोगबाट लगाइने सेवा शुल्क तथा अन्य दस्तूर लगाउने र असूल गर्ने सम्बन्धी व्यवस्था सोही ऐन तथा नियमाली बमोजिम हुनेगरी वन पैदाबार शुल्क लगाइएको पाइन्छ ।

वागमती प्रदेशको आर्थिक ऐन, २०७९ को दफा ६ ले कृषि आयमा कर लगाउने व्यबस्था गरेको छ। सोही दफाको उपदफा १ ले स्वयं घोषणा गरी आफ्नो कृषि आय प्रस्तुत गर्ने कृषकहरुको लागि कृषि आयमा कर लगाइने र असूल उपर गरिने व्यवस्था गरिएको छ । यस्तो कर कृषि विकास कार्यालयले संकलन गरी प्रदेश संचित कोषमा दाखिला गर्नुपर्ने व्यवस्था गरिएको छ । करको दर कायम गर्दा रु.५ लाख सम्मको वार्षिक कृषि आयमा करछुट गरिएको छ । त्यसपछिको ५० लाखसम्मको आयमा १.५ प्रतिशत र ५० लाखदेखि १ करोडसम्म १.७५ प्रतिशत र कुल आय रु.१ करोडभन्दा माथिको आयमा २ प्रतिशत कर लगाइ असूली गरिने व्यवस्था छ ।

वार्षिक ५ लाखभन्दा बढीको प्रारम्भिक कृषि उपजबाट आय आर्जन गर्ने प्राकृतिक व्यक्तिले आर्थिक वर्ष समाप्त भएको ३ महिनाभित्र सम्बन्धित कृषि विकास कार्यालयमा स्वयं कर घोषणा गरी आय विवरण र सो मा लाग्ने कर सहित पेश गर्नुपर्ने र पेश हुनआएको विवरण तथा कर दाखिला सम्बन्धी विवरण सम्बन्धित केन्द्रले अर्को महिनाको ३० गतेभित्र आर्थिक मामिला तथा योजना मन्त्रालयमा पठाउनुपर्ने व्यवस्था गरिएको छ ।

वागमती प्रदेशमा जस्तै कृषि आयमा कर सम्बन्धी व्यवस्था गण्डकी र लुम्बिनीमा पनि गरिएको पाइन्छ। करछुटको सम्बन्धमा भने गण्डकी प्रदेशमा रु.१० लाखसम्म र लुम्बिनी प्रदेशमा रु.५ लाखसम्मको आयमा करछुट दिइएको पाइन्छ ।

लुम्बिनी प्रदेशले प्रदेशभित्र सिमेन्ट उत्पादन गर्ने उद्योगले उत्पादित सिमेन्ट उद्योगबाट निकासी गर्दा प्रतिवोरा (पचास के.जी.) मा एक रुपैंयाको दरले वातावरण तथा औद्योगीकरण व्यवस्थापन दस्तुर लगाई असूल गर्ने र उक्त दस्तुर उद्योग रहेको जिल्लास्थित घरेलु तथा साना उद्योग कार्यालयमा त्रैमासिक रुपमा दाखिला गर्ने व्यवस्था गरेको छ भने अन्य प्रदेशमा यो कर लगाइएको छैन् ।

४.३ प्रदेशका करका दरहरुको तुलना

सवारी साधन कर तर्फ निजी सवारी साधनमा कार, जिप, भ्यान, माइक्रो बसको वार्षिक कर दर १००० सी.सी सम्मको सवारी साधनमा कर्णाली, लुम्बिनी र सुदूरपश्चिम प्रदेशमा रु २० हजार, सुदुरपश्चिम प्रदेश, गण्डकी र वागमती प्रदेशमा रु.२२ हजार र कोशी प्रदेश मा रु.२२ हजार १ सय वार्षिक कर दर रहेको छ । सवारी साधन कर तर्फ नै भाडामा दर्ता भएका सवारी साधनमा कार, जिप, भ्यान, माइक्रो बसको वार्षिक कर दर १३०० सी.सी. सम्मको सवारी साधनमा कर्णाली प्रदेशमा रु.८ हजार लुम्बिनी र मधेश प्रदेमा रु ८५००, कोशीमा रु ९०००र सुदुर पश्चिम, गण्डकी र वागमतीमा रु.११००० हजार वार्षिक कर दर रहेको छ । सवारी साधन कर तर्फको आर्थिक वर्ष २०७९/०८० को सबै प्रदेशहरूको दरको तुलनाको विस्तृत विवरण अनुसूची २ मा उल्लेख गरिएको छ ।

घरजग्गा रजिष्ट्रेशन दस्तुर तर्फ राजिनामा, सट्टापट्टा र संगोलनामाको लिखतमा अरु सबै प्रदेशमा ४ प्रतिशत कर रहे पनि वागमती र कर्णाली प्रदेशमा ४.५ प्रतिशत रहेको छ । घरजग्गा रजिस्ट्रेशन दस्तुरतर्फ नै सामुहिक आवास योजना अन्तर्गत निर्मित भवन सहितको घरजग्गाको लिखतमा थैली अंकमा कोशीमा १, वागमतीमा प्रदेशमा ४.५ प्रतिशत र अन्य सबै प्रदेशमा २ प्रतिशत रहेको छ । छोडपत्र दर्ताफारी (संयुक्त दर्तावाला बीचको) लिखितको थैली अंकमा वागमती र कर्णालीमा २.५ प्रतिशत र अन्य सबै प्रदेशमा २ प्रतिशत दर रहेको छ । घरजग्गा रजिष्ट्रेशन दस्तुर तर्फको आर्थिक वर्ष २०७९/०८० को सबै प्रदेशहरुको दरको तुलनाको विस्तृत विवरण अनुसूची ३ मा उल्लेख गरिएको छ ।

मनोरन्जन कर तर्फ चलचित्र प्रदर्शन गर्दा दर्शकहरुमा प्रति टिकट कोशी प्रदेशमा ३ प्रतिशत र अन्य सबै प्रदेशमा ४ प्रतिशत रहेको छ । सांस्कृतिक प्रदर्शन, दोहोरी सांझ, डान्सवार, कन्सर्ट, नाचघर भिडियों थियटर, पार्कको प्रवेश टिकट मूल्यमा कोशी प्रदेशमा ३ प्रतिशत, लुम्बिनीमा प्रति व्यक्ति २५ रुपैया र अन्य सबै प्रदेशमा ५ प्रतिशत कर दर रहेको छ । मनोरन्जन कर तर्फको आर्थिक वर्ष २०७९/०८० को सबै प्रदेशहरूको करको तुलनाको विस्तृत विवरण अनुसूची ४ मा उल्लेख गरिएको छ ।

४.४ प्रदेशका करमा दिइएको छुटहरुको तुलना

आर्थिक वर्ष २०७९/०८० मा सवारी साधन कर तर्फ सवारी साधन बिग्रेको वा अन्य कुनै कारणले संचालन नगरेको भनि नेपाल सरकार वा प्रदेश सरकारले ठहराएको कुनै व्यक्ति वा संस्थालाई संचालन नभएको अवधिभर सवारी साधन कर नलगाउने, अपागंता भएको व्यक्तिले प्रयोग गर्ने १५० सि सि सम्मका सवारी साधनमा सवारी साधन कर नलगाउने व्यवस्था सबै प्रदेशमा छ ।

कर्णाली र लुम्बिनी प्रदेशले विद्युतीय माध्यमद्वारा संचालित सवारी साधनमा कर पूर्ण रुपमा छुट दिएको छ भने अन्य सबै प्रदेशले लगाएको पाइएको छ । सवारी साधन कर तर्फ नै भाडाका वस, मिनीवस तथा माइक्रोवसका सवारी साधनले विद्यार्थीलाई सहुलियतको रूपमा भाडामा छुट दिए वापत त्यस्ता सवारी साधनका धनीले तिर्नु पर्ने सवारी साधन करमा कर्णालीले ५० प्रतिशत, सुदुर पश्चिम र गण्डकीले ३३ प्रतिशत र अरु सबै प्रदेशमा ६० प्रतिशत छुट दिएता पनि मधेश प्रदेशले दिएको छैन् ।

जुनसुकै सवारी साधनका धनीले चाहेमा लाग्ने सवारी साधन कर प्रचलित दरका आधारमा एकमुष्ट रुपमा एकैपटक भुक्तानी गरी नवीकरण गराएमा लाग्ने सवारी साधन करमा सुदूरपश्चिम र गण्डकी प्रदेशले २ वर्षको एकै पटक तिरेमा १५ प्रतिशत, कर्णाली, कोशी र बागमती प्रदेशले ५ वर्षको एकै पटक तिरेमा १० प्रतिशत छुट, र लुम्बिनी प्रदेशले ३ वर्षको तिरेमा १० प्रतिशत छुटको व्यवस्था गरेको छ।

ढुवानी कार्य संचालन गर्ने गरी दर्ता भएका प्रा.लि. कम्पनीहरूले सञ्चालन गर्ने १० टन भन्दा माथिका बन्द कन्टेनर र ठूला ट्रकहरूले तिर्ने सवारी साधन करमा कर्णाली प्रदेशले २५ र मधेश प्रदेशले २० प्रतिशत छुट दिएका छन भने अन्य कुनै पनि प्रदेशले छुट दिएका छैनन्।

आर्थिक वर्ष २०७९/०८० मा घरजग्गा रजिष्ट्रेशन दस्तुरमा जलविद्युत, सौर्य, कृषि, जडिबुटी एवम फलफूल उद्योगको नाममा खरीद गर्दा लाग्ने लिखत पारित गर्दा लाग्ने रजिष्ट्रेशन शुल्कमा सुदुर पश्चिम, वागमती, मधेश र गण्डकी प्रदेशले ५० प्रतिशत छुट दिएको छ भने कर्णाली, लुम्बिनी र कोशीले ७५ प्रतिशत छुट दिएका छन् ।

वैदशिक रोजगारीबाट वैंकिङ्ग प्रणाली मार्फत रेमिट्यान्स प्राप्त भएको वैंकको प्रमाणित कागजातको आधारमा त्यस्तो रेमिट्यान्सबाट खरीद हुने जग्गाको लिखतमा सुदुर पश्चिम प्रदेश र वागमती प्रदेशले छुट दिएको छैन भने अन्य सबै प्रदेशले २५ प्रतिशत रजिष्ट्रेशन दस्तुर छुट दिएको छ ।

जनआन्दोलन, जनयुद्द, मधेश आन्दोलनमा सहादत्त प्राप्त गरेका शहिद, आश्रित छोरा-छोरी, माता पिता तथा पति-पत्नीका नाममा स्वामित्व प्राप्त हुने गरी पारित हुने लिखतमा लाग्ने सबै प्रकारको शुल्क पूर्ण रुपमा छुट दिने व्यवस्था सबै प्रदेशमा छ ।

३०० जना भन्दा बढी व्यक्तिलाई प्रत्यक्ष रोजगार दिने उत्पादनमूलक उद्योग स्थापना वा विस्तार गर्नका लागि जग्गा खरीद गर्दा लाग्ने रजिष्ट्रेशन शुल्कको लिखतमा सुदुरपश्चिम र गण्डकी प्रदेशले पूर्ण छुट दिएका छन, लुम्विनी र कोशी प्रदेशले ७५ प्रतिशत छुट दिएका छन, कर्णाली र वागमती प्रदेशले ५० प्रतिशत छुट दिएका छन भने मधेश प्रदेशले यस सम्वन्धमा कुनै व्यवस्था गरेको देखिएन् ।

घरजग्गा रजिष्ट्रेशन दस्तुर तर्फ नै अपाङ्गता भएका व्यक्ति, दलित एवम पिछडिएका जाती भनी स्थानीय तहबाट प्रमाणित भएको सिफारिसमा आधिकारीक प्रमाणको आधारमा तिनीहरूको नाममा स्वामित्व प्राप्त हुँदा असुल गरिने घर जग्गा रजिस्ट्रेशन दस्तुरमा कोशी प्रदेश, मधेश प्रदेश, वागमती, गण्डकी, कर्णाली र सुदूरपश्चिम प्रदेशमा पच्चीस प्रतिशत छुट दिईने व्यवस्था छ भने लुम्बिनी प्रदेशमा ५० प्रतिशत छुट दिने व्यवस्था छ ।

महिला, सत्तरी वर्ष भन्दा बढी उमेरका ज्येष्ठ नागरिक र नाबालकको नाममा जुनसुकै प्रकारबाट स्वामित्व प्राप्त हुने गरि पारित हुने लिखतमा लगाइएको रजिस्ट्रेशन दस्तुरमा सबै प्रदेशमा पच्चीस प्रतिशत छुट दिइने व्यवस्था छ ।

सहकारी ऐन बमोजिम दर्ता भई संचालनमा रहेका सहकारी संस्थाले आफ्ना शेयर सदस्यबीच ऋण लगानी गर्दा थैली अंकमा रोक्का दस्तुर बाहेक सेवा शुल्क छुट हुनेछ । यस्तो रकम कर्णाली र वागमती प्रदेशले

५ लाख, सुदुरपश्चिम र गण्डकी प्रदेशले ३० लाख, मधेश र लुम्विनी प्रदेशले १० लाख रुपैया तोकेका छन भने कोशी प्रदेशले छुट दिएको छैन ।

आर्थिक वर्ष २०७९/०८० मा कोशी, मधेश र कर्णाली प्रदेशले कृषि आयमा कर लगाएका छैनन भने गण्डकी र सुदुरपश्चिम प्रदेशले १० लाखसम्म नलगाएका, १० देखि २० लाखसम्म १ प्रतिशत र २० लाख भन्दा माथिको आयमा २ प्रतिशत कर लगाएका छन भने लुम्विनी प्रदेशले घोषित आयको १० लाखसम्म छुट, १० देखि १५ लाख सम्म २ प्रतिशत, १५ देखि २० लाख सम्मकोमा ५ प्रतिशत तथा घोषित आय रू.२०,००,०००।- भन्दा माथिको हकमा पहिलो २० लाखसम्म ५ प्रतिशत त्यसपछिको २० लाखमा २%, र त्यसभन्दा माथिको जुनसुकै रकममा ३% का दरले कर लाग्ने व्यवस्था गरेको । यसैगरी बागमती प्रदेशले ५ लाख सम्म लगाएको छैन भने ५ देखि ५० लाखसम्म १.५ प्रतिशत ,५० देखि १ करोड सम्मको आयमा १.७५ प्रतिशत र १ करोडभन्दा माथी २ प्रतिशत कर लगाउने व्यवस्था गरेको पाइयो ।

४.५ कर्णाली प्रदेशका लागि पाठ :

माथि उल्लिखित ७ प्रदेशहरूको राजस्वको दायरा, कर र छुटहरुको विवेचनाबाट कर्णाली प्रदेशले देहायका नियमहरुमा पुनर्विचार गर्न सक्ने देखिन्छ:

क) कोशी प्रदेशमा जस्तै वन पैदावार बिक्री शुल्क लगाउन सक्ने विषय ।
ख) बागमती, गण्डकी र लुम्बिनी प्रदेशले प्रारम्भ गरेको कृषि आयमा कर लगाउने विषय ।
ग) मनोरन्जन करमा TV cable Network, डिजिटल टिभि जडान, सांस्कृतिक प्रदर्शन, भिडियो कर, पार्कको प्रदेश जस्ता कराधारमा समावेश हुन सक्ने विषय ।
घ) घरजरग्गा रजिष्ट्रेशन दस्तुर सामुहिक आवासमा निर्मित घरजग्गा रजिस्ट्रेशन, छोडपत्र जस्ता विषयको दरमा परिवर्तन हुन सक्ने विषय ।
ङ) सवारी साधन करको दरमा पुनरावलोकन हुन सक्ने विषय।
च) सवारी साधन करमा दिएको छुट र घरजग्गा रजिष्ट्रेशन शुल्कमा दिइएको छुटमा पुनरावलोकन गर्ने विषय (सार्वजनिक यातायातका रूपमा संचालन गर्ने गरी दर्ता भएका सार्वजनिक वसहरुमा दिइएको २५ प्रतिशत छुट, १० टन भन्दा माथिका बन्द कन्टेनर र ठूला ट्रकहरूलाई दिइएको २५ प्रतिशत छुट, रेमिटयान्सबाट खरीद हुने जग्गाको लिखतमा दिइएको २५ प्रतिशत छुट आदि)
छ) सार्वजनिक भाडाका यात्रु वाहक र माल वाहक सवारी साधनको भार वहन क्षमता र सडकको क्षमता भन्दा अधिक भार बोकेका सवारी साधनलाई जरिवाना लगाउन सक्ने विषय ।
ज) लुम्विनी प्रदेशमा जस्तै बातावरण तथा औद्योगिक व्यवस्थापन दस्तुर लगाउने विषयका अतिरिक्त कृषि र गैर कृषि मा टेक्टरको फरक कर दर निर्धारण गर्न सकिने विषय ।
झ) भाडाका सवारी साधनले विद्यार्थी, जेष्ठ नागरिक, अशक्त तथा अपांगता भएका व्यक्तिहरुलाई सहुलितको रुपमा भाडामा छुट दिए वापत त्यस्ता सवारी साधनका धनीले तिर्नु पर्ने सवारी साधन करमा ५० प्रतिशत छुट दिइएकोमा वास्तविक रुपमा छुट पाइने नगरेकोले आगामी आ.व. देखि

KAMALA Solution

नै छुट प्रतिशत घटाई ३३ प्रतिशतमा ल्याउने र दीर्घकालमा सहुलियत प्रदान नगरेमा छुट सहुलियत प्रदान गर्न उपयुक्त नदेखिएको ।

परिच्छेदः पांच

प्रदेशको आय संकलनको संस्थागत क्षमता तथा संकलनको अवस्था

५.१ राजस्व परिचालन सम्वन्धी कानुनहरु

राजस्व प्रणालीलाई वैधानिकता तथा वैधता प्रदान गरी नियमसंगत तरिकाले राजस्व असूल गर्न र विधिसम्मत तरिकाले समग्र राजस्व प्रणालीलाई परिचालनका लागि नेपालको संविधान मूल कानुनका रुपमा रही अन्य विभिन्न ऐन तथा नियमहरुका आधारमा प्रदेशले राजस्व परिचालन गर्ने गरेको छ ।संघ बाट जारि भएका अन्तरसरकारी वित्त व्यवस्थापन ऐन, सार्वजनिक खरीद ऐन तथा नियम लगायतका कानुनका अतिरिक्त यहां प्रदेशबाट जारी भएका मुख्य मुख्य ऐन नियमहरुलाई मात्र उल्लेख गरिएको छ । जसलाई निम्नानुसार उल्लेख गर्न सकिन्छ :

क) कर्णाली प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४

ख) कर्णाली प्रदेश कर तथा गैर कर राजस्व सम्वन्धी ऐन, २०७५

ग) प्रत्येक आ.व. मा जारी गरिने आर्थिक ऐन

घ) कर्णाली प्रदेश सुशासन ऐन,२०७६ तथा नियमावली, २०७९

ङ) कर्णाली प्रदेश सार्वजनिक र निजी साझेदारी ऐन,२०७७ तथा नियमावली, २०७८

च) कर्णाली प्रदेश सार्वजनिक खरीद नियमावली, २०७८

छ) प्रदेश पर्यटन ऐन,२०७८

ज) कर्णाली प्रदेश वन ऐन,२०७८

झ) प्रदेश औद्योगिक व्यवसाय ऐन, २०७८ तथा नियमावली, २०८०

ञ) प्रदेश व्यापार व्यवसाय (दर्ता तथा संचालन) ऐन, २०७८ तथा नियमावली, २०७९

५.२ राजस्व परिचालन सम्वन्धी नीति

प्रदेशको राजस्व प्रणालीलाई व्यवस्थित तरिकाले संचालन गर्नका लागि नेपालको संविधान, अन्तर सरकारी वित्त व्यवस्थापन ऐन तथा नियमावली एवम प्राकृतिक स्रोत तथा वित्त आयोगको विभिन्न नीतिगत निर्णयका अतिरिक्त अन्य कानुनी तथा नीतिगत परिधिभित्र रही प्रदेशका विभिन्न दस्तावेजमा राजस्व परिचालनका सम्वन्धमा निम्नानुसार नीतिहरु अवलम्वन गरेको देखिन्छ :

५.२.१. कर्णाली प्रदेश कर तथा गैर कर राजस्व सम्वन्धी ऐन,२०७५

कर्णाली प्रदेशको कर तथा गैर कर राजस्व सम्वन्धी ऐन,२०७५ ले तपसिलका सिद्धान्त अनुसार राजस्व लगाउने र उठाउने कुरा उल्लेख गरेको छः

(क) कर तिर्न सक्ने क्षमताको आधारमा,

(ख) समानता र न्यायमा आधारित रहेर,

(ग) सरल, पारदर्शी र मितव्ययी हुने गरेर,

(घ) नागरिकलाई सुविधा हुने किसिमबाट,

(ङ) स्वेच्छिक रुपमा कर तिर्ने वातावरण सृजना गरेर र

(च) करको आधार, करको दर र कर तिर्ने अवधि निश्चित गरेर ।

(२) गैरकर राजश्व लगाउँदा र उठाउँदा उपलव्ध गराइने सेवा, सहुलियत र सुविधाको लागत, संचालन र संभार खर्चलाई आधार मानी लगाइने र उठाइनेछ।

कर्णाली प्रदेश सरकारले यस ऐनमा उल्लेख भए बमोजिम घर जग्गा कर र सवारी साधन करको व्यवस्था पालना भएको देखिएको छ भने अन्य व्यवस्थाहरु पालना भएका देखिदैन् । पालना नभएका मुख्य विषयहरुमा संगठनात्मक पक्ष रहेको छ । यसमा व्यवस्था गरिए अनुसार ऐनको परिभाषा खण्डमा प्रदेशमा कर कार्यालयको परिकल्पना गरेको छ तर विद्यमान अवस्था हेर्दा मन्त्रालयमा एउटा महाशाखा मात्र रहेको त्यसमा पनि पदपूर्ति हुन नसकेको देखिन्छ ।

यसैगरी मनोरन्जन कर र विज्ञापन कर उठेको देखिदैन् । विज्ञापन करका विषयमा त ऐनको दफा १३ बमोजिम प्रदेश सरकारले सूचना पाटी (होर्डिङ बोर्ड) मा विज्ञापन कर लगाई असूल गर्न सक्ने व्यवस्था गरी विज्ञापन राख्न प्रदेश सरकारबाट अनुमती लिनु पर्ने व्यवस्था समेत गरेको छ । यस्तो कर भने स्थानीय सरकार मार्फत असूल गर्ने व्यवस्था गरेको । यसरी संकलन भएको करको बढीमा २ प्रतिशत प्रशासनिक खर्च कट्टा गरी स्थानीय तहले प्रदेश विभाज्य कोषमा दाखिला गर्ने व्यवस्था समेत गरेको । तर विज्ञापन करका सम्वन्धमा स्थानीय सरकार संचालन ऐन,२०७४ को दफा ६४ मा विज्ञापन करको दर निर्धारण तथा संकलन गाउंपालिका वा नगरपालिकाले गर्ने भन्ने उल्लेख भएको र उठाउने निकायले ६० प्रतिशत राख्ने व्यवस्था भएको तर प्रदेश ऐनमा २ प्रतिशत मात्र कट्टा गर्ने व्यवस्थाले संकलन र बाँडफाँडमा अन्यौलता भएकाले ऐन संशोधन गरी स्थानीय तहसंग सहकार्य गरी यस करको संकलन प्रदेश विभाज्य कोषमा ल्याउनु पर्ने देखिन्छ।

ऐनको दफा ४५ मा कर तथा गैर कर असूलीका लागि एकद्वार प्रणाली अपनाउन सकिनेछ भनि उल्लेख भएको हुंदा आगामी दिनमा सो तर्फ पहल कदमी चालेमा पालिकामा संकलन भएका करहरुमा पारदर्शीता आई प्रदेश विभाज्य कोषमा ल्याउन सहयोग पुग्नेछ ।

KAMALA Solution & Suppliers Birendranagar, Surkhet

ऐनमै माथि उल्लिखित विभिन्न सिद्धान्तहरुका आधारमा कर लगाउने र उठाउने व्यवस्था गरेता पनि व्वहारिक कार्यान्वयनको अवस्था भने कमजोर देखिएको हुंदा कार्यान्वयनमा अग्रसरता लिनु पर्ने देखिन्छ।

५.२.२. प्रथम पंचवर्षीय योजना अनुसार

कर्णाली प्रदेशको प्रथम पंचवर्षीय योजना २०७६/०७७-२०८०/०८१ अनुसार राजस्व परिचालनबाट आत्मनिर्भर, दीगो र सवल अर्थतन्त्रको निर्माण गर्ने सोच सहित निम्नानुसारका रणनीतिहरु अवलम्बन गरेको:

(क) राजस्वको दायरा फराकिलो बनाई राजस्व परिचालनमा दक्षता बढाउने ।
(ख) राजस्वलाई प्रदेश सम्वृद्धिको आधार बनाउने ।
(ग) राजस्व प्रणालीलाई लगानी एवम् व्यवसायी मैत्री बनाउने ।

५.२.३ आ.व. २०७९/८० को बजेट वक्तव्य

कर्णाली प्रदेश सरकारको आ.व. २०७९/०८० को बजेट वक्तव्यमा राजस्व परिचालनका सन्दर्भमा देहायका विषयहरु उल्लेख गरिएको छ :

(क) प्रदेशको आन्तरिक स्रोत परिचालनलाई प्रभावकारी बनाउन सङ्घीय तथा स्थानीय तहसंग समन्वय गरी नयाँ कानून तर्जुमा तथा मौजुदा कानूनमा सुधार गरिनेछ।

(ख) करको दायरा विस्तार गरिनेछ।

(ग) कर प्रणालीलाई सरलीकृत र सूचना प्रविधिमैत्री बनाइनेछ।

उल्लेखित सम्पूर्ण सिद्धान्त तथा नीतिहरुको आधारमा प्रदेशको आन्तरिक आय परिचालन हुंदै गएतापनि प्रदेशको कर तथा गैर कर सम्वन्धी ऐन, प्रथम पंचवर्षीय योजनाका रणनीति र प्रत्ये वर्ष बजेट वक्तव्यमा आउने नीति तथा कार्यक्रमको व्वहारिक कार्यान्वयनले आन्तरिक आय परिचालन थप प्रभावकारी बन्ने थियो ।

५.३ आय संकलनको संस्थागत क्षमता

राजस्व परिचालनका सन्दर्भमा संघ जसरी प्रदेशको छुट्टै संरचनागत व्यवस्था भएको पाइदैन् । प्रदेशको राजस्वको एकल अधिकारका रुपमा कृषि आयमा कर मात्र भएको र अन्य सबै राजस्व कुनै दुई तह वा तीनै तहका साझा अधिकारका रुपमा रहेको हुनाले समेत संरचनागत हिसावले छुट्टै संरचना खडा गरिएको देखिदैन् ।

प्रदेशमा आर्थिक मामिला तथा योजना मन्त्रालय अन्तर्गत वित्त व्यवस्थापन तथा राजस्व महाशाखा रहेको पाइन्छ ।जसमा अधिकृत ९/१० तह/प्रशासन/राजस्व १ जना दरवन्दी रहेको छ भने यस महाशाखा अन्तर्गत राजस्व व्यवस्थापन शाखा, वित्तीय विश्लेषण शाखा र सूचना प्रविधि शाखा रहेको छ । प्रदेशको राजस्वमा स्थानीय तहको पनि भूमिका हुने हुंदा सबै स्थानीय तहमा उपप्रमुख/उपाध्यक्षको संयोजकत्वमा

राजस्व परामर्श समितिको व्यवस्था गरिएको छ भने संगठनात्मक संरचनामा राजस्व शाखाको व्यवस्था गरी राजस्व असूल गर्ने गरिएको छ ।

राजस्वका विभिन्न शीर्षकहरुमध्ये सवारी साधन कर प्रदेशले नै संकलन गर्ने व्यवस्था भएकोमा प्रदेश यातायात कार्यालय र मातहतका यातायातका कार्यालय मार्फत राजस्व संकलन गर्ने गरिएको छ भने अन्य करहरु स्थानीय तहले असूल गरी बाँडफाँड गर्ने गरिएको छ । गैरकरहरु प्रदेशका मन्त्रालय तथा कार्यालयहरु एवम स्थानीय तहले असूल गर्ने गर्दछन् ।

विद्यमान संगठनात्मक अवस्था विश्लेषण गर्दा राजस्व असूल गर्ने निकायहरुको राजस्व असूलीमा प्रयोग भएका तालिम विनाका जनशक्ति र प्रयोग भएको प्रविधि हेर्दा सांगठनिक क्षमता कमजोर नै रहेको देखिन्छ । यातायात सेवामा प्रयोग हुने सफ्टवेयरले अपेक्षित सवारी चालक अनुमती पत्र बांडन मुस्किल रहेको, सवारी साधन सम्वन्धी कर तिर्दा लाग्ने लामो लाइन तथा कहिलेकाही सफ्टवेयरमा समस्या देखिई काम नै नहुने स्थिति बेला बेलामा पत्र पत्रिकामा पढन पाइने गरेको छ । यसैगरी यस प्रदेशको धेरै राजस्व संकलन हुने क्षेत्र वन क्षेत्रमा समेत सामुदायिक बनको कार्ययोजना एवम् वनमा उपलव्ध महत्वपूर्ण जडिबुटीको उपलव्धता तथा प्रयोग सम्वन्धि सूचना आधुनिक सूचना प्रणालीमा अभिलेख गर्न नसक्दा समेत अपेक्षित रुपमा आन्तरिक राजस्व परिचालन गर्न सकिएको छैन ।

आर्थिक मामिला तथा योजना मन्त्रालय कार्यक्षेत्र रहेको अर्थ तथा प्राकृतिक स्रोत समितिले मन्त्रालय र अन्तगर्तका निकायको राजस्व र व्यय सम्वन्धी अनुमानको जांच गरी वार्षिक अनुमान गर्ने तरिका, वार्षिक अनुमानमा नीहित नीतिको सट्टा अपनाउन सकिने वैकल्पिक नीति सम्वन्धमा सम्वन्धित निकायलाई आवश्यक निर्देशन दिने र आफ्नो राय सहितको वार्षिक प्रतिवेदन बैठकमा पेश गर्ने गरी काम कर्तव्य र अधिकार निर्धारण गरिएतापनि हालसम्म यस्तो कार्य गरेको पाइएको छैन ।अर्थ तथा प्राकृतिक स्रोत समितिका सदस्य सचिवबाट प्राप्त जानकारी अनुसार अघिल्लो कार्यकालमा भएका ८२ वटा बैठक र यस कार्यकालमा हालसम्म भएका ६ वटा बैठकहरु भए । यी बैठकहरुमा अर्थ विधेयक बाहेक अन्य आन्तरिक आय परिचालन सम्बन्धी ठोस रुपमा छलफल गरेको पाइएन् तसर्थ यो समिति राजस्व परिचालनका सन्दर्भमा निस्कृय जस्तै देखिएको हुंदा सक्रिय हुनु जरुरी छ भने प्रदेश तहमा कर तथा गैर करको स्रोतको पहिचान गर्ने देखि राजस्व चुहावट न्यूनीकरण र मितव्ययी तथा प्रभावकारी रुपले राजस्व परिचालन गर्ने जिम्मा प्रदेश तहमा मन्त्रालय तथा कार्यालयहरुको आर्थिक प्रशासन शाखाको हुने, स्थानीय तहहरुमा राजस्व शाखा र स्थानीय तहमा रहेको राजस्व परामर्श समितिको भएको हुंदा यिनीहरुको अझ सुदृढ रुपमा संस्थागत विकास गर्नु समेत उत्तिकै जरुरी छ ।

५.४ आन्तरिक आय परिचालन

नेपालको कूल ग्रार्हस्थ उत्पादनमा सबैभन्दा कम ४ प्रतिशत (२ खर्व २१ अर्व) योगदान रहेको कर्णाली प्रदेशमा आन्तरिक आयको अवस्था पनि कमजोर रहेको छ । आ.व. २०७६/०७७ देखि २०७९/०८०

KAMALA Solution & Suppliers Birendranagar, Surkhet

को चैत्र मसान्त महिनासम्मको कूल बजेटको तुलनामा आन्तरिक आयको योगदान औसतमा १.४५ प्रतिशत मात्र रहेको छ । विभिन्न आ.व. मा असूल भएको आयलाई अनुसूची ५ मा प्रस्तुत गरिएको छ ।

कर्णाली प्रदेशको आन्तरिक राजस्व असुलीको तथ्यांक विश्लेषण गर्दा, आर्थिक वर्ष २०७५/०७६ मा रु.७ करोड ४ लाख, आर्थिक वर्ष २०७६/०७७ मा रु.२३ करोड ४५ लाख, आर्थिक वर्ष २०७७/०७८ मा रु.६३ करोड ७५ लाख असुल भएको देखिन्छ । यो वृद्धि आर्थिक वर्ष २०७६/७७ मा ३३३ प्रतिशत र आर्थिक वर्ष २०७७/०७८ मा २७१ प्रतिशत हो ।यसैगरी २०७८/०७९ आन्तरिक आम्दानी (बाँडफाँडबाट प्राप्त मू.अ.क र अन्तशुल्क) वाहेक रु. ५ करोड ५४ लाख ९४ हजार भएकोमा आ.व.२०७९/०८० को चैत्र मसान्त सम्म रु. ३ करोड २२ लाख ३४ हजार असूली भएको देखिन्छ । यो वर्ष कोभिडको असर र विश्व्यापी रुपमा आएको मन्दीले गर्दा राजस्व असूली समेत न्यून भएको देखिन्छ । जसको फलस्वरुप गत आ.व. को मा चैत्र मसान्त सम्मा ५८.०९ प्रतिशत मात्र असूल भएको देखिन्छ।

विभिन्न आ.व. मा वृद्धि हेर्दा अवास्तविक वृद्धि जस्तो पनि देखिन्छ । यस्तो अवास्तविक वृद्धिको कारण खोतल्दा अघिल्ला वर्षहरुको असुल भएको वेरुजु रकम, स्थानीय तहमा विनियोजित भई खर्च हुन नसकी फिर्ता प्राप्त भएको रकम र गत विगत वर्षमा प्राप्त हुनु पर्ने रकम पछिल्लो वर्षमा प्राप्त भएकोले पनि यस्तो अवस्था देखियो । यसका अतिरिक्त, अन्य राजस्व शिर्षकमा उल्लेख्य राजस्व जम्मा भएको तर त्यस्तो राजस्वको एकिन स्रोत पनि फेला परेन भने प्रदेश लेखा नियन्त्रक कार्यालयको प्रतिवेदन र आर्थिक मामिला तथा योजना मन्त्रालयको विभिन्न दस्तावेजमा उल्लेख भएको रकममा समेत फरक देखिदा अन्यौलता समेत सृजना भएकाले वेरुजु, अनुदान फिर्ता लगायतको रकम कटाएर यथार्थ समेत भिडान गरी राजस्वको प्रवृति विश्लेषण गर्न आवश्यक देखिन्छ ।

५.५ राजस्व परिचालनमा रहेका सवालहरु

यस अध्ययन प्रतिवेदन तयार गर्ने सन्दर्भमा माथिका विभिन्न परिच्छेदमा गरिएका विवेचना र विश्लेषणका आधारमा कर्णाली प्रदेशको राजस्व परिचालनसंग सम्बन्धित केही मूलभूत सवालहरु विचारणीय देखिएका छन् जसलाई नयाँ तर्जुमा हुने राजस्व रणनीतिले सम्बोधन गर्न आवश्यक देखिन्छ ।सो अनुसार राजस्व परिचालनमा देखिएका मूलभूत सवालहरुलाई देहाय बमोजिम औंल्याउन सकिन्छ :

१. क्षेत्राधिकारमा कमी

नेपालको संविधानको अनुसूची- ६ ले प्रदेशलाई घरजग्गा रजिस्ट्रेशन शुल्क, सवारी साधन कर, मनोरञ्जन कर, विज्ञापन कर, पर्यटन, कृषि आयमा कर, सेवा शुल्क दस्तुर तथा दण्ड जरिवानावाट राजस्व प्राप्त गर्न अधिकार दिएको छ । अधिकारहरु मध्ये घरजग्गा रजिस्ट्रेशन शुल्क, सवारी साधन कर, मनोरञ्जन कर, विज्ञापन कर स्थानीय तहको अधिकार क्षेत्रमा पनि भएकोले अन्तरसरकारी वित्त व्यवस्थापन ऐन बमोजिम घरजग्गा रजिस्ट्रेशन शुल्क, मनोरन्जन कर र विज्ञापन करको प्रशासन स्थानीय तहले नै गर्ने हुँदा असुलीको ४० प्रतिशत मात्र प्रदेशले प्राप्त गर्ने अवस्था छ भने सवारी साधन करको प्रशासन प्रदेश स्वयंले गर्ने हुँदा

६० प्रतिशत प्रदेशले प्राप्त गर्ने प्रावधान छ । यसरी हेर्दा प्रदेशले यी करहरुमा एकल रुपमा परिचालन गर्ने क्षेत्राधिकार नै रहेको देखिदैन ।

मूलतः स्थानीय तहले असुल गरेको मनोरन्जन कर, विज्ञापन कर र दहत्तर बहत्तर लगायतका शीर्षकको राजस्व प्रदेश संचित कोषमा दाखिला नभएको अवस्था समेत छ । यसले गर्दा प्रदेशको सीमित क्षेत्राधिकार भित्रको राजस्व समेत प्रभावकारी रुपमा परिचालन हुन सकेको छैन ।

२. कृषिमा आयकर निष्प्रभावी

नेपालको संविधानको अनुसूची -६ ले प्रदेशलाई प्रदान गरेको क्षेत्राधिकार मध्ये कृषिमा आय कर मात्र एकल करको रुपमा देखिए तापनि यो पनि संघीय आयकर ऐन २०५८ को दफा ३ बमोजिम संघले कार्यान्वयन गरिरहेको अवस्था छ । नेपालको कृषि प्रणाली मूलतः परम्परागत र निर्वाहमुखी रहेको सन्दर्भमा बिगतमा पनि संघीय आयकर ऐनले यो क्षेत्रलाई करारोपण गर्न नसकेको र व्यवसायिक कृषि तथा पशुपालनबाट हुने आम्दानीमा लाग्ने कर पनि कानूनतः अस्पष्ट रहेबाट कर्णाली प्रदेशको आर्थिक ऐनले कृषिमा आयकर लगाएर पनि छुट दिइरहेको अवस्था छ । यसरी प्रदेशको क्षेत्राधिकार भित्रको कृषिको आय कर निष्प्रभावी रहेको अवस्था छ ।

३. साझा अधिकारको कानूनको अभाव

नेपालको संविधानको अनुसूची-७ ले संचार माध्यम, क्यासिनो चिठ्ठा, वीमा व्यवसाय, वन, उद्योग, खनिज तथा भौतिक पूर्वाधार, पर्यटन, चलचित्र, सिनेमा हललाई संघ तथा प्रदेशको साझा अधिकारको सूचीमा राखेको छ । त्यस्तै अनुसूची ९ ले सेवा, शुल्क, दस्तुर, दण्ड जरिवाना, पर्यटन शुल्क, प्राकृतिक स्रोतबाट प्राप्त रोयल्टी, खानी तथा खनिज, वन, जंगल, बन्यजन्तु, पुरातत्व, प्राचीन स्मारक र संग्रहालय, सवारी साधन अनुमती जस्ता नियम संघ, प्रदेश तथा स्थानीय तहको साझा अधिकार सूचीमा राखेको छ । करारोपणका यी विषयहरुमा कर सम्बन्धी स्पष्ट एकीकृत कानून नबनेको स्थितिमा प्रदेशको राजस्व प्रशासनमा अन्यौलता देखिएको अवस्था छ ।

४. राजस्व बाँडफाँडका हिस्साका आधारहरूको भारमा असन्तुलन

नेपालको संविधानको धारा २५१ को उपधारा (१) को खण्ड (क) ले संविधान र कानून बमोजिम संघीय संचित कोषबाट संघ, प्रदेश तथा स्थानीय सरकारबीच राजस्वको बाँडफाँड गर्ने विस्तृत आधार ढांचा निर्धारण गर्ने अधिकार राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगलाई प्रदान गरेको छ । यसर्थ नेपालको संविधान र राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग ऐन, २०७४ को अधिनमा रही आयोगले जनसङ्ख्या र जनसाङ्खिक विवरणलाई ६० प्रतिशत क्षेत्रफल (भूगोल) लाई १५ प्रतिशत, मानव विकास सूचकाङ्कलाई ५ प्रतिशत खर्चको आवश्यकतालाई ५ प्रतिशत, राजस्व सङ्कलनमा गरेको प्रयासलाई ३ प्रतिशत पूर्वाधार विकासलाई १० प्रतिशत र विशेष अवस्थालाई २ प्रतिशत भार (weightage) दिई आधारहरु तयार गरी राजस्व बाँडफाँडको हिस्सा सिफारिश गरेको अवस्था छ । यसो गर्दा आन्तरिक राजस्वको दायरा फराकिलो रहेका, सवारी साधन दर्ता र नवीकरण बढी हुने, घरजग्गाको मूल्यांकन र रजिस्ट्रेशनको कारोबार अधिक हुने,

KAMALA Solution & Suppliers Birendranagar, Surkhet

उल्लेख्य रूपमा आन्तरिक राजस्व उठाइरहेका र संघीय सरकारको आयोजना तथा कार्यक्रमहरु बढी पाइरहेका प्रदेशमा बढी नै राजस्व हिस्सा बाँडफाँड भइरहेको देखिन्छ । तर संघीय सरकारको लगानी कम रहेको, संघीय परियोजनाहरु पनि अत्यन्तै कम रहेको र भौगोलिक रूपमा जटिलता भई पूर्वाधार विकासमा चुनौती देखिएको कर्णाली प्रदेशमा १२.१ प्रतिशत हिस्सा मात्र संघीय राजस्व बाँडफाँड भएको अवस्था छ । कर्णाली प्रदेशले पाएको यो हिस्सा ७ वटा प्रदेशमा सबैभन्दा कम हिस्सा हो भने सबैभन्दा बढी पाउनेको हिस्सा १५.९ सम्म रहेको देखिन्छ । सात वटा प्रदेश मध्ये ४ वटा प्रदेशमा १५.५ देखि १५.९ सम्मको हिस्सा रहंदा ३ वटा प्रदेशमा १२.१ देखि १२.९ सम्मको हिस्सा परेकोमा कर्णाली प्रदेशमा सबैभन्दा कम १२.१ मात्र हिस्सा रहेको देखिन्छ । यसो हुनुको मूल कारण जनसंख्यालाई सबैभन्दा बढी भार ६० प्रतिशत भएबाट राजस्व बाँडफाँडमा करीव ३.८ बिन्दूको फरकले अन्तर देखिएको छ जुन अंक कर्णाली प्रदेशले ४ वर्षमा उठाउने आन्तरिक राजस्व भन्दा पनि वढी हुन आउँछ ।

यसैगरी प्राकृतिक स्रोतबाट यस प्रदेशले २५ प्रतिशत रोयल्टी वापत पाउने रकम पनि पर्वतारोहणबाट न्यून रकम आर्जन गरेको देखिन्छ । वन संरक्षित क्षेत्रतर्फ ढोरपाटन शिकार आरक्ष, बर्दिया राष्ट्रिय निकुन्ज, बांके राष्ट्रिय निकुन्ज, रारा राष्ट्रिय निकुन्ज से फोक्सुन्डो राष्ट्रिय निकुन्जबाट रोयल्टी आर्जन गरेको अवस्था छ । राष्ट्रिय वन तर्फ र खानी तथा खनिज तर्फ भने ज्यादै कम मात्रामा (रु.२० हजार भन्दा पनि कम) रोयल्टी आर्जन गरेको देखिन्छ तर विद्युत तर्फ भने द्वारी खोला बाट रु.२,०१,५१० प्राप्त गरेको देखियो । यसरी प्राकृतिक दृष्टिले हराभरा रहेको र प्राकृतिक सम्पदा प्रचुर मात्रामा रहेको यस प्रदेशमा खानी तथा खनिज र विद्युततर्फ नगन्य लगानी भएकोले अपेक्षित रुपमा रोयल्टी प्राप्त हुन सकेको छैन।

५. कमजोर सामाजिक आर्थिक अवस्था र पूर्वाधार विकास

कर्णाली प्रदेश नेपालको भूगोलको आधारमा सबैभन्दा ठूलो भएता पनि जनसंख्याको हिसावले कम जनसंख्या भएको प्रदेश हो । यो प्रदेशमा जम्मा १३.२ प्रतिशत खेती योग्य जमिन छ ।जसमध्ये कृषि वालीको उत्पादन ६.५ मात्र रहेको यस प्रदेशमा आर्थिक सर्वेक्षण २०७९/०८० अनुसार जम्मा ७९ वटा मात्र उद्योगहरु रहेका छन् । यसमा कूल ग्राहस्थ उत्पादनमा सेवा क्षेत्रको योगदान बढी भएतापनि विकासको संवाहकहरु यातायात, उद्योगधन्दाको अवस्था प्रदेशमा कमजोर रहेको छ । यसैगरी वित्तीय क्षेत्रका परिसूचकका आधारमा समेत कर्णाली प्रदेश कमजोर रहेको छ । यस प्रदेशमा सबैभन्दा कम ४५५ वटा बैंक तथा वित्तीय संस्था रहेका छन् । यसका साथै यो प्रदेशको औसत आयु र मानव विकास सूचकांक समेत अन्य प्रदेश भन्दा कमजोर रहेको छ ।

प्रदेश सरकारको सार्वजनिक खर्चको अवस्था पनि उत्साहपूर्ण छैन् ।आ.व. २०७८/०७९ मा प्रदेश सरकारले चालु तर्फ रु.९ करोड ३६ लाख ६६ हजार अर्थात विनियोजनको ६५.९८ प्रतिशत र पूंजीगततर्फ रु १५ अर्व ७ करोड १० लाख ५४ हजार अर्थात विनियोजित बजेटको ६१.७० प्रतिशत खर्च गरेको छ । विगत ५ आ.व. को औसत पूंजीगत खर्च ५५.३७ प्रतिशत छ भने यस आ.व.को खर्चको अवस्था अझ खस्केको देखिन्छ । यसरी हेर्दा कर्णाली प्रदेशको सामाजिक आर्थिक अवस्था र पूर्वाधार विकास राष्ट्रिय औसत अवस्था भन्दा कमजोर देखिन्छ ।

यसर्थ सामाजिक आर्थिक र पूर्वाधार विकासको अवस्थामा सुधार गर्नको लागि कर्णाली प्रदेशको प्रथम पंच वर्षीय योजनाले परिलक्षित गरेका कार्यक्रमहरुमा निजी क्षेत्रलाई आकर्षित गर्ने, संघीय सरकारको लगानी बढाउने र प्रदेश सरकारको लगानी प्रथमिकता प्राप्त क्षेत्रमा प्रवाह गर्ने रणनीति अख्तियार गरेमा आर्थिक गतिविधिहरुमा बढोत्तरी भइ राजस्वको दायरा विस्तार हुने देखिन्छ ।

६. राजस्व बाँडफाँडमा कानुनी समस्या

अन्तर सरकारी वित्त व्यवस्थापन ऐन २०७४ को दफा ५ लाई संघीय आर्थिक ऐन, २०७५ को दफा ३३ ले संशोधन गरी घरजग्गा रजिस्ट्रेशन शुल्क, मनोरन्जन कर विज्ञापन करबाट उठेको रकम मध्ये साठी प्रतिशत रकम गाउंपालिका वा नगरपालिकाले स्थानीय संचित कोषमा जम्मा गरी चालिस प्रतिशत रकम मासिक रुपमा प्रदेश संचित कोषमा जम्मा गर्नु पर्ने व्यवस्था गरिएको छ । प्रदेश र स्थानीय दुवै तहमा कुन स्थानीय तहले कति रकम असुल गर्यो र कति दाखिल गर्यो भन्ने प्रतिवेदन प्रणाली नै नरहेको देखियो । फलत: कर्णाली प्रदेशमा मनोरन्जन कर विज्ञापन करको दाखिला नै नभएको अवस्था छ। कुन स्थानीय तहबाट कति राजस्व रकम प्रदेश संचित कोषमा दाखिल हुनु पर्ने हो र कति दाखिला भयो भन्ने हिसाब समेत नरहेको अवस्था छ । यसले गर्दा प्रदेशको राजस्व स्थानीय तहबाट विचलन भइरहेको अनुमान छ।

७. घरजग्गा रजिस्ट्रेशन दस्तुर

अन्तर सरकारी वित्त व्यवस्थापन ऐन २०७४ को दफा ५ को खण्ड (ख) जमोजिम घरजग्गा रजिस्ट्रेशन शुल्कको दर प्रदेशले तोक्ने र गाउँपालिका वा नगरपालिकाले उठाउने र उठेको रकम मध्ये ६० प्रतिशत रकम गाउँपालिका वा नगरपालिकाले स्थानीय संचित कोषमा जम्मा गरी ४० प्रतिशत रकम मासिक रुपमा प्रदेश संचित कोषमा जम्मा गर्नु पर्नेछ । तर कानून वमोजिम प्रदेशले तोकेको दरमा घरजग्गा रजिस्ट्रेशन दस्तुर हालसम्म संघीय मालपोत कार्यालयले असुल गरी उपरोक्तानुसार विभाजन गरिदिएको अवस्था रहेकोले यो करको बाँडफाँडमा समस्या छैन । घरजग्गा रजिस्ट्रेशन दस्तुरलाई प्रभाव पर्ने २ वटा तत्व छन्- दर र मूल्यांकन । दरको हकमा प्रत्येक वर्ष आर्थिक ऐनले निर्धारण गर्ने हुँदा यसमा समस्या देखिदैन । तर घरजग्गाको मूल्यांकनको हकमा हाल पनि संघीयता कार्यान्वयन हुनु पूर्वको व्यवस्था कायम रहेको देखिन्छ।

नेपालको संविधान र संविधान जारी भएपछि बनेको ऐनले समेत घरजग्गा रजिस्ट्रेशनको सबै प्रशासन प्रदेश तथा स्थानीय तहलाई सुम्पेको अवस्थामा यो कार्य संघीय मालपोत कार्यालयले गरिरहेको अवस्था छ भने अर्कोतिर यसमा प्राप्त हुने राजस्व असुलीलाई प्रत्यक्ष प्रभाव पार्ने तत्वको न्यूनतम मूल्याङ्कन तोक्ने कार्यमा प्रदेश तथा स्थानीय तहको सहभागिता नभएबाट राजस्वको प्रक्षेपण र यसको असुलीमा नै प्रत्यक्ष असर परेको देखिन्छ ।

८. सवारी साधन कर

विगतमा यातायात व्यवस्था विभाग मातहतका यातायात व्यवस्था कार्यालयहरु हाल प्रदेशमा हस्तान्तरण भएका छन् भने यातायात व्यवस्था विभाग संघमा रहेको छ । हाल यातायात कार्यालयहरुले संघ र प्रदेश दुवैको काम गरिरहेको अवस्था छ । यस क्रममा प्रदेश यातायात व्यवस्था कार्यालयहरुले संघका लागि

KAMALA Solution & Suppliers

सवारी साधनमा लाग्ने संघीय आयकर र सडक निर्माण तथा मर्मत दस्तुर उठाइदिने र प्रदेशका लागि सवारी साधनको दर्ता र तिनीहरुको लाइसेन्स वापतको राजस्व नवीकरण लगायतका सवारी साधन कर उठाइदिने गर्दछन् । सवारी साधनको नवीकरण दस्तुर जसले जुन पनि प्रदेशमा बुझाउन पाउने व्यवस्थाले निश्चित प्रदेश मात्र लाभान्वित भएको अवस्था छ । कर्णाली प्रदेशको हकमा त विगतमा कर्णाली प्रदेशमा चल्ने अधिकांश सवारी साधन भेरी अंचल यातायात व्यवस्था कार्यालयमा दर्ता र नवीकरण भइरहेको हुँदा र उक्त कार्यालय हाल लुम्बिनी प्रदेश मातहत रहेकोले पनि यसमा प्राप्त हुनुपर्ने राजस्वमा निकै कमी देखिन्छ । तसर्थ, यातायात र सवारी साधनको प्रशासनमा संघ र प्रदेशवीच देखिएको जटिलता र प्रदेशगत राजस्व असुलीमा देखिएको भिन्नता समेतलाई दृष्टिगत गरी छुट्टै संघीय कानून तर्जुमा हुन आवश्यक देखिन्छ।

९. राजस्व दायरामा संकुचन

प्रदेशको राजस्वको क्षेत्राधिकार नै कमी रहको अवस्था एकातिर छ भने अर्कोतिर क्षेत्राधिकार भित्र पनि राजस्वको दायरा फरकिलो हुन सकेको छैन। कमजोर सामाजिक आर्थिक अवस्था यसका लागि ठूलो अवरोधको रुपमा रहेको छ। तथापि, हालको अवस्थामा पर्यटन शुल्क, मनोरन्जन करका सबै क्षेत्रहरुमा र वन पैदावारहरुमा थप कर तथा गैरकर लगाउने तर्फ सोच्न सकिने अवस्था छ ।

कर्णाली प्रदेशको आर्थिक ऐनले दिएका छुटका प्रावधानमा कति राजस्व छुट भयो भन्ने एकिन तथ्यांक छैन । तापनि, आर्थिक ऐनहरुबाट सम्बन्धित आर्थिक वर्षहरुमा लिइएका राजस्व छुटको सम्बन्धमा पर्याप्त औचित्य स्थापित भएको देखिदैन । यसका अतिरिक्त, संघले असुल गर्ने मूल्य अभिवृद्धि कर र आन्तरिक उत्पादनको अन्तःशुल्क राजस्वमा अधिक छुट भएको देखिन्छ । यो छुटले प्रदेशले प्राप्त गर्ने राजस्व बाँडफाँडको रकमको हिस्सामा पनि असर परेको स्पष्ट छ ।

१०. कमजोर संस्थागत क्षमता

प्रदेश राजस्वको असुली संग प्रत्यक्ष सम्वन्धित निकायहरु मूलतः संघीय मालपोत कार्यालयहरु, प्रदेश यातायात व्यवस्था कार्यालयहरु र स्थानीय तहहरु रहेका देखिन्छन् । यी निकायहरुको भौतिक पूर्वाधारमा सहजता र जनशक्ति क्षमतामा वृद्धि तथा प्रकृयागत सरलता आवश्यक देखिन्छ । यसका अतिरिक्त, प्रदेश लेखा नियन्त्रक कार्यालय र आर्थिक मामिला तथा योजना मन्त्रालयले उठेको र उठ्नु पर्ने राजस्वको निरन्तर हिसाब मिलान (Reconcile) गर्ने र समन्वय गर्ने प्रणालीको विकास अपरिहार्य देखिन्छ । साथै, प्रदेश राजस्व सम्बन्धी छुट्टै कानून तर्जुमा र मन्त्रालय मातहत रहेको राजस्व महाशाखालाई राजस्व सम्वन्धी जनशक्ति सहित थप सुदृढिकरण गर्न आवश्यक देखिन्छ ।

११. कर सहभागिता कम

कर्णाली प्रदेशले प्राप्त गर्ने राजस्व मध्ये मूलतः अनुदान प्राप्त गरी संचालनमा रहेका व्यवसायिक कृषि फर्महरु, होडिङ बोर्ड लगायतका कार्य गर्ने विज्ञापन व्यवसायीहरु र विविध मनोरन्जनात्मक सेवा प्रवाहमा संलग्न रहेका मनोरन्जनका क्षेत्रहरुमा कर सहभागिता नदेखिएको हुंदा यसतर्फ विशेष सजगता अपनाउनु पर्दछ ।

परिच्छेदः छ

कर्णाली प्रदेशमा राजस्व बढाउने संभावना र सुझाबहरु

६.१ कर्णाली प्रदेशमा राजस्व बढाउने संभावना र सुझाबहरु

राजस्व कर र गैरकरको कूल योग हो । प्रदेश सरकारले लगाउन सक्ने कर तथा गैरकर अन्तरसरकारी वित्त व्यवस्थापन ऐनको अनुसूची २ मा उल्लेख गरिएको छ । सोही अनुसारका शीर्षकहरुको संभावना र सुझावहरुलाई यस परिच्छेदमा उल्लेख गरिएको छ ।

६.१.१. करमा आधारित स्रोतहरू

६.१.१.१. मनोरञ्जन कर

वर्तमान अवस्था

कर्णाली प्रदेश सरकारले चलचित्र घर, भिडियो घर, सांस्कृतिक प्रदर्शन हल, कन्सर्ट जस्ता मनोरन्जन स्थलमा देखाइने मनोरन्जनका साधनमा मनोरन्जन कर लगाएको र सो कर मनोरन्जन स्थलको संचालकले मनोरन्जनको लागि टिकट विक्री गर्दाको अवस्थामा असुल गर्नु पर्ने व्यवस्था गरेको छ । मनोरन्जन कर गाउंपालिका वा नगरपालिकाले उठाइ ६० प्रतिशत स्थानीय तहलाई र ४० प्रतिशत प्रदेशलाई बाँडफाँड गरी पठाउनु पर्ने व्यवस्था रहेको छ । वीरेन्द्रनगर लगायत अन्य पालिकाहरुको मनोरन्जन कर एकदमै न्यून छ । स्थलगत छलफलका क्रममा आर्थिक मामिला तथा योजना मन्त्रालयमा हालसम्म मनोरन्जन कर वापतको रकम प्राप्त हुन आएको देखिएन् ।

नेपाल सरकारले वि.स. २०५२ मा मूल्य अभिवृद्धि कर ऐन,२०५२ जारी गर्दा मनोरन्जन कर ऐन,२०१७ खारेज गरी मनोरन्जन स्थलमा देखाइने मनोरन्जनका साधनमा मूल्य अभिवृद्धि कर लगाई सो कर अहिलेसम्म असूल गर्दै आएको छ । मूल्य अभिवृद्धि कर ऐन,२०५२ को प्रावधान यथावत राखी नेपालको संविधानले प्रदेश र स्थानीय तहलाई मनोरन्जन स्थलमा देखाइने मनोरन्जनका साधनमा मनोरन्जन कर असूल गर्ने अधिकार दिएकाले यो कर असुलीमा प्रदेश तहमा अपेक्षित प्रभावकारिता आएको देखिएन।

संभावना

मनोरन्जन करको संभावना शहरी क्षेत्रमा ज्यादा देखिन्छ। सिनेमा, डकुमेन्ट्री, मेला महोत्सव, नाचगृह, फनपार्क आदि ठांउहरुमा यो कर लगाउन सकिने छ। अतः डुंगा चलाउने, रयाफ्टिङ गर्ने, प्याराग्लाइडिङ, गायन महोत्सव, तिरेर पाइने टि.भी. सेवा, आदिमा मनोरञ्जन कर लगाउने संभावना समेत छ। प्रदेशको आयमा मनोरन्जन कर नआएको हुंदा प्रदेशको अभिलेख अनुसार हालसम्म मनोरन्जन कर शून्यकै स्थितिमा छ । यस अवस्थामा वीरेन्द्रनगर नगरपालिका, भेरीगंगा नगरपालिका लगायत शहरी क्षेत्रका नगरपालिकामा

KAMALA Solution & Suppliers Birendranagar, Surkhet

नगन्य मात्रामा कर उठेको भने देखिएको छ । आ.व. २०७८/०७९ मा यस कर तर्फ वीरेन्द्रनगरपालिकाले ३ हजार, गुर्भाकोटले २४ हजार र भेरीगंगाले ९७ हजार असूल गरेको देखिएको छ । यस सन्दर्भमा आगामी आ.व. मा वीरेन्द्रनगरको सिनेमा हलको रकम मात्र असूल हुंदा पनि प्रदेशमा हालको अवस्थामा रु ५ लाख जति वार्षिक कर आम्दानी हुने संभावना देखिन्छ ।

सुझाव

- प्रदेश सरकारले स्थानीय सरकारसंग मिली सिनेमा, डकुमेन्ट्री, मेला महोत्सव, नाचगृह, फनपार्क आदिको विकास र निर्माणमा जोड दिने।
- वीरेन्द्रनगर नगरपालिकाले विगत तीन आ.व. देखि लक्ष्मी सिनेमा घरबाट प्राप्त हुने मनोरन्जन कर असूल भएको नदेखिदा असूल गर्नका लागि समन्वय गर्ने ।
- केही स्थानीय तहमा मनोरन्जन कर प्राप्त भएतापनि प्रदेशमा आएको नदेखिदा प्रदेशको कोषमा ल्याउन समन्वय तथा पहल गर्नुपर्ने ।

६.१.१.२ विज्ञापन कर

वर्तमान अवस्था

कर्णाली प्रदेश सरकारले प्रदेश भित्र कुनै कम्पनी, फर्म, एजेन्सी, संस्था, व्यक्ति वा अरु कसैले विज्ञापन प्रयोजनको लागि विज्ञापन सामग्री जस्तै होर्डिंग बोर्ड, डिजिटल डिस्प्ले, भित्ते लेखन, तुल राखे बापत सम्बन्धित गाउँपालिका वा नगरपालिकाले विज्ञापन कर लगाई असुल गर्नु पर्ने व्यवस्था गरेको छ । यो कर समेत सम्वन्धित स्थानीय तहले उठाई ४० प्रतिशत मासिक रुपमा प्रदेश संचित कोषमा पठाउनु पर्ने प्रावधान रहेको छ ।

कानुनतः विज्ञापन करको दर स्थानीय सरकारले तोक्ने र उठाउने जिम्मा पनि स्थानीय सरकारलाई दिइएको छ। वीरेन्द्रनगर नगरपालिका लगायत केही पालिकाहरुले विज्ञापन कर उठाउन ठेक्कामा दिने गरेको पाइएको छ।

संभावना

अधिकांश पालिकाहरुमा विज्ञापन कर अन्य करको तुलनामा न्यून उठेको देखिन्छ। प्रदेशले विज्ञापन कर सम्वन्धी कानुन नवनाएको हुंदा स्थानीय तह समेत अनभिज्ञ रही विज्ञापनको दर तोक्ने काम मात्र भई प्रभावकारी रुपमा कार्यान्वयनमा नआएको देखिदा प्रदेशले मार्गदर्शन कानुन बनाएमा स्थानीय तहलाई समेत सक्रिय गराएमा शहरी क्षेत्रका पालिकाहरुमा यो कर बढ्ने संभावना देखिन्छ ।यसमा वीरेन्द्रनगर नगरपालिकाले आ.व. २०७७/०७८ मा रु १० लाख संकलन गरेको देखिन्छ भने अन्य पालिका शून्य

कै स्थितिमा छन् । विज्ञापनको तुलनामा शहरी पालिका मात्र सक्रिय हुने हो भने कम्तिमा वार्षिक रुपमा रु.१० लाख प्रदेशको आय थपिने संभावना छ ।

सुझाव

- जिल्ला सदरमुकामहरुमा स्थित नगरपालिकाहरुले ठेक्कामा दिनु भन्दा विज्ञापन युनिट (शाखा) खोलेर कर उठाएमा विज्ञापन कर राजस्वमा वृद्धि गर्न सकिनेछ। हाललाई विज्ञापन करको संभावना न्यून देखिएका पालिकाले भने लागत प्रभावीको हिसावले विज्ञापन युनिट खोल्दा कुनै लाभ हुने देखिंदैन।
- प्रदेशस्तरका सञ्चार माध्यमबाट गरिने विज्ञापनको अनुगमन र नियमन सूचना र संचार हेर्ने मन्त्रालयले गर्नु पर्ने व्यवस्था छ। विज्ञापन ऐन विपरीत काम गर्ने व्यक्तिलाई रु. एक लाखसम्म जरिवाना गर्न सक्ने भएको हुंदा सूचना तथा संचार मन्त्रालयले बेला बखतमा प्रभावकारी अनुगमन गर्न उचित हुनेछ।
- स्थानीय स्तरका सञ्चार माध्यमबाट गरिने विज्ञापनको अनुगमन र नियमन स्थानीय तहले गर्नुपर्ने व्यवस्था छ। विज्ञापन (नियमन गर्ने) ऐन, २०७६ विपरीत काम गर्ने व्यक्तिलाई स्थानीय तहको न्यायिक समितिको आदेशले एक लाखसम्म जरिवाना गर्न सक्ने व्यवस्थालाई कार्यान्वयनमा ल्याउनु पर्ने ।

६.१.१.३ घर जग्गा रजिस्ट्रेशन

वर्तमान अवस्था

कर्णाली प्रदेश सरकारले आफ्नो क्षेत्र भित्र घर जग्गामा घर जग्गा रजिस्ट्रेशन गर्दा घर, जग्गा वा घरजग्गा रजिस्ट्रेशन पारित गरी गराई स्वामित्व प्राप्त गर्ने व्यक्तिलाई रजिस्ट्रेशन शुल्क लगाएको छ ।

यो घर जग्गा वा घर जग्गा रजिस्ट्रेशन शुल्क स्वामित्व हस्तान्तरण गर्दाको समयमा प्रत्येक कारोवारको लिखतमा उल्लेख भएको थैली अंक रकममा लगाइएको छ । यस्तो थैली अंक मालपोत नियमावली अनुरूप प्रमुख जिल्ला अधिकारीको अध्यक्षतामा गठित समितिले निर्धारण गरेको न्यूनतम रकम वा लिनदिने बीचमा निर्धारण भएको रकम मध्ये जुन अंक बढी हुन्छ सोही अंक मान्य हुने अवस्था छ। लिखतको प्रकार अनुसार घर जग्गा रजिष्ट्रेशन दस्तुर फरक फरक दरमा लगाइएको छ । नगरपालिका क्षेत्रको दस्तुर र गाउँपालिका क्षेत्रको दस्तुर दर फरक फरक रहेको छ । राजिनामा, सट्टापट्टा र विभिन्न लिखतमा घर जग्गा रजिस्ट्रेशन दस्तुर लगाइ संकलन गरिएको छ । त्यसै गरी घर जग्गा रजिस्ट्रेशन दस्तुर तर्फ सेवा शुल्क पनि लगाइ संकलन गरिएको छ । सेवा शुल्क तर्फ लिखत रजिस्ट्रेशनका लागि डोर माग गर्ने निवेदन शुल्क, नेपाल राष्ट्र बैंकबाट वित्तीय कारोबार गर्न स्वीकृति प्राप्त बैंक, वित्तीय तथा सहकारी संस्थाबाट दिने कर्जाको धितोबन्धक वा दृष्टिबन्धकको वित्तीय धितोको लिखत शुल्क, जग्गाधनी दर्ता श्रेस्ताको प्रतिलिपि शुल्क, दाखिल खारेज शुल्क, नामसारी शुल्क, हाल साबिक शुल्क, घर कायम शुल्क र रोक्का दस्तुर लगाइ संकलन गरिएको छ ।

यो कर अन्तरसरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा ५ अनुसार प्रदेशले लगाउने र गाउँपालिका वा नगरपालिकाले उठाउने व्यवस्था गरेको छ तर अहिले घरजग्गा रजिस्ट्रेशन शुल्क नेपाल सरकारको मालपोत कार्यालयले उठाइ ६० प्रतिशत स्थानीय तहलाई र ४० प्रतिशत प्रदेशलाई बाँडफाँड गरी पठाउने गरेको छ। यही प्रावधान बमोजिम कर्णाली प्रदेश सरकारले घरजग्गा रजिस्ट्रेशन शुल्क बापत आ.व.२०७६/०७७ मा ८.९३ करोड,२०७७/०७८ मा १३.४२ करोड र २०७८/०७९ मा १५.९० करोड प्राप्त भएको देखिन्छ ।

संभावना

स्थलगत निरीक्षणबाट प्राप्त सूचना अनुसार शहरी क्षेत्रका घर जग्गाहरुको मूल्याङ्कन बजार मूल्य भन्दा न्यून हुने गरेको छ। सरकारी मूल्याङ्कन बजार मूल्यको २५ प्रतिशत भन्दा पनि कम हुने हुंदा घर जग्गा रजिष्ट्रेशन गर्ने काम सरकारी दरबाटै हुने गरेकाले यसबाट प्राप्त हुने राजस्व कम हुने गरेको हो। समय सन्दर्भ अनुसार घर जग्गाहरुको मूल्याङ्कन दर पनि पुनरावलोकन गर्नुपर्ने हुन्छ। प्रमुख जिल्ला अधिकारीको नेतृत्वको समितले मूल्याङ्कन दर निर्धारण गर्ने गर्दछ। यसरी निर्धारण गर्दा अधिकांश जिल्लाहरुमा प्रत्येक वर्ष अधिकत १० प्रतिशत मात्र बढाउने गरेको देखियो भने गत आ.व. मा सुर्खेत जिल्लाकै ५ प्रतिशत मात्र बढाइएको थियो। तसर्थ यसमा प्रदेशले अध्ययन गर्ने हो भने घर जग्गा रजिष्ट्रेशन बाट प्रदेश सरकारलाई प्राप्त हुने राजस्व उल्लेख्य रुपमा बढ्ने छ। विगत ४ आ.व. को औसत रकम रु.७९६.६३ लाख देखिएकोमा दिइएका सुझाब पूर्ण रुपमा कार्यान्वयनमा आउने हो भने आगामी दिनमा ७५ प्रतिशत सम्म बढन सक्ने संभावना छ । जस अनुसार आगामी आ.व. मा रु.१३९४.१० लाख आय हुने संभावना छ ।

सुझाब

- घरजग्गाको हाल न्यूनतम मूल्याङ्कन प्रत्येक वर्ष वृद्धि गर्दै कम्तिमा ३ वर्षभित्र वास्तविक कारोवार मूल्यको नजिक हुने गरी पुनरावलोकन गर्न उपयुक्त हुन्छ । यसका लागि प्रत्येक पालिकावाट नयां बनेका वा अपग्रेड भएका वा कालोपत्रे भएक बाटाघाटा समेतको नक्सांकन गर्दै लैजान आवश्यक छ । यसबाट अनौपचारिक कारोबार घटने र प्रदेश तथा स्थानीय तहको समेत राजस्व परिचालनमा उल्लेखनीय योगदान पुग्ने देखिन्छ ।

- घर जग्गाहरुको कारोबारमा बिचौलियाहरुको ठूलो चलखेल भएको देखिनुका साथै किनबेच गर्दा न्यूनतम थैली नै कायम राखेर समेत किनबेच हुने गरेको पाइएको छ । बजार मूल्य निकै बढी हुने तर किनबेच गर्दा सरकारी मूल्यांकन अनुसारको थैली कायम गरी कारोबार हुने हुंदा यस सम्बन्धी थप अध्ययन गरी व्यवस्थित गर्नु पर्ने देखिन्छ ।

- घर जग्गाहरुको सरकारी मूल्याङ्कन दर निर्धारण गर्दा पक्की तथा कच्ची बाटोले ठूलो असर पारेको हुन्छ।पक्की बाटोमा परेका घर जग्गाहरुको मूल्याङ्कन दर उच्च हुने र कच्ची बाटोमा परेका घर

जग्गाहरुको दर न्यून हुने गर्दछ। प्रदेश सरकारको प्रमुख काम भनेको प्रदेश भित्र पक्की सडकको सञ्जाल विकास गर्नु पनि हो। त्यसैले पालिकाका बस्तीहरुमा पक्की सडक विस्तार गर्ने काममा पालिकालाई प्रेरित गरेमा प्रदेश सरकारको प्रशंसा पनि हुने र प्रदेश सरकारलाई अप्रत्यक्ष रुपमा राजस्व पनि बढ्ने हुन्छ ।

- मूल्यांकनमा वास्तविकता ल्याउन समन्वय गर्ने ।

६.१.१.४ सवारी साधन कर

वर्तमान अवस्था

कर्णाली प्रदेश सरकारले सवारी साधन कर लगाउँदा र उठाउँदा सवारी साधन धनीले प्रदेश मातहत कार्यालयमा बुझाउनु पर्ने व्यवस्था गरेको छ । निजी सवारी साधन र भाडामा दर्ता भएका सवारी साधनमा सवारी साधन कर लगाइ संकलन गरिएको छ । सवारी साधनको प्रकार र क्षमता अनुसार करका दर कायम गरिएको छ । सी.सी. क्षमताका आधारमा कार, जिप, भ्यान, माइक्रो वस, मोटर साइकलमा वार्षिक कर कायम गरिएको छ । डोजर, एक्साभेटर, लोडर, रोलर, ट्रिपर, क्रेन जस्ता मेशिनरी उपकरण र मिनीटिपर, अटो रिक्सा, थ्री हीलर टेम्पो, ट्रेक्टर र पावर ट्रेलर, मिनीवस, मिनिट्रकमा निश्चित रकम किटान गरी वार्षिक कर कायम गरिएको छ । त्यसैगरी सवारी साधन नामसारी,गाडी इजाजत दस्तुर, लाइसेन्स नवीकरण दस्तुर लगाइ संकलन गरिएको छ ।

संभावना

सबैभन्दा बढी र दिगो स्रोतको रुपमा रहेको सवारी साधन कर आ.व. २०७६/०७७ मा ४५९५ थान रहेकोमा २०७७/०७८ मा ५९१० र २०७८/०७९ मा ८२४४ थान सवारी साधन दर्ता भई प्रत्येक वर्ष औसतमा ३४ प्रतिशत दर्ता दर बढेको देखिएको र सो अनुसार आगामी आ.व. मा पनि बढने हुंदा सवारी साधन करको समेत वृद्धि हुने संभावना सुनिश्चित छ । २०७९ वैशाख मसान्त सम्म असूल भएको रकम रु.१६६४.६५ लाखलाई आधार लिदा दिइएका सुझावहरु पूर्ण रुपमा कार्यान्वयन भएमा ६० प्रतिशत वृद्धि भई आगामी आ.व.मा रु.२६६३.१२ लाख असूल हुने संभावना देखिन्छ ।

सुझाव

- नेपालमा पुराना गाडीहरुको बाहुल्यता रहेको हुनाले दुर्घटनाको दर पनि उच्च रहने र बातावरण प्रदुषण पनि उच्च रहने गरेको छ। यसैले यसलाई नियन्त्रण गर्न गाडीहरुको आयु र गाडीले पार गरेको दूरीको आधारमा सवारी साधनको करको दर अनुपातिक हिसावमा बढाउँदै लैजान उपयुक्त हुनेछ।

KAMALA Solution & Suppliers Birendranagar, Surkhet

- राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगका अनुसार एक प्रदेशमा दर्ता भएका सवारी साधन अन्य प्रदेशमा ठाउँसारी भई आएमा केही प्रदेशले राजस्व छुट दिने नीति लिएको पाइएको छ। यस्तो नीतिले समष्टी अर्थ व्यवस्थाको राजस्व वृद्धि हुन सक्दैन । यसले अस्वस्थ प्रतिस्पर्धाको विकास हुने हुँदा प्रादेशिक करको दरमा यथासंभव समान रहने गरी करको दर निर्धारण गर्नु राम्रो हुनेछ।
- हरेक गाउँ तथा नगरपालिकाहरुमा प्राइभेट (निजी) क्षेत्रले डोजरहरु किन्ने र भाडामा लगाएर आय आर्जन गरेको पाइन्छ। यस्ता डोजरहरु दर्ता त हुने तर नवीकरण नगर्ने र कर पनि नतिर्ने प्रवृति देखिएको छ। सार्वजनिक निर्माणको ठेक्का सम्झौतामा सवारी साधन र मेशिनहरुको अनिवार्य नवीकरण पेश गर्नुपर्ने प्रावधान राखेमा थप राजस्व सङ्कलन हुने देखिन्छ।
- निर्माण उद्योगहरुमा प्रयोग हुने Cement Roller शहरी क्षेत्रका घर निर्माण तथा अन्य निर्माणका कार्यमा व्यापकरूपमा प्रयोग हुँदै आएको पाइन्छ। यस्तो उपकरण करको दायरामा नआएको हुँदा ल्याउन जरुरी छ। यसले प्रदेश सरकारको राजस्व बृद्धिमा ठूलो सहयोग गर्नेछ।

६.१.२ गैरकरहरु (प्रदेश सरकारको)

६.१.२.१ सेवा शुल्क दस्तुर

वर्तमान अवस्था

कर्णाली प्रदेश सरकारले आफ्नो क्षेत्र भित्रको आफुले उपलब्ध गराउने सेवाको लागत तथा संचालन र संभार खर्चलाई आधार मानी सेवा शुल्क लगाई उठाउने गरेको छ । अन्तर सरकारी वित्त ब्यबस्थापन ऐन, २०७४ को दफा ४ ले प्रदेश सरकारले आफ्नो क्षेत्र भित्रको आफुले उपलब्ध गराउने सेवाको लागत तथा संचालन र संभार खर्चलाई आधार मानी गैर करका दर निर्धारण गर्नु पर्ने व्यवस्था गरेको छ ।

संभावना

प्रदेश सरकारको सेवा शुल्कको प्रमुख स्रोत यातायात क्षेत्रको आम्दानी रहेको छ। यस क्षेत्रको आम्दानीमा वृद्धि गर्न राजस्व प्रशासन तथा सेवा प्रवाहमा सरलीकरण मात्र गरे पुग्छ। यसबाहेक प्रदेश सरकारका अन्य सम्भावित सेवा शुल्क तथा दस्तुरका क्षेत्रहरुका सम्बन्धमा सरकारले नीतिगत व्यवस्था गरेमा थप राजस्व वृद्धि हुने संभावना छ ।

प्रदेश सरकार अन्तर्गत कृषि मन्त्रालय र मातहतमा रहेका निकायहरुले पशुपंक्षी उपचार दर्ता शुल्क, शव परीक्षण शुल्क, वीउ वीजन प्रमाणीकरण जस्ता सेवाबाट सेवा शुल्क तथा प्रदेश सरकारबाट संचालित कार्यक्रम जस्तैः सीप विकास तालिम, व्यवसाय सूचीकरण तथा अन्य सम्भावित वार्षिक कार्यक्रम (व्यवसाय लक्षित) मा दर्ता शुल्क भनी नयां स्रोत सङ्कलनको संभावना रहेको देखिन्छ ।

यसैगरी कर्णाली वनस्पतिको क्षेत्रमा धनी भएको हुंदा वन क्षेत्रमा रहेका वनस्पतिबाट समेत मनग्य आम्दानी गरी वन क्षेत्रबाट प्राप्त हुने आयलाई बृद्धि गर्न सकिने संभावना छ । यसका साथै संघ संगको समन्वयमा कानुन निर्माण गरेमा खेर गएका काठहरु निर्यात गरेर समेत प्रशस्त आम्दानी गर्न सकिने संभावना देखिन्छ।

कर्णालीको अर्को संभावनाको क्षेत्र जडिबुटी पनि हो । यसलाई यथोचित रुपमा संकलनका साथै प्रशोधन गर्न सकेमा राजस्व बढने देखिन्छ । यसमा प्रदेशको राजस्व शीर्षकमा देखिएका रेडियो एफ.एम.संचालन दस्तुर,अन्य प्रशासनिक सेवा शुल्क, व्यवसाय रजिष्ट्रेशन दस्तुर,पर्यटन शुल्क,चालक अनुमती पत्र,सवारी दर्ता किताव सम्वन्धी दस्तुर र परीक्षा शुल्कलाई आधार लिदा विगतका आ.व. को औसतलाई आधार लिई आधार रकम रु.१५००.४३ लाख मान्दा हालको अवस्थामा आगामी आ.व मा २२६२.९१ लाखको प्रदेशमा प्राप्त हुने संभावना देखिन्छ ।

सुझाव

- सेवा प्रवाह सरलीकरणका साथै सेवा शुल्कको दायरा विस्तार गर्ने ।
- जडिबुटी प्रशोधन केन्द्र स्थापना गरी मूल्य अभिवृद्धि गर्ने ।
- प्रदेश सरकार अन्तर्गत कृषि मन्त्रालय र मातहतमा रहेका निकायहरुले पशुपंक्षी उपचार दर्ता शुल्क, शव परीक्षण शुल्क, बीउ बीजन प्रमाणीकरण जस्ता सेवाबाट सेवा शुल्क लिने ।

६.१.२.२ पर्यटन शुल्क

वर्तमान अवस्था

कर्णाली प्रदेश सरकारले आफ्नो क्षेत्र भित्रको आफुले निर्माण गरेको तथा संघीय सरकारले आफूलाई हस्तान्तरण गरेको पर्यटन स्थल तथा ती स्थलमा गरिने व्यवसाय वा क्रियाकलापमा उपलब्ध गराउने सेवाको लागत तथा संचालन र संभार खर्चलाई आधार मानी पर्यटन शुल्क लगाइ उठाउने व्यवस्था आर्थिक ऐनमा गरेको छ। सो अनुसार कर्णाली प्रदेश सरकारले आ.व.२०७७/७८ मा रु.३००० र आ.व. ०७९/८० को वैशाख मसान्त सम्म रु.१ लाख ८७ हजार ६ सय संकलन भएको देखिन्छ ।

संभावना

पर्यटन शुल्क लगभग शून्य कै स्थितिमा रहेको सन्दर्भमा पदयात्रा, कर्णाली तथा भेरी नदीमा रयाफ्टिङ, फिसिङ, साहसिक पर्यटन जस्ता पर्यटन गतिविधि बढाई प्रचार प्रसार गरी पर्यटन व्यवसायलाई अघि बढाउंदा पर्यटन शुल्क तथा दस्तुर बढन सक्ने संभावना प्रवल छ । आ.व.२०७९/०८० को वैशाख मसान्तलाई आधार मान्दा रु.१.८८ लाख असूल भएको देखिन्छ भने पर्यटकीय क्रियाकलापमा वृद्धि भई यथोचित प्रचार प्रसारका साथ जांदा आगामी आ.व. का लागि रु.२.५३ लाखको संभावना देखिन्छ ।

सुझाव

प्रदेश स्तरमा प्रदेश उद्योग पर्यटन वन तथा वातावरण मन्त्रालयमा पर्यटन विकास शाखाको रुपमा संगठनात्मक संरचना रहेको अवस्थामा स्थानीय तह मार्फत पर्यटकीय स्थल पहिचान, राजस्व संकलन तथा बाँडफाँडको व्यवस्था गर्न उपयुक्त देखिन्छ।

KAMALA Solution & Support Birendranagar, Surkhet

६.१.२.३ ढुङ्गा, गिट्टी, र बालुवामा दहत्तर बहत्तर

वर्तमान अवस्था

कर्णाली प्रदेश सरकारले आफ्नो क्षेत्रभित्र संघीय सरकारले अन्य व्यवस्था गरेकोमा बाहेक प्राकृतिक स्रोत मध्ये ढुंगा, गिट्टी, बालुवा, माटो, स्लेट, ग्राभेल, रोडा, बिक्री एवं घाटगद्दी गर्दा ढुंगा, गिट्टी, बालुबा र बहत्तर दहत्तर शुल्क लगाउने र असुल गर्ने व्यवस्था आर्थिक ऐनमा गरेको छ ।

संभावना

यस प्रदेशमा कर्णाली तथा भेरी नदीका अलवा अन्य खहरे खोलाहरु समेत रहेकाले प्रशस्त मात्रामा ढुंगा गिट्टी तथा वालुवा पाइने भएकोले यो शीर्षकमा राजस्व बढने संभावना छ । स्थानीय बासिन्दाका अनुसार तोकिएको परिमाण भन्दा धेरै बढी मात्रामा ढुङ्गागिट्टी, बालुवा उठाएको पाइन्छ यसमा नापजोख र अनुगमन गर्ने गरेमा हालको भन्दा राजस्व वढ्न सक्ने संभावना छ। आ.व. २०७८/०७९ मा रु.३०३.०२ लाख प्रदेशमा बांडफाड भई प्राप्त भएको देखिन्छ । यसमा दिइएका सुझाव कार्यान्वयनमा आउने हो भने आधार दरमा ८० प्रतिशतसम्म वृद्धि भई रु.५४५.४३ लाख प्रदेशमा बांडफाड भई प्राप्त हुने संभावना छ ।

सुझाव

- नदीजन्य पदार्थबाट निस्कने ढुंगा गिट्टी बालुवालाई स्थानीय तह आफैले उत्खनन देखि घाटगद्दी गरेर मात्र बिक्री गर्नका लागि नीतिगत व्यवस्था गर्ने । यसमा निजी क्षेत्रले उत्खननको कार्य गर्न नपाउने र घाटगद्दीबाट खरीद गरी क्रसर उद्योग तथा बिक्री वितरण गर्न पाउने तथा स्थानीय तहले घाटगद्दी मूल्यांकन गरी गराई ठेक्का लगाई बिक्री गर्ने ।
- पालिकाको रोहवरमा गिट्टी, बालुवा उठाएको मात्राको समय समयमा नापजोख गरी ठेकेदारले के कति मात्रामा ढुङ्गागिट्टी, बालुवा उठायो भनी अनुगमन गर्ने ।
- ठेक्का अवधि सकिएपछि घाटगद्दीमा रहने पदार्थ स्वत सम्वन्धित स्थानीय तहको हुने व्यवस्था कार्यान्वयनमा ल्याउने ।
- यो विषय स्थानीय तह र ठेकेदारबीच धेरै विवादित विषय र अनुगमन संयन्त्र प्रभावकारी नभएको विषय भएको हुंदा प्रदेशले समन्वयात्मक तथा अभिभाकत्व भूमिका निर्वाह गर्ने । यसका लागि एउटा छुट्टै प्रशासनिक डेस्क स्थापना गर्ने ।

६.१.२.४ दण्ड जरिवाना

वर्तमान अवस्था

गैरकरका रुपमा कर्णाली प्रदेश सरकारलाई आफ्नो क्षेत्र भित्र प्राप्त भएको दण्ड जरिवाना यस प्रदेशको आम्दानीको अर्को स्रोत हो । प्रदेश कानुन बमोजिम उल्लेखित कर तथा गैरकर राजस्व समयमा नबुझाउने तथा प्रदेश कानुन उल्लङ्घन गर्ने समयमा दण्ड स्वरुप जरिवाना लिने विश्वव्यापी प्रचलन रहेको छ। संघीय सरकार तथा प्रदेश सरकारका विविध ऐन कानुन नै दण्ड जरिवाना लगाउने आधार हुन् ।

संभावना

प्रत्येक क्षेत्रको तथ्याङ्क अद्यावधिक भएमा दण्ड जरिवाना लगाउन सजिलो हुन्छ । जस्तै घरेलु तथा साना उद्योग कार्यालयमा, दर्ता भएका, दर्ता नभई सञ्चालनमा रहेका तथा नवीकरण नभएका उद्योगको तथ्याङ्क संकलन गर्न सकिएमा सोही अनुसार जरिवाना निर्धारण गरी शुल्क असुल गर्न सकिन्छ।

यसैगरी यातायात क्षेत्रमा सवारीको तथ्याङ्क, नवीकरण नभएका सवारी चालक अनुमति पत्रका तथ्याङ्क, दर्ता भई नवीकरण नभएका यातायात सेवाका तथ्याङ्क, प्रदेशबाट अनुमति प्राप्त गरेका तर नवीकरण नभएका एफ.एम. रेडियो, टेलिभिजन, पत्रपत्रिकाको तथ्याङ्क आदिको विवरण उपलब्ध भएमा दण्ड जरिवाना पनि आयको एउटा स्रोत हुन्छ । प्रदेशको तथ्यांक हेर्दा न्यायिक दण्ड जरिवाना र प्रशासनिक दण्ड जरिवाना गरी विगत दुई आ.व.को औसत रकम रु.६६.६१ लाख असूल भएको देखिएको छ । यसलाई आधार रकम मान्दा आगामी आ.व. मा ९९.६१ लाख असूल हुने संभावना छ ।

सुझाव

- प्रदेश सरकारले दण्ड जरिवाना लगाउन सक्ने विषयहरु पहिचान गरी तथ्याङ्कहरु अद्यावधिक राख्नु पर्ने।
- नियम-कानुन उल्लङ्घन जस्तै सवारी चलाउंदा फोन प्रयोग गरेको , अनुमती नलिई विज्ञापन गर्ने गरेको लगायतका पहिचान भइसकेका कार्यहरुमा कडा अनुगमन र सङ्कलनको संयन्त्र तयार गर्ने।
- सार्वजनिक स्थानमा धुम्रपान, मदिरा सेवन गरी सार्वजनिक कार्क्रममा सहभागी भएको लगायतका आवश्यक विषयहरु पहिचान गरी जरिवानाको व्यवस्था गर्ने ।

६.३ थप सुझाबहरु

प्रदेश सरकारको अधिकार अन्तरगत रहेका विभिन्न आय शीर्षकहरुमा शीर्षकगत माथि दिइएका सुझावका अतिरिक्त आन्तरिक आय बढाउनका लागि थप सुझावहरु निम्नानुसार उल्लेख गर्न सकिन्छ :

KAMALA Solution & Suppliers Birendranagar, Surkhet

- सरकारले आफ्नो सरकारी कोषबाट मात्र जनअपेक्षा तथा आफ्नो परिकल्पना अनुसारका काम गर्न श्रोत प्राप्त गर्न सकिन्छ भनेर सोच्दछ भने यो असम्भव जस्तै हुन्छ। सुशासनको अवस्था राम्रो छ भने अर्थतन्त्रमा भएको चलायमान कुल पूंजीको बढीमा बिस प्रतिशत मात्र सरकारी कोषमा प्राप्त भएको हुन्छ बाँकी कम्तीमा असी प्रतिशत पूँजी निजी क्षेत्रमा रहेको हुन्छ। तसर्थ हामीले निजी क्षेत्रको पूँजी परिचालन हुने प्रकारको नीति तथा योजना ल्याउन जरुरी छ। बिकसित तथा मजबुत अर्थतन्त्र भएका देशहरुको नीति तथा योजनाहरुलाई अध्ययन गरेमा यो पुष्टी हुन्छ। यसको लागि प्राय सबै देशले सार्वजनिक निजी साझेदारी नीति तथा योजना अवलम्वन गरेका हुन्छन्। हामीले पनि यो नीति नअपनाएको हैन तर प्रदेश स्तरमा बलीयो संस्थागत संयन्त्रको अभाव देखिन्छ। यसका लागि प्रदेशको आर्थिक मामिला तथा योजना अन्त्रालय अन्तर्गत सार्वजनिक निजी साझेदारी प्रकारका आयोजनाहरुमा गरिने लगानी, बित्तीय संरचना बिश्लेषण र प्रतिफलको संस्थागत संस्मरण अभिलेखको स्पस्ट कार्य बिवरण र जिम्मेवारी भएको शाखा वा महाशाखा वा थप जिम्मेवारी सहितको संरचना बनाउनु उपयुक्त हुन्छ। यो महाशाखा वा शाखाले निजी क्षेत्रले लगानी गर्न आकर्षित हुने आयोजनाको विकास र व्यवस्थापन तथा निजी क्षेत्रलाई बिश्वस्त गराउने काम गराउंछ। यस प्रकारको संरचना भएमा प्रदेशको सरकारी कोषको थोरै लगानीमा निजी क्षेत्रको धेरै पूँजी लगानी हुने अवस्था सिर्जना हुन्छ। यो जनतामा राजश्व भार थप नगरी अर्थतन्त्रमा थप पूँजी परिचालन हुने अवस्था हो। निजी क्षेत्रको रुपमा सहकारी तथा ब्यक्ति वा ब्यक्तिहरुको समुहको कानुनी संस्थाहरु हुन सक्दछन् । यस प्रकारका आयोजनामा सरकारले संचालन खर्च ब्यहोर्न नपर्ने, आयोजना दिगो रुपमा संचालन गर्न निजी क्षेत्र वा समुदायले स्वामित्व लिने, सरकारको शर्त तथा मापदण्डका आधारमा राज्यको नीति अनुसार सेवा संचालन गर्न सकिने, उत्पादन बृद्धी हुने, थप रोजगारी सिर्जना हुने जस्ता परिणाम प्राप्त हुन्छ। यस प्रकारले सार्वजनिक निजी साझेदारी नीति अवलम्वन गरी आयोजनामा निजी क्षेत्रको समेत पूँजी परिचालन हुनु राजश्व बृद्धी कै सिर्जनशिल तरिका हो। यस प्रकारका आयोजना सञ्चालन भएमा यसले अर्थतन्त्रमा महत्वपूर्ण सकारात्मक प्रभाव पर्दछ। यस प्रकारका आयोजनामा बहुउद्देश्यीय जलाशय, वन क्षेत्र भित्र जडीबुटी खेती, चक्लाबन्दीमा सहकारी खेती, विद्युत उत्पादन तथा वितरण, खानेपानी तथा सिंचाई, रणनीतिक सुबिधायुक्त सडक, सहकारी प्रणालीमा साझा यातायात संचालन, केबल कार, रोप वे आदि पर्दछन्। यस प्रकारका आयोजनाबाट बहुआयामिक प्रभाव पर्दछ।
- प्रचलित कानून बमोजिम संघिय सरकारसंग स्वीकृति लिई कानून नै बनाई कुनै निश्चित आयोजनाको लागि चिट्ठा कार्यक्रम संचालन गर्ने र संकलन भएको रकमको ५० प्रतिशत पूँजी आयोजनामा लगानी गर्ने र बाँकी ५० प्रतिशत रकमबाट चिट्ठा बितरण गर्ने। यस प्रकारको कार्यक्रमबाट आम जनतामा राजश्व भार थप हुदैन तर आयोजनाका लागि आवश्यक पूँजी प्राप्त हुन्छ। चिट्ठा प्राप्त

गर्नेहरुलाई राहात हुन्छ। चिट्ठाबाट सञ्चालन हुने यस प्रकारका आयोजनामा सबै जनताको लगानी हुने भएकाले सबैको अपनत्व, चासो र सरोकार रहन्छ।

- राजश्व संकलन मात्र नभै उपलब्ध सम्पत्तीलाई आम्दानी गर्ने काममा लगाउन सकियो भने पनि सरकारको आय बढ्ने अवस्था आउछ। सरकारी सवारी साधनहरु कतिपय अवस्थामा खाली बसेका हुन्छन् भने कतिपय अवस्थामा राजनीतिक तथा प्रशासनिक नेतृत्वबाट बिभिन्न व्यक्तिगत काममा प्रयोग भई रहेका हुन्छन्। यस क्रममा बिभिन्न संचार माध्यम तथा जनताबाट हुने निगरानीले जनमानसमा नकारात्मक समाचार तथा प्रभावहरु परेको देखिन्छ। यसका लागि कानुन नै बनाई सरकारी सवारी साधन व्यक्तिगत काममा प्रयोग गर्दा निश्चित शुल्क तिर्नु पर्ने प्रावधान राख्न सकियो भने सरकारी सवारी साधनहरुले समेत आम्दानी गर्न थाल्नेछन् र जनमानसमा नकारात्मक प्रभाव पर्ने छैन। यस प्रकारको व्यवस्थाले सरकारी सवारी साधनको पुर्ण उपयोग हुने, उपयोग गर्ने पक्ष पनि ढुक्क हुने, सरकारले राजश्व प्राप्त गर्ने, तेल तथा मर्मतमा हुने सरकारी खर्च कटौती हुने, सरकारी सम्पत्तीले समेत आम्दानी गर्ने, कर तिर्ने नागरिकमा रहेको दृष्टीकोणमा सकारात्मक सन्देश प्रवाह हुने। यस प्रकारको सिर्जनशिल अभ्यासले हामीले कराधार बढाउने मात्र हैन खर्च कम गर्ने र सरकारी सम्पत्तीलाई समेत आम्दानी हुने काममा उपयोग गर्न सक्दछौ अन्ततः राज्यकोषमा बचत गरी त्यसको उपयोगिता बढाउन सक्दछौं।
- कार्यालय संरचनाहरु सके सम्म एकै स्थानमा बनाउने योजनाहरु ल्याउने। यसबाट सरकारी कर्मचारी तथा सेवा ग्राहीको ईन्धन तथा सवारी साधन उपयोग खर्चमा बचत हुन्छ। सुरक्षा प्रबन्ध, पुस्तकालय, संचार उपकरण, बिश्राम स्थल, खाजा क्यान्टिन, स्तनपान कक्ष, डे केयर कक्ष, पार्किङ्ग क्षेत्र लगायतमा हुने साझा प्रयोगबाट हाम्रो लागत घटनेछ। यो पनि सरकारको लागि आम्दानीमा बृद्धी हो।
- बिद्युतीय सेवा पोर्टल तथा अटोमेसन जस्ता सूचना प्रविधीको प्रयोगमा बृद्धी गर्ने यसले कागज पत्रमा हुने खर्च घटाउंछ। सेवाग्राही तथा प्रदायकको समय लागत बचत गर्न सहयोग गर्छ। सबै सेवाहरुलाई बिद्युतीय माध्यम अपनाउन सकियो भने कर्मचारीहरुलाई प्रति हप्ता कार्यदिनमा बिदाको दिन बढाउन सकिन्छ। बिदा दिनमा बृद्धी भएमा कर्मचारी र सेवाग्राहीहरुले स्थानीय आन्तरिक पर्यटन प्रबर्द्धनमा सहभागि हुने दर बढछ। यसबाट स्थानीय अर्थतन्त्र चलायमान हुन्छ। स्थानीय उत्पादनको खपतमा बृद्धि, सेवा व्यवसायमा बृद्धी भई राजश्व संकलनमा सकारात्मक प्रभाव पर्नेछ।
- नदिजन्य पदार्थ वा बालुवा वा गिट्टी वा माटो ढुङ्गा उत्खनन् गर्न सकिने क्षेत्रको पहिचान गरी बिस्तृत वातावरणीय अध्ययन प्रतिवेदनलाई स्वीकृत गराई सोही अनुसार सकेसम्म बहुउद्देश्यीय जलाशयको लागि खाडल निर्माण हुने प्रकारको क्षेत्रमा उत्खनन् गराई उत्खननबाट प्राप्त बस्तुहरुको घाटगद्दी गरी मुल्यांकन पश्चात बढाबढ आधारमा बिक्री गरी राजश्व संकलन गर्ने वा मूल्यांकन गरी राजश्वको लगत राखि बिकास निर्माणमा प्रयोग गर्ने आयोजना संचालन गर्न उपयुक्त हुन्छ । यस

KAMALA Solution & Suppliers Birendranagar, Surkhet

प्रकारको आयोजनाबाट वातावरणीय रुपमा सकारात्मक प्रभाव पर्ने, जलाशयमा माछा पालन खानेपानी तथा सिंचाई र जल एवम् पर्या पर्यटन क्रियाकलाप संचालन हुनेछ र यसले राजश्वको दायरामा बृद्धी हुन्छ । स्थानीय आर्थिक कृयाकलापमा बृद्धि हुन्छ । यसरी जनतामा राजश्वको भार थप नभइ सरकारी पूँजीमा बृद्धी हुने अवस्था सिर्जना हुन्छ।

परिच्छेदः सात

राजस्व सुधार योजना र आन्तरिक स्रोत परिचालनको रणनीति

७.१ दीर्घकालीन सोच

कर्णाली प्रदेश सरकारले सम्वृद्ध कर्णाली : सुखारी कर्णालीबासीको दीर्घकालीन सोच अनुरुप कार्यसम्पादन गरिरहेको सन्दर्भमा प्रस्तुत राजस्व योजनाले निम्नानुसारको दीर्घकालीन सोच राखेको छ :

"प्रदेशको समृद्धिको लागि राजस्वको परिचालन : आत्मनिर्भर, दीगो र सबल प्रदेश अर्थतन्त्रको निर्माण"

७.२ लक्ष्य

कर तिर्ने संस्कृतिको विकास र सङ्कलनको दायरा फराकिलो गरी प्रदेशको चालु खर्चलाई राजस्व (आन्तरिक र बाँडफाँड) बाट धान्न सक्ने अवस्थाको सिर्जना गर्ने ।

७.३ उद्देश्य

राजस्व परिचालन प्रणालीलाई कुशल, पारदर्शी र प्रभावकारी बनाउन सोही अनुसारको राजस्व संरचना तयार गरी कूल बजेटमा राजस्वको हिस्सा बृद्धि गर्नु ।

७.४ रणनीतिहरु

१. सार्वजनिक खर्चलाई गुणस्तरीय बनाइ प्रदेशको आर्थिक बृद्धिबाट थप राजस्व परिचालन गर्ने, राजस्व कानुन र कार्यविधि तर्जुमा तथा कानुनहरुमा संशोधनका लागि पहल गर्ने,

२. निजी क्षेत्रको लगानी आकर्षण गरी प्रदेशको आर्थिक बृद्धि गर्ने,

३. करको दायरा फराकिलो बनाउने,

४. राजस्व कानुन र कार्यविधि तर्जुमा तथा कानुनहरुमा संशोधनका लागि पहल गर्ने

५.राजस्व छुटहरुमा पुनरावलोकन गर्ने,

६.करका दरहरुमा पुनरावलोकन गर्ने,

७. राजस्व बाँडफाँड वापत अधिकतम रकम प्रासीका लागि पहल गर्ने,

८. प्राकृतिक श्रोतको रोयल्टी बृद्धिमा पहल गर्ने,

९.राजस्व बाँडफाँडका विषयमा स्थानीय तहसंग सहकार्य गर्ने,

१०. राजस्व प्रशासन सुधारका लागि संस्थागत व्यवस्था मिलाउने,

११. राजस्व चुहावट नियन्त्रण गर्ने ।

७.५ कार्यनीतिहरु

माथि ६.४ मा उल्लिखित रणनीतिहरुलाई थप प्रभावकारी गराउनका लागि निम्नानुसारका कार्यनीतिहरु समेत अवलम्बन गर्नुपर्ने हुन्छ :

१. सार्वजनिक खर्चलाई गुणस्तरीय बनाउँदै प्रदेशको आर्थिक बृद्धिबाट थप राजस्व परिचालन गर्ने:

१.१. सार्वजनिक खर्चलाई उत्पादनमूलक र नतिजामुखी बनाइनेछ । यसका लागि बजेटमा लगानीको प्रतिफल सूची (नतिजा खाका) बनाई कार्यान्वयनमा ल्याइनेछ ।

१.२ प्रदेशको कूल वार्षिक बजेटमा पूँजीगत बजेटको हिस्सा ६० प्रतिशतमा नघट्ने गरी बजेट विनियोजन गरिनेछ ।

१.३. पूँजीगत बजेटलाई मूलतः पूर्वाधार निर्माण सडक, विद्युत, सिंचाई एवं पर्यटन पूर्वाधारको विकासमा केन्द्रित गरिनेछ ।

१.४ पूँजीगत बजेट खर्चमा हालको अवस्थालाई क्रमशः बृद्धि गर्दै लगिनेछ ।

१.५ प्रथम पंचवर्षीय योजनाले परिलक्षित गरेका ठूला आयोजनाहरुमा संघीय सरकारको लगानीका लागि पहल गरिनेछ ।

१.६ संघीय सरकारले प्रदान गरिने सशर्त, समपूरक र विशेष अनुदान बृद्धिका लागि विशेष प्रयास गरिनेछ

१.७ अनुत्पादक प्रकृतिका चालु खर्चहरुलाई नियन्त्रण गरिनेछ ।

१.८ राजस्व वृद्धि गर्ने खालका पूर्वाधारमा लगानी गरिनेछ ।

२. निजी क्षेत्रको लगानी आकर्षण गर्ने:

२.१ जलश्रोत र प्राकृतिक सुन्दरताको प्रचूरता रहेको यस प्रदेशमा विशेषतः विद्युत उत्पादन, पर्यटन पूर्वाधार, कृषि, वन (जडीबुटी प्रशोधन तथा खनिजजन्य (वहुमुल्य पत्थर प्रशोधन) उद्योगहरुको लगानीमा आकर्षण बढाइनेछ ।

२.२ तुलनात्मक दृष्टिले कर्णाली प्रदेश पिछडिएको प्रदेश भएकोले यस प्रदेशमा स्थापना हुने ठूला तथा मझौला उद्योग, विद्युत उत्पादन र पर्यटन पूर्वाधार (होटल निर्माण) मा लगानी गरेमा लाग्ने आयकरमा दिएको छुट अवधिलाई बढाइदिन केन्द्रिय सरकारसंग समन्वय गरिनेछ ।

KAMALA Solution & Suppliers Birendranagar, Surkhet

२.३ निजी क्षेत्र आकर्षित हुने स्थानहरुमा - विशेषतः सडक र विद्युतको पूर्वाधार पु-याउन प्राथमिकता दिइनेछ ।

२.४ लगानी योग्य आयोजनाहरुको आयोजना बैंक तयार गरिनेछ ।

२.५ लगानी सम्मेलन गरिनेछ ।

२.६ सार्वजनिक निजी साझेदारी नियमावलीलाई प्रभावकारी रुपमा कार्यान्वयनमा ल्याइनेछ ।

३. करको दायरा विस्तार गर्ने:

३.१ व्यसायिक कृषि तथा पशुपालनका लागि विशेषतः संघ तथा प्रदेशबाट अनुदान प्राप्त गरिरहेका वा बैंक तथा वित्तीय संस्थाहरुबाट लिने व्याज अनुदान प्राप्त गरेका कृषकहरु, फर्म तथा कम्पनीहरुको कृषि तथा पशुजन्य उत्पादनबाट प्राप्त खुद आयमा निश्चित प्रतिशतमा आयकर लगाइनेछ ।

३.२ प्रदेशले निर्माण गरेका र संघीय सरकारबाट हस्तान्तरण भएका पर्यटकीय स्थलको प्रदेशमा पर्यटन शुल्क लगाइनेछ ।

३.३. मनोरन्जन कर र विज्ञापन करलाई थप विस्तार गरिनेछ । यसक्रममा चलचित्र शुल्क, भिडीयो घर, टि भी केबल नेटवर्क, डिजिटल टि भि मा थप करारोपण गरिनेछ ।

३.४ अन्य प्रदेशहरुले वनजन्य उत्पादनहरुमा करारोपण गरिरहेका दृष्टान्तको आधारमा वन पैदावारमा बिक्रीशुल्क लगाई करारोपण गरिनेछ ।

३.५. कर्णाली नदीको सहायक भेरी नदीमा संचालित भेरी ववई वहुउद्देश्यीय आयोजनाबाट प्राप्त सिंचाई सुविधा लुम्बिनी प्रदेशले पाएजस्तै गरी सो आयोजनामाट उत्पादित विद्युतको आय कर्णाली प्रदेशलाई हस्तान्तरण गराउन संघीय सरकारसंग आवश्यक पहल र समन्वय गरिनेछ ।

३.६ घरजग्गा रजिस्ट्रेशन प्रयोजनार्थ निर्धारित न्यूनतम मूल्य वास्तविक कारोबारमूल्य भन्दा धेरै कम रहेकोले हालको न्यूनतम मूल्यलाई क्रमशः वृद्धि गरी करको दायरा विस्तार गरिनेछ।

४. राजस्व कानुन र कार्यविधि तर्जुमा गर्ने:

४.१ प्रदेश राजस्व सम्बन्धी एकीकृत कानुन तर्जुमा गरिनेछ र सोको आधारमा प्रदेश राजस्व कार्यविधि बनाइनेछ ।

४.२ नेपालको संविधानको अनुसूची ७ र अनुसूची ९ बमोजिमको अधिकारको साझा सूचीको विषयमा संघीय कानुन बनाउन वा तीन तहको राजस्व सम्बन्धमा छुट्टै एकीकृत कानुन बनाई करारोपणमा

देखिएका दोहोरोपना हटाउन नेपाल सरकारसँग पहल गरिनेछ ।

४.३. मालपोत नियमावली, २०३६ को नियम ५ (ख) मा उल्लिखित घरजग्गाको रजिस्ट्रेशन प्रयोजनको न्यूनतम मूल्य निर्धारण समितिमा प्रदेश तथा स्थानीय तहको प्रतिनिधित्व हुनेगरी नियम संशोधन हुन नेपाल सरकारसंग पहल गरिनेछ ।

४.४ प्राकृतिक स्रोतको परिचालन सम्बन्धमा छुट्टाछुट्टै कानुन रहेको र यिनीहरुको करारोपण र क्षेत्र अस्पष्टता रहेकाले प्राकृतिक स्रोतको परिचालन सम्बन्धमा एकीकृत कानुन बनाउन नेपाल सरकारसंग पहल गरिनेछ ।

४.५ अन्तर सरकारी वित्त व्यवस्थापन ऐनको दफा (५) मा संशोधन गरी स्थानीय तहले असूल गरेको घरजग्गा रजिस्ट्रेशन शुल्क, मनोरन्जन कर विज्ञापन कर र बहत्तर दहत्तर शुल्क बापतको रकम प्रदेश विभाज्य कोषमा जम्मा गर्ने र विभाजन कोषबाट नियमानुसार ६० प्रतिशत स्थानीय संचित कोषमा र ४० प्रतिशत रकम प्रदेश संचित कोषमा जम्मा हुनेगरी व्यवस्था मिलाइदिन नेपाल सरकारसंग अनुरोध गरिनेछ ।

४.६ यातायात क्षेत्रको राजस्व आम्दानीलाई थप व्यवस्थित गरी करारोपण र बाँडफाँडलाई वैज्ञानिक बनाउन यातायात व्यवस्था सम्बन्धी छुट्टै संघीय कानुन तर्जुमा हुन पहल गरिनेछ ।

५. राजस्व छुटमा पुनरावलोकन गर्ने:

५.१ अन्य प्रदेशहरूले गरिरहेको अभ्यासलाई समेत दृष्टिगत गरी घरजग्गा रजिष्ट्रेशन दस्तूर, सवारी साधन कर र कृषिमा आयकरमा हाल प्रदान गरिएको छुटहरुमा पुनरावलोकन गरिनेछ ।

५.२ मूल्य अभिवृद्धि कर र आन्तरिक उत्पादनको अन्तःशुल्कमा संघीय सरकारले अधिक छुट दिइरहेको र यस्तो छुट बढदै जांदा प्रदेशले प्राप्त गर्ने १५ प्रतिशत राजस्वको हिस्सा प्रभावित हुन जाने देखिदा हाल प्रदान गरिरहेको वस्तु तथा सेवाको छुटहरुमा पुनरावलोकन गरिदिन संघीय अर्थ मन्त्रालयसंग समन्वय गरिनेछ ।

६.करका दरहरुमा पुनरावलोकन गर्ने:

६.१ अन्य प्रदेशहरूको अभ्यास अनुकूल हुनेगरी विशेषतः घरजग्गा रजिस्ट्रेशन शुल्क, सवारी साधन कर, मनोरन्जन कर र कृषिमा आयकरका दरहरु पुनरावलोकन गर्दै लगिनेछ ।

६.२ स्थानीय तहले दर तोकी कार्यान्वयन गरिरहेको तर त्यसको ४० प्रतिशत अंश प्रदेशले प्राप्त गर्ने विज्ञापन कर र दहत्तर वहत्तर शुल्क निर्धारण र राजस्व परिचालनका सम्बन्धमा सम्वन्धित स्थानीय

KAMALA Solution & Suppliers Birendranagar, Surkhet

तहसंग समन्वय गरिनेछ ।

६.३ हाल प्रचलनमा रहेका दण्ड जरिवाना र सेवा शुल्कहरूको दरहरुलाई एकीकृत गरी आवश्यकता अनुसार पुनरावलोकन गरिनेछ ।

७. राजस्व बाँडफाँडबाट अधिकतम रकम प्राप्तिका लागि पहल गर्ने:

७.१ नेपाल सरकारबाट बाँडफाँड भई प्राप्त हुने राजस्व क्रमशः वृद्धि गर्न पहल गरिनेछ ।

७.२ राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग ऐनबाट निर्धारित ढांचा र आधारहरूमा राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगले क्षेत्रफल (भूगोल) तथा पूर्वाधार विकासमा हाल प्रदान गरिरहेको भारमा वृद्धि गरी पुनरावलोकन गरिदिन राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगसँग अनुरोध गरिनेछ ।

८ .राजस्व बाँडफाँडका विषयमा स्थानीय तहसँग सहकार्य गर्ने:

८.१ विगत आर्थिक वर्षहरुमा प्रत्येक स्थानीय तहले प्रदेश संचित कोषमा जम्मा गर्नुपर्ने राजस्व रकम एकिन गर्न प्रदेश योजना तथा आर्थिक मामिला तथा योजना मन्त्रालयको संयोजकत्वमा प्रदेश कोष तथा लेखा नियन्त्रक कार्यालयको समेत प्रतिनिधित्व रहनेगरी एक कार्यटोली बनाइनेछ ।

८.२ एकिन भएको रकम आर्थिक वर्ष २०८०/०८१ भित्र प्रदेश संचित कोषमा दाखिला गराइनेछ ।

८.३ प्रदेश तथा स्थानीय तहबीच बाँडफाँड हुने मनोरन्जन कर विज्ञापन कर र दहत्तर बहत्तर बापतको राजस्व रकमको अघिल्लो महिनाको मासिक बाँडफाँड विवरण पछिल्लो महिनाको १५ गतेभित्र प्रदेश लेखा नियन्त्रक कार्यालय र प्रदेश आर्थिक मामिला तथा योजना मन्त्रालयमा प्राप्त हुनेगरी स्थानीय तहसँग समन्वय गरिनेछ ।

९. राजस्व प्रशासन सुधारका लागि प्रभावकारी संस्थागत व्यवस्था मिलाउने:

९.१ आर्थिक मामिला तथा योजना मन्त्रालयमा रहेको राजस्व महाशाखामा रिक्त जनशक्ति पूर्ति गरी यसलाई राजस्व प्रशासन सुधार र मासिक राजस्व मास्केबारीको अनुगमन समेतको कार्यविवरण तोकिनेछ ।

९.२ आर्थिक मामिला तथा योजना मन्त्रालय, राजस्व महाशाखा र राजस्व संकलनसंग सम्बन्धित निकायका कर्मचारीका लागि क्षमता विकासका कार्यक्रमहरु संचालन गरिनेछ।

९.३ आर्थिक मामिला तथा योजना मन्त्रालय र स्थानीय तह तथा प्रदेश लेखा नियन्त्रक कार्यालय एवं राजस्व संकलनसंग सम्बन्धित निकायका बीचमा एकीकृत सूचना प्रणाली स्थापित गर्दै लगिनेछ ।

९.४ करदातामैत्री बातावरणबाट र करदाता सचेतनाबाट कर सहभागिता बढाई राजस्व संकलनमा वृद्धि गर्न प्रदेश यातायात कार्यालयलाई श्रोत साधन सम्पन्न गराई प्रशासनिक सुधार तथा पूर्वाधार निर्माण

सम्पन्न गरिनेछ ।

९.५ प्रदेशको बजेट तर्जुमा पूर्व परामर्श दिनका लागि सार्वजनिक क्षेत्र, निजीक्षेत्र र नागरिक समाजको विज्ञ प्रतिनिधित्व रहने गरी प्रदेश राजस्व बोर्ड गठन गरिनेछ ।

१०. प्राकृतिक स्रोतको रोयल्टी वृद्धि गर्ने:

१०.१ प्रदेशको हिमाल आरोहणका लागि आवश्यक पूर्वाधारको विकासमा जोड दिइनेछ ।

१०.२ खानीजन्य उद्योगको प्रवर्द्धनमा जोड गरिनेछ ।

१०.३ विद्युत उत्पादनमा निजी क्षेत्रलाई प्रोत्साहन गर्न पहल गरिनेछ ।

१०.४ वनजन्य वस्तुहरु बिक्रीबाट प्राप्त हुनुपर्ने रोयल्टीलाई व्यवस्थित गरिनेछ ।

११. करदाता सहभागिता बढाई राजस्व चुहावट नियन्त्रण गर्ने:

११.१ घरजग्गा मूल्यांकनलाई यथार्थपरक बनाई अनौपचारिक कारोवारलाई नियन्त्रण गर्दै लगिनेछ ।

११.२ ऐन, नियम र निर्देशिकाको प्रभावकारी कार्यान्वयन गरिनेछ ।

११.३ कर सहभागिता वृद्धि गर्न प्रवर्द्धनात्मक कार्यक्रमहरु संचालन गरिनेछन् । यस अन्तरगत सचेतना तथा अन्तरक्रिया कार्यक्रम, करदाता शिक्षा र संचार माध्यमवाट प्रचारप्रसार गरिनेछ ।

११.४ राजस्व प्रशासनमा स्वचालित प्रणाली (Automation System) लाई अवलम्बन गर्दै लगिनेछ ।

माथि उल्लिखित राजस्व सम्बन्धी सबै रणनीति तथा कार्यनीतिहरु प्रत्यक्षतः राजस्व परिचालनसंग सम्बन्धित देखिदैनन्। तथापि त्यस्ता रणनीति र कार्यनीतिहरुबाट आर्थिक कृयाकलापहरुमा बढोत्तरी भई थप राजस्व परिचालन हुन सक्ने अपेक्षा गरिएको छ। साथै कतिपय रणनीति तथा कार्यनीतिहरु प्रत्यक्षतः प्रदेश सरकारले मात्र कार्यान्वयन गर्न सक्ने प्रकृतिका छैनन्। त्यसका लागि संघीय सरकारको समर्थन सहित राज्यले नै आवश्यक पहल गर्नु पर्ने देखिदा प्रदेश सरकारवाट निरन्तर समन्वयात्मक पहल आवश्यक देखिन्छ ।

७.६ रणनीति र कार्यनीति कार्यान्वयनका लागि कार्यक्रमगत सुझाव

कर्णाली प्रदेशको राजधानी सुर्खेतको स्थलगत भ्रमण तथा कार्यक्षेत्रगत शर्तमा तोकिए बमोजिम दुई दुई वटा नगरपालिका र गाउंपालिकाको स्थलगत भ्रमणका क्रममा विभिन्न पदाधिकारीहरुबाट प्राप्त सुझावहरु र माथिल्ला परिच्छेदहरुमा उल्लेख गरिएका नियमहरुका आधारमा कर्णाली प्रदेशमा राजस्व परिचालन अभिवृद्धि गर्ने उद्देश्य प्राप्त गर्नको लागि पहिल्याइएका रणनीति अनुसार कार्य संचालन गर्न तल उल्लेखित कार्यक्रमहरु पहिचान गरिएका छन् । प्रादेशिक राजस्व परिचालनमा सहयोग पुग्ने, राजस्व परिचालनमा अति महत्वपूर्ण र व्यवस्थापकीय रुपमा कार्यान्वयनयोग्य यी कार्यक्रमहरु समयमै कार्यान्वयन भएमा आशातित राजस्वको लक्ष्य प्राप्त गर्न सकिने अपेक्षा गरिएको छ ।

KAMALA Solution & Su... Birendranagar

७.६.१ करको दायरा बढाउने कार्यक्रम

संविधानले प्रदेश सरकारलाई राजस्व परिचालन गर्न प्रदान गरेका कर तथा गैरकरका अधिकार क्षेत्र भित्र रही घर जग्गा रजिष्ट्रेशन शुल्क, सवारी साधन कर, मनोरन्जन कर, विज्ञापन कर, कृषि आयमा कर र अन्य कर तथा शुल्कमा थप कराधार पहिचान गरिएका छन् । यी स्रोतहरूवाट थप राजस्व परिचालन भइ प्रदेशको राजस्व वृद्धि हुने कार्यक्रमहरु प्रदेश सरकारले समयवद्ध रूपमा कार्यान्वयन गर्नु पर्ने गरी प्रस्तुत गरिएको छ ।

७.६.१.१ आर्थिक ऐनमा करका दर परिमार्जन

- नगरपालिका क्षेत्रको घरजग्गा रजिस्ट्रेशन तर्फ तीन पुस्ताभन्दा भित्रको शेष पछिको बकसपत्रको लिखतमा प्रति लिखत अन्य प्रदेशको तुलनामा कर्णाली प्रदेशको सबैभन्दा कम रु ५ हजार रहेकोमा कम्तिमा रु. २ हजार बढाउन उपयुक्त देखिन्छ ।
- तीन पुस्ता वाहिरको नामसारी गर्दा गण्डकी र सुदूरपश्चिम प्रदेशमा रु.१० हजार, बागमती प्रदेशमा रु ५ हजार सेवा शुल्क दर कायम भएकोमा कर्णाली प्रदेशमा अन्य सबै प्रदेश भन्दा न्यून रु.३ हजार दर रहेको हुदा कम्तिमा रु ३ हजार बढाउन उपयुक्त देखिन्छ ।
- घरजग्गा रजिस्ट्रेशन शुल्क तर्फको आर्थिक वर्ष २०७९/०८० को सबै प्रदेशहरूको दरको तुलनाको विस्तृत विवरण उल्लेख गरिएको अनुसूची नं.३ बमोजिम अरु प्रदेश भन्दा कम दर भएका लिखतमा अरु प्रदेश सरह कर्णाली प्रदेशमा दर कायम गर्न उपयुक्त देखिन्छ ।
- सवारी साधन कर तर्फ निजी सवारी साधनमा कार, जिप, भ्यान, माइक्रो बसको वार्षिक कर दर १००० सी.सी सम्मको सवारी साधनमा वार्षिक कर दर रु २० हजार रहेकोमा गण्डकी र बागमती प्रदेश सरह रु.२२ हजार बनाउन उपयूक्त हुने ।
- सवारी साधन कर तर्फ नै भाडामा दर्ता भएका सवारी साधनमा कार, जिप, भ्यान, माइक्रो बसको वार्षिक कर दर १३०० सी.सी. सम्मको सवारी साधनमा कम्तिमा सुदुर पश्चिम प्रदेश सरह रु.९००० गराउन उपयुक्त देखिन्छ ।
- भाडाका सवारी साधनले विद्यार्थी, जेष्ठ नागरिक, अशक्त तथा अपांगता भएका व्यक्तिहरुलाई सहुलितको रुपमा भाडामा छुट दिए वापत त्यस्ता सवारी साधनका धनीले तिर्नु पर्ने सवारी साधन करमा ५० प्रतिशत छुट दिइएकोमा वास्तविक रुपमा छुट पाइने नगरेकोले आगामी आ.व. देखि नै छुट प्रतिशत घटाई ३३ प्रतिशतमा ल्याउन उपयुक्त देखिएको ।
- मनोरन्जन करतर्फ आर्थिक वर्ष २०७९/०८० मा रयाफ्टिङ, वोटिङ प्याराग्लाइडिङ, रक क्लाइम्विङ, आदिमा वागमती प्रदेशमा ५ प्रतिशत दर कायम भएकोमा कर्णाली प्रदेशमा २ प्रतिशत दर रहेको हुँदा वागमती प्रदेशसँग मिल्दोजुल्दो कर कायम गर्न उपयुक्त देखिन्छ ।

७.६.१.२ आर्थिक ऐनमा नयां कर आधारमा कर लगाउने

- वागमती, गण्डकी एवम सुदुरपश्चिम प्रदेशले कृषि आयमा कर लगाए जस्तै गरी सो कृषि आयलाई कराधारमा ल्याउन व्यवसायिक कृषि आयको रु.१० लाख भन्दा बढीको वार्षिक आयमा निश्चित

प्रतिशत कर कर्णाली प्रदेशले लगाउनु उपयुक्त हुन्छ । विशेषतः संघ तथा प्रदेशबाट अनुदानप्राप्त कृषि तथा पशुजन्य उत्पादनलाई यसमा समेट्न सकिने ।

- कोशी र मधेश प्रदेशमा वन पैदावार बिक्री शुल्क लगाए जस्तै गरी वन पैदावार बिक्री लाई कराधारमा ल्याइ वन पैदावार बिक्रीमा निश्चित प्रतिशत कर कर्णाली प्रदेशले लगाउन सक्ने।
- मनोरन्जन करका आधारमा लुम्बिनी प्रदेशमा टि भि केवल नेटवर्क मा शुल्कको १ प्रतिशत र डिश टि भि को हकमा रिचार्ज रकमको २ प्रतिशत असुल गर्ने गरी थप आधारमा शुल्क लगाएको जस्तै गरी सो कर आधारमा कर्णाली प्रदेशले शुल्क लगाउन सक्ने।
- मनोरन्जन करका आधारमा लुम्बिनी प्रदेशमा दोहोरी सांझ, सांस्कृतिक प्रर्दशनी, कन्सर्टमा प्रति ग्राहक रु २५ असुल गर्ने गरी शुल्क लगाएको जस्तै गरी सो कर आधारमा कर्णाली प्रदेशले शुल्क लगाउन सक्ने ।
- फन पार्क,वाटर पार्क लगायतका पार्कमा कोशी प्रदेशले प्रति टिकट ३ प्रतिशत कर लगाए जस्तै कर्णाली प्रदेशले पनि लगाउन सक्ने ।
- भूमि व्यवस्था कृषि तथा सहकारी मन्त्रालय अन्तर्गत लिन सक्ने संभावित क्षेत्रहरुको विवरण बमोजिम (अनुसूची १ मा संलग्न गरिएको छ) सेवा शुल्क दस्तुर लगाउन सक्ने ।
- प्रदेशभित्रको विद्युतीय विज्ञापन (डिजिटल विज्ञापन) एवम् अन्य कारोबारमा विद्युतीय सेवा कर लगाउन सक्ने

७.६.१.३ संघीय सरकारबाट राजस्व बाँडफाँड वापत प्राप्त हुने रकम बढाउन पहल गर्ने

- राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगले राजस्व बाँडफाँड गर्दा लिएका आधार मध्ये प्रमुख आधारका रुपमा जनसङ्ख्या र जनसांख्यिक विवरण लाई ६० र क्षेत्रफल भूगोललाई १५ प्रतिशत भार दिइएको छ । यसलाई सन्तुलन मिलाउन जनसंख्या र जनसांख्यिक विवरणलाई ४० प्रतिशत भार दिइ त्यसबाट प्राप्त हुने २० प्रतिशत भार क्षेत्रफल भूगोलमा १० प्रतिशत र पूर्वाधारमा १० प्रतिशत थप गरी जनसङ्ख्या र जनसांख्यिक विवरण लाई ४० प्रतिशत, क्षेत्रफल भूगोललाई २५ प्रतिशत र पूर्वाधारलाई २० प्रतिशत भार दिइ सन्तुलन मिलाउने व्यवस्था गर्न कर्णाली प्रदेश सरकारले राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगसँग पहल गर्ने ।
- संघीय सरकारको वार्षिक बजेटमा संघीय सरकारबाट संचालन हुने आयोजनाहरुमा बढी विनियोजन भएका प्रदेशहरुको तुलनामा त्यस्ता आयोजनाहरु कम भइ यस्तो बजेट कम विनियोजन भएको कर्णाली प्रदेशमा बढी राजस्व बाँडफाँड रकम उपलब्ध गराउने गरी सन्तुलनकारी व्यवस्था मिलाउन कर्णाली प्रदेश सरकारले संघीय सरकारसंग पहल गर्ने ।
- उपलब्ध साधन स्रोत तथा आर्थिक विकासको प्रतिफलको न्यायोचित वितरण गर्ने राज्यको नीति अनुरुप गरिबी तथा मानव विकास सूचकांकका आधारमा कमजोर रहेको हुंदा सोही अनुरुप बढी राजस्व रकम उपलब्ध गराउने गरी संघीय सरकारसंग समन्वय र सहकार्य गर्दै यथोचित दवाव समेत सृजना गरी बाँडफाँडबाट प्राप्त हुने रकम बढाउन पहल गर्ने ।

KAMALA Solution & Suppliers Birendranagar, Surkhet

७.६.२ गैरकर राजस्व बढाउने

- कर्णाली प्रदेशमा प्रचुर मात्रामा पाइने जडिबुटीहरु जटामसी टिमुर लगायत सबै प्रकारका जडिबुटीहरुको प्रशोधन गर्ने प्लान्टको जडान गरी जडिबुटी प्रशोधन गरी निकासी बढाएर प्रदेशको कूल गार्हस्थ उत्पादन वृद्धिवाट राजस्व संकलनमा वृद्धि गर्ने कार्यक्रम कर्णाली प्रदेश सरकारले संचालन गर्ने ।
- कर्णाली प्रदेशका प्रमुख पर्यटकीय गन्तव्यहरु रारा, शेफोक्सुन्डो हिल्सा जस्ता स्थानको बिकास गरी त्यहाँ पर्यटकहरुलाई आकर्षित गरेर पर्यटन क्षेत्रको आय वृद्धि गरी राजस्व वृद्धि गर्ने कार्यक्रम गर्ने।
- कर्णाली नदीको सहायक भेरी नदीमा संचालित भेरी ववई वहुउद्देश्यीय आयोजनावाट प्राप्त सिचाइ सुविधा लुम्बिनी प्रदेशले पाए जस्तै गरी सो आयोजना बाट उत्पादित जलविद्युतको आय कर्णाली प्रदेशलाई हस्तान्तरण गराउन संघीय सरकारसंग आवश्यक पहल र समन्वय गर्ने ।
- डोल्पा, कालीकोट, दैलेख, जाजरकोटमा प्रचुर मात्रामा पाइने रत्न पत्थरलाई कटान गर्ने र प्रशोधन गर्ने प्लान्टको स्थापना गरेर सो को निकासीबाट राजस्व वृद्धि गर्ने कार्यक्रम कर्णाली प्रदेश सरकारले गर्ने ।
- पर्यटन उद्योगको प्रमुख क्षेत्र होटल व्यवसायको विकासमा प्रदेश सरकारको लगानी वृद्धि गरी पर्यटन क्षेत्रबाट राजस्व वृद्धि गर्ने कार्यक्रम संचालन गर्ने ।
- प्रदेशको पर्यटकीय पूर्वाधारबाट निश्चित प्रतिशत शूल्क लिने व्यवस्था गर्ने ।

७.६.३ स्थानीय तहसंग समन्वय गर्ने

- प्रदेश तथा स्थानीय तहका साझा कर अधिकारका कर तथा शुल्कबाट उठेको रकम प्रदेशको हिस्सा प्रदेश संचित कोषमा जम्मा हुने गरी पठाउने र स्थानीय तहको हिस्सा स्थानीय संचित कोषमा जम्मा हुने कार्यको आन्तरिक लेखा परिक्षण गरी यथार्थ रकम दुवै तहको संचित कोषमा जम्मा हुने व्यवस्था मिलाउने कार्यको समन्वय गर्न संघ तथा स्थानीय तहको समन्वयमा एउटा समन्यकारी संयन्त्रको स्थापना गर्न आवश्यक पहल गर्ने ।
- प्रदेश तथा स्थानीय तहको साझा कर अधिकारका करहरूको संकलन प्रकृयामा प्रभावकारिता ल्याउन स्थानीय तहको राजस्व संकलन र परिचालन क्षमता अभिवृद्धि गर्न स्थानीय तहसंग सहकार्य गर्ने कार्यक्रम प्रदेश सरकारले संचालन गर्ने ।
- विज्ञापन कर वापतको रकम केही पालिकाहरुले बुझाएको भनियतापनि आर्थिक मामिला तथा योजना मन्त्रालयमा प्राप्त भएको नदेखिदा शीर्षक खोली जम्मा गर्नका लागि समन्वय गर्ने ।

७.६.४ ऐन कानून तर्जुमा तथा संशोधन गर्ने

- प्रभावकारी राजस्व परिचालनका लागि प्रदेश कर तथा गैरकर निर्देशिका तर्जुमा गर्ने ।

- प्रदेश तथा स्थानीय तहका साझा कर अधिकारका करहरूको संकलन, विभाज्य कोषको व्यवस्था, राजस्व बाँडफाँड र प्रतिवेदन सम्बन्धमा अन्तरसरकारी वित्त व्यवस्थापन ऐन. २०७४ मा समसामयिक संशोधन गर्न संघीय सरकारसंग आवश्यक समन्वय गर्ने ।
- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६४ लाई आर्थिक ऐन, २०७५ को दफा ३४ ले खारेज गर्दा प्रदेश सरकारको राजस्वमा ठूलो धक्का लाग्ने देखिन्छ। अतः अन्य प्रदेशसंग मिली संयुक्त रूपमा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६४ को पुनःस्थापनाका लागि लबिङ गर्न अत्यन्त जरुरी छ। यो दफामा प्रदेश वा गाउंपालिका वा नगरपालिकाको दोहोरो अधिकार क्षेत्र भित्रका कर निर्धारण, सङ्कलन र बाँडफाँडको शीर्षक राखिएको छ। यस शीर्षकको उपदफा (१) (घ) अनुसार ढुङ्गा, गिट्टी, स्लेट, बालुवा, चुनढुङ्गा, खरीढुङ्गा, अभ्रख र दहत्तर बहत्तरमा प्राकृतिक स्रोत करको दर र प्रक्रिया प्रदेशले निर्धारण गर्ने र गाउंपालिका वा नगरपालिकाले संकलन गर्ने भनिएको छ । यसबाट प्रष्ट हुन्छ कि ढुङ्गा, गिट्टी, स्लेट, बालुवामा प्रदेश र स्थानीय सरकारको दोहोरो स्वामित्व रहन्छ। यो दफा रहँदासम्म कर्णाली प्रदेशको आर्थिक ऐन, २०७९ का अनुसार रोडा, ढुङ्गा, गिट्टी, बालुवा र दहत्तर बहत्तर सङ्कलनबाट उठेको शुल्क मध्ये साठी प्रतिशत रकम गाउंपालिका वा नगरपालिकाले स्थानीय संचित कोषमा राखी चालीस प्रतिशतले हुने रकम प्रदेश संचित कोषमा जम्मा गर्नुपर्ने छ भन्ने प्रावधान विधिसम्मत देखिन्छ।

  तर आर्थिक ऐन, २०७५ को दफा ३४ ले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६४ खारेज गरेको हुंदा, ढुङ्गा, गिट्टी, स्लेट, बालुवा, दहत्तर बहत्तर आदिमा प्रदेश सरकारको साझा अधिकारको क्षेत्रमा अन्योलता भएको हुंदा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६४ पुनर्जिवित गर्न आवश्यक छ।
- केही नेपाल ऐन संशोधन गर्ने ऐन, २०७५ मा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ संशोधन गरिएको छ। यो संशोधनमा दफा ६२ पछि ६२ (क) थपिएको छ। संशोधन पछिको दफा ६२ (क) का अनुसार गाउंपालिका वा नगरपालिकाले स्लेट, ढुङ्गा, गिट्टी, बालुवा र दहत्तर बहत्तर बिक्री गर्न सक्नेछन् र बिक्रीबाट प्राप्त रकम गाउंपालिका वा नगरपालिकाको संचित कोषमा जम्मा गर्नुपर्ने छ। यसैलाई आधार मानी केही नगरपालिकाले ढुङ्गा, गिट्टी, बालुवा र दहत्तर बहत्तर बिक्रीबाट प्राप्त रकमको ४० प्रतिशत रकम प्रदेश सरकारमा नपठाएको पाइएको छ। अतः स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६२ (क) को नम्बर ३ संशोधन गर्नुपर्ने देखिदा संघीय सरकारसंग आवश्यक समन्वय गर्ने।

७.६.५ सूचना प्रविधिको उपयोग सम्बन्धी

- सूचना प्रविधिको विकास गरी राजस्व संकलनमा सहजता ल्याइने, राजस्व प्रशासनमा कार्यरत जनशक्तिलाई सूचना प्रविधि सम्बन्धी तालिम प्रदान गरिने र विधुतीय कर अभिलेख प्रणाली स्थापना गरी स्थानीय तहको समेत आर्थिक तथा वित्तीय तथ्यांकलाई एकीकृत सूचना प्रणालीमा आवद्ध गर्ने कार्यक्रम ल्याई कार्यान्वयन गर्ने ।

- आधुनिक प्रबिधियुक्त सफ्टवेयरहरु सहितका कम्प्युटरहरुको जडानको व्यवस्था मिलाइ सूचना प्रविधिको माध्यमबाट राजस्व संकलनमा सहजता ल्याउने ।
- सवारी चालक अनुमतिपत्र बाहेकका सेवा शुल्क जस्तै सवारी रुट अनुमति, पटके रुट अनुमति, प्रमाणीकरण दस्तुर, सवारी जाँचपास लगायतका सेवा शुल्कमा प्रविधिको प्रयोग गर्ने ।

७.६.६ संस्थागत व्यवस्था र सुधार सम्बन्धी

- प्रदेश राजस्व प्रशासन संचालन गर्न छुट्टै महाशाखाको रुपमा स्थापना भएको महाशाखालाई सवलीकरण गर्ने, राजस्व प्रशासनमा कार्यरत जनशक्तिको क्षमता बिकास, सूचना प्रविधिको विकास गरी राजस्व संकलनमा सहजता ल्याइने र राजस्व प्रशासनमा कार्यरत जनशक्तिलाई सूचना प्रविधि सम्बन्धी तालिम प्रदान, राजस्व प्रशासनलाई श्रोत साधन सम्पन्नका साथ सवल, सक्षम र सुदृढ बनाउने, करदाता मैत्री राजस्व प्रशासनको माध्यमबाट कर संकलनमा वृद्धि गर्ने, विधुतीय कर अभिलेख प्रणाली स्थापना गरी स्थानीय तहको समेत आर्थिक तथा वित्तीय तथ्यांकलाई एकीकृत सूचना प्रणालीमा आवद्ध गर्ने ।
- अहिलेको सवारी साधन कर प्रशासनमा सुधार गरी सेवाग्राहीले सजिलो तरीकाबाट कर तिर्न सक्ने गरी सवारी साधन करको प्रशासन गर्ने निकाय प्रदेश यातायात व्यवस्था कार्यालयको प्रशासनिक कार्य प्रणालीमा सुधार तथा पूर्वाधार विकास गर्ने कार्यक्रम संचालन गर्ने ।

७.६.७ करदाता सचेतना वृद्धि गर्ने सम्बन्धी

- राजस्व सम्बन्धी सचेतनामूलक सामग्रीहरुको प्रचार प्रसार, राजस्व सम्बन्धी जानकारीमूलक सन्देशहरु बिभिन्न संचार माध्यमवाट प्रशारण र प्रदेश आर्थिक ऐनहरुलाई आम जनताको जानकारीमा ल्याउने गरी अन्तरक्रिया गर्ने जस्ता कार्यक्रम संचालन गर्ने।
- प्रदेश उद्योग वाणिज्य महासंघ र प्रदेश घरेलु तथा साना उद्योग महासंघ लगायतका निजीक्षेत्र संग समन्वय गरी राजस्व सम्बन्धी जानकारीमूलक सामाग्रीहरुको जानकारी आम जनतामा पुर्याउने कार्यक्रम संचालन गर्ने ।

७.६.८ राजस्व चुहावट नियन्त्रण सम्बन्धी

- राजस्व प्रशासन सम्बन्धी ऐन, नियम र निर्देशिकाहरुको प्रभावकारी कर्यान्वयन, सूचना प्रबिधिको प्रयोगबाट राजस्व संकलन र प्रतिवेदन हुने स्वचालित प्रणाली विकास र राजस्व संकलन सम्बन्धी कार्यको प्रभावकारी अनुगमन गरी राजस्व चुहावट नियन्त्रण गर्ने कार्यक्रम संचालन गर्ने ।
- राजस्व चुहाबट नियन्त्रण गर्न प्रवर्द्धनात्मक, उपचारात्मक र निरोधात्मक क्रियाकलाप संचालन गर्ने।

माथि उल्लिखित कार्यक्रम लगायत थप कार्यक्रमहरु समेत समावेश भएको कार्यान्वयन कार्ययोजनाको विवरण तल ७.७.१ मा उल्लेख गरिएको छ ।

७.७ कार्ययोजना

अगाडिका परिच्छेदहरुमा उल्लिखित गरिएका विषय तथा कार्यनीतिहरुलाई प्रभावकारी रुपमा कार्यान्वयन गर्नका लागि विभिन्न कार्यक्रम र कार्यक्रम अनुसारका तपसिल बमोजिमका क्रियाकलाप गर्ने गरी कार्ययोजना तयार गरिएको छ :

तालिका नं. ७ .७.१ कार्ययोजना

७.७.१. कर राजस्व सुधार कार्ययोजना

सि.न.	कार्यक्रम/ राजस्वका शीर्षक	क्रियाकलाप	कार्यान्वयन गर्ने निकाय	सहयोगी निकाय	समयावधि
१	कृषि आयमा कर	• व्यवसायिक कृषि तथा पशुपालनका लागि विशेषतः संघ तथा प्रदेशबाट अनुदान प्राप्त गरिरहेका वा बैंक तथा वित्तीय संस्थाबाट लिने व्याज अनुदान प्राप्त गरेका कृषकहरु,फर्म तथा कम्पनीहरुको तथ्यांक अद्यावधिक गर्ने।	भूमि व्यवस्था कृषि तथा सहकारी मन्त्रालय	कृषि विकास निर्देशनालय तथा कृषि विकास कार्यालय तथा स्थानीय तह	वि.स.२०८० पौष मसान्त सम्म
		• व्यवसायिक कृषि लाई प्रोत्साहित गरी १० लाख भन्दा बढी वार्षिक व्यवसायिक कृषि आम्दानी गर्ने कृषकबाट कृषि उपजको प्रारम्भिक चरणको विक्रिबाट प्राप्त हुने कृषि आयमा कर लगाउने ।	आर्थिक मामिला तथा योजना मन्त्रालय	संघीय सरकार र स्थानीय तह	आ. व. २०८०/०८१ बाट
२	सवारी साधन कर	• गाडीहरुको आयु र गाडीले पार गरेको दूरीको आधारमा सवारी साधनको करको दर अनुपातिक हिसाबमा बढाउँदै लैजाने ।	आर्थिक मामिला तथा योजना मन्त्रालय	भौतिक पूर्वाधार विकास मन्त्रालय	आ. व. २०८०/०८१ देखि शुरु गरी निरन्तरता दिने
		• सार्वजनिक निर्माणको ठेक्का सम्झौतामा सवारी साधन र मेशिनहरुको अनिवार्य नवीकरण पेश गर्नुपर्ने प्रावधान राखिनुपर्ने।	भौतिक पूर्वाधार विकास मन्त्रालय	स्थानीय तह	वि.स.२०८१ असार सम्म
३	विज्ञापन कर	• विज्ञापनका सामाग्री तथा प्रयोग हुन सक्ने यथार्थ स्थानहरुको पहिचान गर्ने।	स्थानीय तह	टोल विकास संस्था	वि.स.२०८१ वैशाख मसान्त सम्म
		• प्रदेश कर तथा गैर कर सम्बन्धी ऐन,२०७५ अनुसार अनुमती लिए नलिएको अनुगमन गर्ने ।	आर्थिक मामिला तथा योजना मन्त्रालय	स्थानीय तह	चौमासिक रुपमा
		• विज्ञापन करका सम्बन्धमा प्रदेशभरका लागि मार्गदर्शन कानुन बनाउने ।	आर्थिक मामिला तथा योजना मन्त्रालय	संघीय सरकार र स्थानीय तह	वि.स.२०८१ पौष सम्म

KAMALA Solution & S...

सि.न.	कार्यक्रम/ राजस्वका शीर्षक	क्रियाकलाप	कार्यान्वयन गर्ने निकाय	सहयोगी निकाय	समयावधि
४	मनोरन्जन कर	• ढुंगा चलाउने, र्‍याफ्टिङ गर्ने, प्याराग्लाइडिङ, गायन महोत्सव, दोहोरी सांझ, तिरिर पाइने टि.भी. सेवा, आदिमा मनोरञ्जन कर लगाउने ।	आर्थिक मामिला तथा योजना मन्त्रालय	स्थानीय तह	आ.व. २०८०/०८१ बाट
		• स्थानीय सरकारसंग मिली सिनेमा, डकुमेन्ट्री, मेला महोत्सव, नाचगृह, फनपार्क आदिको विकास र निर्माणमा जोड दिने ।	प्रदेश सरकार	संघीय सरकार तथा स्थानीय तह	आ. व. २०८०/०८१ देखि शुरु गरी निरन्तर
		• पालिकामा उठेको मनोरन्जन कर प्रदेशमा आएको नदेखिएको हुंदा यसतर्फ आवश्यक समन्वय गर्ने ।	आर्थिक मामिला तथा योजना मन्त्रालय	संघीय सरकार र स्थानीय तह	वि.स.२०८० पौष सम्म
५	घर जग्गा रजिष्ट्रेशन दस्तुर	• घरजग्गा मूल्यांकनलाई यथार्थपरक बनाउने ।	न्यूनतम मूल्य निर्धारण समिति	संघीय तथा प्रदेश सरकार	वि.स.२०८० श्रावण सम्म
		• घरजग्गाको हाल न्यूनतम मूल्याङ्कन प्रत्येक वर्ष वृद्धि गर्दै कम्तिमा ३ वर्षभित्र वास्तविक कारोबार मूल्यको नजिक हुने गरी पुनरावलोकन गर्ने ।	न्यूनतम मूल्य निर्धारण समिति	संघीय तथा प्रदेश सरकार तथा आम सरोकारवाला	वि.स.२०८३ श्रावण सम्म
		• सम्पूर्ण स्थानीय तहमा बनेका कच्ची तथा पक्की बाटाहरुको यथार्थ अभिलेख राखी मूल्यांकन गर्ने ।	भौतिक पूर्वाधार विकास मन्त्रालय	संघीय सरकार र स्थानीय तह	आ. व. २०८०/०८१ देखि शुरु गरी निरन्तर

७.७.२ गैर कर राजस्व सुधार कार्ययोजना

सि.न.	कार्यक्रम/ राजस्वका शीर्षक	क्रियाकलाप	कार्यान्वयन गर्ने निकाय	सहयोगी निकाय	समयावधि
१	सेवा शुल्क दस्तुर	• प्रदेशमा संचालित उद्योगको तथ्याकं अद्यावधिक गरी नवीकरण तथा वीलम्व शुल्क लिने ।	उद्योग पर्यटन वन तथा वातावरण मन्त्रालय	उद्योग तथा उपभोक्ता हित संरक्षण निर्देशनालय	आ. व. २०८०/०८१ देखि निरन्तर
		• प्रदेश सरकार अन्तर्गत भूमि व्यवस्था मन्त्रालय र मातहतमा रहेका निकायहरुले पशुपंक्षी उपचार दर्ता शुल्क, शव परीक्षण शुल्क, वीउ बीजन प्रमाणीकरण जस्ता सेवाबाट सेवा शुल्क लिने।	भूमि व्यवस्था कृषि तथा सहकारी मन्त्रालय	प्रदेश सरकार	आ.व. २०८०/०८१ देखि

सि.न.	कार्यक्रम/ राजस्वका शीर्षक	क्रियाकलाप	कार्यान्वयन गर्ने निकाय	सहयोगी निकाय	समयावधि
		• राजस्व प्रशासन तथा सेवा प्रवाहमा सरलीकरण गर्ने ।	आर्थिक मामिला तथा योजना मन्त्रालय	राजस्व प्रशासन संग सम्वन्धित सम्पूर्ण निकायहरु	आ. व. २०८०/०८१ देखि निरन्तर
		• सेवा शुल्क लिन सकिने थप क्षेत्रहरु पहिचान गर्ने ।	अर्थ तथा प्राकृतिक स्रोत समिति	प्रदेश सरकार र स्थानीय तह	वि.स.२०८१ पौष सम्म
२	पर्यटन शुल्क	• स्थानीय तह मार्फत पर्यटकीय स्थल पहिचान गर्ने ।	स्थानीय तह	टोल विकास संस्था तथा स्थानीय नागरिक	वि.स.२०८१ पौष मसान्त सम्म
		• पदयात्रा तथा साहसिक पर्यटन गतिविधि बढाई प्रचार प्रसार गरी पर्यटन व्यवसायलाई अगाडी बढाउने ।	उद्योग पर्यटन वन तथा वातावरण मन्त्रालय	स्थानीय तह तथा निजी क्षेत्र	आ. व. २०८०/०८१ देखि निरन्तर
		• नदीजन्य पदार्थबाट निस्कने ढुंगा गिट्टी बालुवालाई घाटगद्दी गरेर मात्र बिक्री गर्नेका लागि आवश्यक व्यवस्था मिलाउने ।	स्थानीय तह	प्रदेश सरकार, निजी क्षेत्र	आ.व. २०८१/०८२ देखि
		• ठेक्का अवधि सकिएपछि घाटगद्दीमा रहने पदार्थ स्वत सम्वन्धित स्थानीय तहको हुने व्यवस्था कार्यान्वयनमा ल्याउने ।	स्थानीय तह	प्रदेश सरकार, निजी क्षेत्र	आ.व. २०८०/०८१ देखि
३	दहत्तर वहत्तर	• ठेक्का प्रकृया, घाटगद्दी, चोरी निकासी लगायतका काममा सहजीकरण अभिभाकत्व प्रदानका लागि टास्क फोर्स गठन गर्ने।	जिल्ला समन्वय समिति	आन्तरिक मामिला मन्त्रालय तथा स्थानीय तह	वि.स.२०८० भाद्र सम्म
		• नतिजामूलक अनुगमन मूल्यांकन गर्ने ।	जि.स.स., स्थानीय तह	स्थानीय तह, नजिकको प्रहरी कार्यालय टोल विकास संस्था	आ.व. २०८०/०८१ देखि निरन्तर अनुगमन र चौमासिक रुपमा मूल्यांकन
४	दण्ड जरिवाना	• कानुनको प्रभावकारी कार्यान्वयन भए नभएको मुल्यांकन गर्ने ।	सम्वन्धित मन्त्रालय	तीनवटै तह तथा निजी क्षेत्र	चौमासिक रुपमा

KAMALA
Solution & S...
Birendranagar

सि.न.	कार्यक्रम/ राजस्वका शीर्षक	क्रियाकलाप	कार्यान्वयन गर्ने निकाय	सहयोगी निकाय	समयावधि
		• नियम-कानुन उल्लङ्घन जस्तै सवारी चलाउंदा फोन प्रयोग गरेको , अनुमती नलिई विज्ञापन गर्ने गरेको लगायतका पहिचान भइसकेका कार्यहरुमा दण्ड जरिवाना लिने व्यवस्थाको प्रभावकारी कार्यान्वयन गर्ने ।	सवारीको हकमा ट्राफिक कार्यालय र विज्ञापनको हकमा स्थानीय न्यायिक समित	स्थानीय तह नागरिक समाज	वि.स.२०८१ श्रावण देखि ।
५	प्राकृतिक स्रोतको रोयल्टी वृद्धि	• प्रदेश अन्तर्गतका हिमाल आरोहरणका लागि आवश्यक प्रचार प्रसार तथा पूर्वाधारको विकासमा जोड दिने ।	उद्योग,पर्यटन वन तथा वातावरण मन्त्रालय	तीनवटै तहका सरकार तथा	आ. व. २०८०/०८१ देखि निरन्तर
		• खानीजन्य उद्योगको प्रवर्द्धनमा जोड दिने ।	उद्योग,पर्यटन वन तथा वातावरण मन्त्रालय	संघीय तथा प्रदेश सरकार	आ. व. २०८०/०८१ देखि निरन्तर
		• वनजन्य वस्तुहरु विक्रीबाट प्राप्त हुनुपर्ने रोयल्टीलाई क्रमशः वृद्धि गर्दै जाने ।	उद्योग,पर्यटन वन तथा वातावरण मन्त्रालय	वन कार्यालय एवम सामुदायिक वन समिति	आ. व. २०८०/०८१ देखि निरन्तर

७.७.३. राजश्व प्रशासन सुधार कार्ययोजना

सि.न.	कार्यक्रम	क्रियाकलाप	कार्यान्वयन गर्ने निकाय	सहयोगी निकाय	समयावधि
१	राजस्व प्रशासन सुधारका लागि प्रभावकारी संस्थागत व्यवस्था	• आर्थिक मामिला तथा योजना मन्त्रालयमा रहेको राजस्व महाशाखामा रिक्त जनशक्ति पदपूर्ति गर्ने ।	आर्थिक मामिला तथा योजना मन्त्रालय	संघीय सरकार, प्रदेश लोक सेवा आयोग	आ.व. २०८०/०८१ भित्र
		• अर्थ तथा प्राकृतिक स्रोत समिति , आर्थिक मामिला तथा योजना मन्त्रालय, राजस्व महाशाखा, मन्त्रालय तथा कार्यालयका राजस्व हेर्ने कर्मचारी र स्थानीय तहको राजस्व प्रक्षेपण समिति र राजस्व हेर्ने कर्मचारीका लागि क्षमता विकास कार्यक्रम संचालन गर्ने ।	प्रदेश सुशासन केन्द्र	तीन वटा तहका सरकार तथा गैह्र सरकारी संस्था	आ. व. २०८०/०८१ देखि निरन्तर
		• प्रदेश तथा स्थानीय तहले संचालन गर्ने राजस्व व्यवस्थापन सम्बन्धी Sofware लाई Networking & Integration गरी आवश्यक सूचना आदान प्रदान गर्ने ।	प्रदेश लेखा नियन्त्रक कार्यालय	संघीय सरकार, आर्थिक मामिला तथा योजना मन्त्रालय, स्थानीय तह	वि.स.२०८१ भित्र

सि.न.	कार्यक्रम	क्रियाकलाप	कार्यान्वयन गर्ने निकाय	सहयोगी निकाय	समयावधि
		• करदातामैत्री वातावरणबाट र करदाता सचेतनाबाट कर सहभागिता बढाई राजस्व संकलनमा वृद्धि गर्न प्रदेश यातायात कार्यालयलाई साधन सम्पन्न बनाई प्रशासनिक सुधार तथा पूर्वाधार निर्माण सम्पन्न गर्ने।	भौतिक पूर्वाधार विकास मन्त्रालय	आर्थिक मामिला तथा योजना मन्त्रालय,यातायात कार्यालय	आ.व. २०८०/०८१ बाट शुरु गरी २०८१/०८२ सम्म ।
		• लिलाम गर्नुपर्ने मालवस्तुहरु यथासीघ्र लिलाम गर्ने ।	सम्बन्धित निकाय	कोष तथा लेखा नियन्त्रक,जिल्ला प्रशासन कार्यालय	वि.स.२०८० भित्र
		• स्थानीय तहबाट असूल हुने राजस्वका लागि शीर्षकगत रुपमै (जस्तै बांडफाडबाट प्रास हुने दहत्तर बहत्तर/राजस्व महाशाखा अन्तर्गत छुट्टै डेस्क संचालन गरी राजस्व अभिवृद्धि गर्ने।	आर्थिक मामिला तथा योजना मन्त्रालय	स्थानीय तह , प्रदेश प्रहरी कार्यालय	वि.स.२०८० कार्तिक सम्म
		• स्थानीय करको सम्वन्धमा आपसी सहकार्यको सिद्धान्तका आधारमा अभीमुखीकरण तथा अन्य क्षमता विकासका कार्यक्रम संचालन गर्ने ।	आर्थिक मामिला तथा योजना मन्त्रालय	संघीय सरकार र स्थानीय तह तथा प्रदेश शुशासन केन्द्र ।	आ.व.२०८०/०८१ देखि निरन्तर
		• प्रदेशको समग्र राजस्व व्यवस्थापन प्रभावकारी गराउनका लागि स्वतन्त्र प्रदेश राजस्व बोर्ड गठन गर्ने ।	आर्थिक मामिला तथा योजना मन्त्रालय	संघीय सरकार तथा अर्थ तथा प्राकृतिक स्रोत समिति	वि.स.२०८० पौष मसान्त सम्म
२	प्रदेश सरकारको कार्यसम्पादन स्तर बढाउने	• विनियोजित रकममा खर्च प्रतिशत बढाउनका लागि आ.व.को शुरुमा नै प्रत्येक निकायले वार्षिक कार्ययोजना गराएर क्रियाकलाप संचालन गर्न लगाउने ।	मुख्य मन्त्री तथा मन्त्रिपरिषदको कार्यालय	सम्बन्धित निकायहरु	वि.स.२०८० श्रावण सम्म
		• बेरुजु असूल र आगामी दिनमा बेरुजू न्यूनीकरण गर्नका लागि जनशक्तिको क्षमता विकास गर्ने ।	प्रदेश लेखा नियन्त्रक कार्यालय	प्रदेश सरकार, प्रदेश सुशासन केन्द्र	आ.व. २०८०/०८१ बाट निरन्तर
		• खर्च र राजस्वको सोझो सम्बन्ध हुने हुंदा सरकारको खर्च गर्ने क्षमता बढाउनका लागि प्रत्येक चौमासिकमा समीक्षा गर्ने ।	आर्थिक मामिला तथा योजना मन्त्रालय	तीनवटै तहका सरकार एवम निजी क्षेत्र	प्रत्येक चौमासिक
		• यथार्थमा आधारित भएर राजस्व प्रक्षेपित गरिनुका साथै अनुमान गरिए अनुसार राजस्व संकलन गर्ने।	आर्थिक मामिला तथा योजना मन्त्रालय	संघीय,प्रदेश तथा स्थानीय सरकार	आ.व. २०८०/०८१ बाट निरन्तर
३	करदाता सहभागिता बढाई राजस्व	• कर सहभागिता वृद्धि गर्न सचेतना कार्यक्रम, करदाता शिक्षा लगायतका प्रवर्द्धनात्मक कार्यक्रमहरु संचालन गर्ने।	आर्थिक मामिला तथा योजना मन्त्रालय	आन्तरिक राजस्व कार्यालय, स्थानीय तह तथा निजी क्षेत्र	आ.व. २०८०/०८१ देखि निरन्तर

KAMALA Solution & Suppliers Birendranagar

सि.न.	कार्यक्रम	क्रियाकलाप	कार्यान्वयन गर्ने निकाय	सहयोगी निकाय	समयावधि
	चुहावट नियन्त्रण	• Tax maping को कार्यद्वारा कर चुहावट नियन्त्रणका साथै कर सहभागिता अभिवृद्धि कार्यमा स्थानीय तहमा गठित टोल विकास संस्थालाई परिचालन गर्ने ।	स्थानीय तह	टोल विकास संस्था	आ.व. २०८०/०८१ बाट शुरु गरी निरन्तर

७.७.४ नीतिगत तथा कानुनी सुधार कार्ययोजना

सि.न.	कार्यक्रम	क्रियाकलाप	कार्यान्वयन गर्ने निकाय	सहयोगी निकाय	समयावधि
१	राजस्वको दायरा बढाउने	• प्रदेशमा संभावित खानी तथा खनिज पदार्थको उत्खननमा जोड दिनुका साथै जलविद्युत क्षेत्रमा लगानी बढाउने ।	उद्योग, पर्यटन वन तथा वातावरण मन्त्रालय	संघीय सरकार निजी क्षेत्र	आ.व. २०८०/०८१ बाट शुरु गरी निरन्तर
		• प्रदेशले निर्माण र संघीय सरकारबाट हस्तान्तरण भएका पर्यटकीय स्थलको प्रदेशमा पर्यटन शुल्क लगाउने ।	प्रदेश सरकार	उद्योग, पर्यटन वन तथा वातावरण मन्त्रालय तथा आर्थिक मामिला तथा योजना मन्त्रालय	आ.व. २०८०/०८१ देखि
		• सबै स्थानीय तहले अनिवार्य राजस्व सुधार योजना तयार गरी कार्यान्वयन गर्ने ।	सम्बन्धित स्थानीय तह	प्रदेश सुशासन केन्द्र, आर्थिक मामिला तथा योजना मन्त्रालय	आ.व. २०८०/०८१ सम्म
		• अन्य प्रदेशहरुको वनजन्य उत्पादनहरुमा करारोपण गरिरहेका दृष्टान्तको आधारमा वन पैदावामा विकी शुल्क लगाई करारोपण गर्ने ।	आर्थिक मामिला तथा योजना मन्त्रालय	उद्योग, पर्यटन वन तथा वातावरण मन्त्रालय	आ.व. २०८०/०८१ देखि
		• कर्णाली नदीको सहायक भेरी नदीमा बबई ब्रहुउद्धेश्यीय आयोजनाबाट प्राप्त सिंचाई सुविधा लुम्बिनी प्रदेशले पाए जस्तै गरी सो आयोजनाबाट उत्पादित विद्युतको आय कर्णाली प्रदेशलाई हस्तान्तरण गराउन संघीय सरकारसंग आवश्यक पहल गर्ने।	अर्थ तथा प्राकृतिक स्रोत समिति	मुख्य मन्त्री तथा मन्त्रिपरिषदको कार्यालय र आर्थिक मामिला तथा योजना मन्त्रालय	आ.व. २०८१/०८२ भित्र
		• घरजग्गा रजिष्ट्रेशन प्रयोजनार्थ निर्धारित न्यूनतम मूल्य वास्तविक कारोबार मूल्य भन्दा धेरै कम रहेकोले हालको न्यूनतम मूल्यलाई क्रमशः वृद्धि गरी करको दायरा विस्तार गर्ने ।	न्यूनतम निर्धारण मूल्यांकन समिति	जिल्ला प्रशासन मालपोत कार्यालय एवम स्थानीय तह	आ.व. २०८०/०८१ भित्र

सि.न.	कार्यक्रम	क्रियाकलाप	कार्यान्वयन गर्ने निकाय	सहयोगी निकाय	समयावधि
		• संघीय सरकारबाट संचालन भएका आयोजनाहरु लगायत अन्य प्रतिफलमूलक आयोजनामा शेयर लगानी गर्ने ।	आर्थिक मामिला तथा योजना मन्त्रालय	संघीय तथा प्रदेश सरका र निजी क्षेत्र	आ.व. २०८०/०८१ बाट शुरु गरी निरन्तर
		• कृषिजन्य वस्तुहरुको प्रमाणीकरण तथा पशुपंक्षीहरुको परीक्षण,शव परीक्षण लगायतका शीर्षकमा सेवा शुल्क निर्धारण गर्ने ।	आर्थिक मामिला तथा योजना मन्त्रालय	भूमि व्यवस्था कृषि तथा सहकारी मन्त्रालय	आ.व. २०८०/०८१ देखि
२	राजस्वका दरहरुमा पुनरावलोकन	• अन्य प्रदेशहरुको अभ्यास अनुकूल तथा लागत प्रभावी हुनेगरी विशेषत : घरजग्गा रजिष्ट्रेशन शुल्क,सवारी साधन कर,मनोरन्जन कर र कृषि आयकरका दरहरु पुनरावलोकन गर्ने ।	अर्थ तथा प्राकृतिक स्रोत समिति	आर्थिक मामिला तथा योजना मन्त्रालय	आ.व. २०८१/०८२ देखि
		• स्थानीय तहले दर तोकी कार्यान्वयन गरिरहेको तर त्यसको ४० प्रतिशत अंश प्रदेशले प्राप्त गर्ने विज्ञापन कर र दहत्तर बहत्तर शुल्क निर्धारण र राजस्व परिचालनका सम्बन्धमा स्थानीय तहसंग समन्वय गर्ने ।	प्रदेश समन्वय परिषद	आर्थिक मामिला तथा योजना मन्त्रालय, स्थानीय तह	आ.व. २०८१/०८२ देखि निरन्तर
		• हाल प्रचलनमा रहेका दण्ड जरिबाना र सेवा शुल्कहरुको दरहरुलाई एकीकृत गरी आवश्यकताअनुसार पुनरावलोकन गर्ने ।	सम्बन्धित मन्त्रालय	अर्थ तथा प्राकृतिक स्रोत समिति आर्थिक मामिला तथा योजना मन्त्रालय , स्थानीय तह	वि.स. २०८० वैशाख मसान्त सम्म
		• आर्थिक वृद्धिदरका आधारमा राजस्वका दर अनुपातिक आधारमा बढाउंदै लानु पर्ने ।	आर्थिक मामिला तथा योजना मन्त्रालय	अर्थ तथा प्राकृतिक स्रोत समिति, स्थानीय तह	आ.व. २०८०/०८१ देखि निरन्तर
३	राजस्व छुटमा पुनरावलोकन	• अन्य प्रदेशहरुले गरिरहेको अभ्यासलाई समेत पुनरावलोकन गरी घरजग्गा रजिष्ट्रेशन दस्तुर,सवारी साधन कर र कृषि आयकरमा हाल प्रदान गरिरहेको छुटमा पुनरावलोकन गर्ने।	आर्थिक मामिला तथा योजना मन्त्रालय	अर्थ तथा प्राकृतिक स्रोत समिति, स्थानीय तह	आ.व. २०८०/०८१
		• मूल्य अभिवृद्धि कर र आन्तरिक उत्पादनको अन्त शुल्कमा संघीय सरकारले अधिक छुट दिइरहेको र यस्तो छुट बढ्दै जांदा प्रदेशले प्राप्त गर्ने १५ प्रतिशत राजस्वको हिस्सा प्रभावित हुन जाने देखिदा हाल प्रदान गरिरहेको वस्तु तथा सेवाको छुटहरुमा पुनरावलोकन गरिदिन संघीय अर्थ मन्त्रालयसंग समन्वय गर्ने ।	आर्थिक मामिला तथा योजना मन्त्रालय	संघीय सरकार, अर्थ तथा प्राकृतिक स्रोत समिति र स्थानीय तह	आ.व. २०८०/०८१ पौष मसान्त सम्म

KAMALA Solution & Sup

सि.न.	कार्यक्रम	क्रियाकलाप	कार्यान्वयन गर्ने निकाय	सहयोगी निकाय	समयावधि
		• प्रदेश राजस्व सम्बन्धी एकीकृत कानुन तर्जुमा गर्ने र सो को आधारमा प्रदेश राजस्व कार्यविधि बनाउने ।	आन्तरिक मामिला तथा कानुन मन्त्रालय	अर्थ तथा प्राकृतिक स्रोत समिति, प्रदेश समन्वय परिषद, आर्थिक मामिला तथा योजना मन्त्रालय तथा स्थानीय तह	आ.व. २०८००/८१ भित्र
		• नेपालको संविधानको अनुसूची ७ र ९ बमोजिमको अधिकारको साझा सूचीको विषयमा संघीय कानुन बनाउन वा तीन तहको राजस्व सम्बन्धमा छुट्टै एकीकृत कानुन बनाई करारोपणमा देखिएका दोहोरोपना हटाउन नेपाल सरकारसंग पहल गर्ने ।	आर्थिक मामिला तथा योजना मन्त्रालय	संघीय सरकार, मुख्य मन्त्री तथा मन्त्रिपरिषदको कार्यालय, आर्थिक मामिला तथा योजना मन्त्रालय	वि.स. २०८० श्रावण देखि निरन्तर
४	राजस्व कानुन र कार्यविधि	• मालपोत नियमावली,२०३६ को नियम ५(ख) मा उल्लिखित घरजग्गाको रजिष्ट्रेशन प्रयोजनको न्यूनतम मूल्य निर्धारण समितिमा प्रदेश तथा स्थानीय तहको प्रतिनिधित्व हुनेगरी नियम संशोधन हुन नेपाल सरकारसंग पहल गर्ने ।	आर्थिक मामिला तथा योजना मन्त्रालय	संघीय सरकार, मुख्य मन्त्री तथा मन्त्रिपरिषदको कार्यालय, आर्थिक मामिला तथा योजना मन्त्रालय	वि.स. २०८० श्रावण देखि निरन्तर
		• विज्ञापन करका सम्बन्धमा पालिकाहरुमा अन्यौलता भएको देखिदा प्रदेशले मार्गदर्शन कानुन निर्माण गर्ने ।	आर्थिक मामिला तथा योजना मन्त्रालय	अर्थ तथा प्राकृतिक स्रोत समिति स्थानीय तह	आ.व. २०८०/०८१ भित्र
		• प्राकृतिक स्रोतको परिचालन सम्बन्धमा छुट्टाछुट्टै कानुन रहेको र यिनीहरुको करारोपण र क्षेत्र अस्पष्टता रहेकाले प्राकृतिक स्रोतको परिचालन सम्बन्धमा एकीकृत कानुन बनाउन नेपाल सरकारसंग पहल गर्ने ।	आर्थिक मामिला तथा योजना मन्त्रालय	संघीय सरकार, प्राकृतिक स्रोत तथा वित्त आयोग	वि.स. २०८० श्रावण देखि निरन्तर
		• अन्तरसरकारी वित्त व्यवस्थापन ऐनको दफा ५ मा संशोधन गरी स्थानीय तहले असूल गरेको घरजग्गा रजिष्ट्रेशन शुल्क, मनोरन्जन कर, विज्ञापन कर र दहत्तर बहत्तर शुल्क वापतको रकम प्रदेश विभाज्य कोषमा जम्मा गर्ने र विभाज्य कोषबाट नियमानुसार ६० प्रतिशत स्थानीय संचित कोषमा र ४० प्रतिशत रकम प्रदेश संचित कोषमा जम्मा हुने गरी व्यवस्था मिलाइदिन नेपाल सरकारसंग अनुरोध गर्ने ।	आर्थिक मामिला तथा योजना मन्त्रालय	संघीय सरकार, प्राकृतिक स्रोत तथा वित्त आयोग	वि.स. २०८० श्रावण देखि निरन्तर

सि.न.	कार्यक्रम	क्रियाकलाप	कार्यान्वयन गर्ने निकाय	सहयोगी निकाय	समयावधि
		• कानुन बमोजिम पालिकाबाट उठेको विज्ञापन कर मनोरन्जन कर प्रदेशमा दाखिला भएको नदेखिदा यस विषयको कार्यान्वयन गर्ने ।	सम्बन्धित पालिका	प्रदेश कोष नियन्त्रक कार्यालय,आर्थिक मामिला तथा योजना मन्त्रालय	२०८० श्रावण देखि
		• दहत्तर बहत्तरका सम्बन्धमा निजी क्षेत्रले उत्खनन गर्न नपाउने गरी स्थानीय तहले आफै वा निजी क्षेत्र मार्फत घाटगद्दी गराई मूल्यांकन गरी ठेक्का लगाई बिक्री गर्ने गरी कानुन निर्माण गर्ने।	आर्थिक मामिला तथा योजना मन्त्रालय	संघीय सरकार, प्रदेश सरकार तथा स्थानीय निकाय	आ.व २०८१/०८२ भित्र
५	निजी क्षेत्रको लगानी आकर्षण	• जलश्रोत र प्राकृतिक सुन्दरताको प्रचुरता रहेको यस प्रदेशमा विशेषत विद्युत उत्पादन, पर्यटन पूर्वाधार, कृषि, वन, जडिबुटी प्रशोधन तथा खानीजन्य उद्योगहरुको लगानीमा आकर्षण बढाउने ।	उद्योग , पर्यटन वन तथा वातावरण मन्त्रालय	संघीय सरकार, उद्योग स्थानीय निकाय	आ.व. २०८०/०८१ देखि निरन्तर
		• तुलनात्मक दृष्टिले कर्णाली प्रदेश पिछडिएको प्रदेश भएकोले यस प्रदेशमा स्थापना हुने ठूला तथा मझौला उद्योग, विद्युत उत्पादन र पर्यटन पूर्वाधार मा लगानी गरेमा लाग्ने आयकरमा दिएको छुट अवधिलाई बढाइदिन केन्द्रीय सरकारसंग समन्वय गर्ने।	उद्योग , पर्यटन वन तथा वातावरण मन्त्रालय	संघीय सरकार	वि.स. २०८० श्रावण देखि निरन्तर
		• निजी क्षेत्र आकर्षित हुने स्थानहरुमा सडक र विद्युतको पूर्वाधार पुर्याउन प्राथमिकता दिने ।	भौतिक पूर्वाधार विकास मन्त्रालय	तीन वटै तहका सरकार तथा निजी क्षेत्र	आ.व. २०८०/०८१ देखि निरन्तर
६	सार्वजनिक खर्चलाई गुणस्तरीय बनाउँदै प्रदेशको आर्थिक वृद्धिबाट थप राजस्व परिचालन ।	• सार्वजनिक खर्चलाई उत्पादनमूलक र नतिजामूखी बनाउनका लागि बजेटमा लगानीको प्रतिफल सूची (नतिजा खाका) बनाई कार्यान्वयनमा ल्याउने ।	आर्थिक मामिला तथा योजना मन्त्रालय	प्रदेशका सबै मन्त्रालय र मातहतका निकाय	आ.व २०८०/०८१ देखि
		• प्रदेशको कूल वार्षिक बजेटमा पूंजीगत बजेटको हिस्सा ६० प्रतिशतमा नघटने गरी बजेट विनियोजन गर्ने।	सबै मन्त्रालय	तीनवटै तह	आ.व २०८०/०८१ देखि
		• पूंजीगत बजेटलाई मूलत : पूर्वाधार निर्माण, सडक सिंचाई एवम् पर्यटन पूर्वाधारको विकासमा केन्द्रित गर्ने र पूंजीगत बजेटको खर्च विगतमा औसत ६५ प्रतिशत मात्र देखिएको हुंदा कमशः वृद्धि गर्दै लग्ने ।	सबै मन्त्रालय	तीनै तहका सरकार, निजी क्षेत्र तथा नागरिक समाज एवम् उपभोक्ता समिति	आ.व २०८०/०८१ देखि निरन्तर
		• प्रथम पंचवर्षीय योजनाले परिलक्षित गरेका ठूला आयोजनाहरुमा लगानीको सुनिश्चित गर्ने ।	प्रदेश योजना आयोग	संघीय सरकार, प्रदेश सरकार एवम् निजी क्षेत्र	वि.स. २०८० आषाढ मसान्त सम्म

KAMALA Solution & S...

सि.न.	कार्यक्रम	क्रियाकलाप	कार्यान्वयन गर्ने निकाय	सहयोगी निकाय	समयावधि
७	राजस्व बाँडफाँडबाट अधिकतम रकम प्राप्ति	• नेपाल सरकारबाट बाँडफाँड भइ प्राप्त हुने राजस्व क्रमशः वृद्धि गर्न पहल गर्ने ।	आर्थिक मामिला तथा योजना मन्त्रालय	संघीय सरकार प्राकृतिक स्रोत तथा वित्त आयोग	आ.व. २०८०/०८१ देखि निरन्तर
		• कर्णाली प्रदेश अन्य प्रदेशको तुलनामा भौगोलिक रुपमा विकट भएको हुंदा यस प्रदेशमा विकास कार्यको लागतको आधारमा वित्तीय समानीकरण लगायतका संघीय अनुदान प्राप्त गर्न पहल गर्ने ।	आर्थिक मामिला तथा योजना मन्त्रालय	अर्थ तथा प्राकृतिक स्रोत समिति, संघीय सरकार, प्राकृतिक स्रोत तथा वित्त आयोग	आ.व. २०८०/०८१ देखि निरन्तर
		• राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग ऐनबाट निर्धारित ढांचा र आधारहरुमा राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगले क्षेत्रफल तथा पूर्वाधार विकासमा हाल प्रदान गरिरहेको भारमा बृद्धि गरी पुनरावलोकन गरिदिन राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगसंग अनुरोध गर्ने ।	आर्थिक मामिला तथा योजना मन्त्रालय	संघीय सरकार प्राकृतिक स्रोत तथा वित्त आयोग	वि.स. २०८०पौष मसान्त भित्र
८	राजस्व बाँडफाँडका विषयमा स्थानीय तहसंग सहकार्य	• विगत आर्थिक वर्षहरुमा प्रत्येक स्थानीय तहले प्रदेश संचित कोषमा जम्मा गर्नुपर्ने राजस्व रकम एकीन गर्न प्रदेश योजना तथा आर्थिक मन्त्रालयको संयोजकत्वमा प्रदेश लेखा नियन्त्रक कार्यालयको समेत प्रतिनिधित्व हुने गरी एक कार्यटोली बनाउने ।	आर्थिक मामिला तथा योजना मन्त्रालय	प्रदेश लेखा नियन्त्रक कार्यालय तथा स्थानीय तह	बि.स. २०८० असोज मसान्त भित्र
		• प्रदेश तथा स्थानीय तहबीच बांडफाड हुने मनोरन्जन कर विज्ञापन कर र दहत्तर बहत्तर बापतको राजस्व रकम अघिल्लो महिनाको मासिक बाँडफाँड विवरण पछिल्लो महिनाको १५ गतेभित्र प्रदेश कोष तथा लेखा नियन्त्रक कार्यालय र प्रदेश आर्थिक मामिला तथा योजना मन्त्रालयमा प्राप्त हुने गरी स्थानीय तहसंग समन्वय गर्ने ।	आर्थिक मामिला तथा योजना मन्त्रालय	प्रदेश लेखा नियन्त्रक कार्यालय र स्थानीय तह	वि.स. २०८० असोज मसान्त भित्र

७.७.५ विविध सुधार कार्ययोजना

सि.न.	कार्यक्रम/ राजस्वका शीर्षक	क्रियाकलाप	कार्यान्वियन गर्ने निकाय	सहयोगी निकाय	समयावधि
१	सूचना प्रविधिको प्रयोग	• सवारी चालक अनुमति पत्र बाहेकका सेवा शुल्क जस्तै सवारी रुट अनुमति, पटके रुट अनुमति, प्रमाणीकरण दस्तुर, सवारी जांचपास लगायतका सेवा शुल्कमा अनलाइन प्रविधिको प्रयोग गर्ने ।	प्रदेश यातायात कार्यालय	भौतिक पूर्वाधार विकास मन्त्रालय, यातायात व्यवस्था विभाग	वि.स. २०८० पौष मसान्त भित्र ।
		• यातायात क्षेत्रसंग सम्बन्धित राजस्व भुक्तानीका लागि E sewa वा Connect IPS वा Online Banking सेवा द्वारा भुक्तानी गर्ने व्यवस्था मिलाउने।	प्रदेश यातायात कार्यालय	भौतिक पूर्वाधार विकास मन्त्रालय, यातायात व्यवस्था विभाग	आ.व. २०८०/०८१ भित्र
		• सूचना प्रविधिको प्रयोगबाट हुने विज्ञापन, अनलाइन व्यापार आदिको कर संकलन गर्ने सम्बन्धमा अध्ययन गरी कानुन निर्माण गर्ने ।	मुख्य मन्त्रि तथा	संघीय सरकार, मन्त्रालयहरु,प्रदेश सुशासन केन्द्र,	वि.स. २०८० चैत्र मसान्त भित्र

सि.न.	कार्यक्रम/ राजस्वका शीर्षक	क्रियाकलाप	कार्यान्वयन गर्ने निकाय	सहयोगी निकाय	समयावधि
			मन्त्रिपरिषदको कार्यालय	प्रदेश लेखा नियन्त्रक कार्यालय	
		• स्थानीय तहसंग राजस्व असूली तथा व्यवस्थापनका सम्बन्धमा एकीकृत राजस्व व्यवस्थापन सूचना प्रणाली कार्यान्वयनमा ल्याउने ।	प्रदेश लेखा नियन्त्रक कार्यालय	महालेखा नियन्त्रक कार्यालय, आर्थिक मामिला तथा योजना मन्त्रालय , स्थानीय तह तथा सम्वन्धित सरोकारवाला	आ.व. २०८१/०८२ भित्र
२	अनुसन्धान एवम नवप्रवर्तन	• सार्वजनिक निजी साझेदारी कार्यक्रम अन्तर्गत राष्ट्रिय तथा सामुदायिक वनमा फलफूल खेती, कालिज पालन, जडिबुटी खेती गर्नका लागि संभाव्यता अध्ययन तथा स्पष्ट नीति निर्माण गर्ने ।	उद्योग पर्यटन बन तथा वातावरण मन्त्रालय	आन्तरिक मामिला तथा कानुन मन्त्रालय,आर्थिक मामिला तथा योजना मन्त्रालय, प्रदेश सुशासन केन्द्र	आ.व. २०८०/०८१ भित्र
		• प्रचलित कानून बमोजिम संघिय सरकारसंग स्वीकृति लिई कानून नै बनाई कुनै निश्चित आयोजनाको लागि चिठ्ठा कार्यक्रम संचालन गर्ने र संकलन भएको रकमको ५० प्रतिशत पूँजी आयोजनामा लगानी गर्ने र बाँकी ५० प्रतिशत रकमबाट चिठ्ठा वितरण गर्ने।	मुख्य मन्त्री तथा मन्त्रिपरिषदको कार्यालय	तीनै तहका सरकार	आ.व. २०८०/०८१ भित्र
		• सरकारी सवारी साधनहरु संचालन सम्बन्धमा कानून नै बनाई सरकारी सवारी साधन व्यक्तिगत काममा प्रयोग गर्दा निश्चित शुल्क तिर्नु पर्ने प्रावधान राख्नका लागि अध्ययन गर्ने ।	मुख्य मन्त्री तथा मन्त्रिपरिषदको कार्यालय	तीनै तहका सरकार, प्रदेश सुशासन केन्द्र तथा निजी क्षेत्र	आ.व. २०८२/०८३ भित्र
		• मुख्य मन्त्री रोजगार कार्यक्रमबाट सम्पादन हुने कामलाई दीगो गराउन उत्पादनमूलक क्षेत्रमा मात्र कार्यक्रम संचालन गरी राजस्व परिचालनमा बढवा दिने नीति अवलम्बन गर्नका लागि एक कार्यदल बनाई अध्ययन गर्ने ।	मुख्य मन्त्री तथा मन्त्रिपरिषदको कार्यालय	तीनै तहका सरकार, प्रदेश सुशासन केन्द्र तथा निजी क्षेत्र	आ.व. २०८०/०८१ भित्र
		• भू सूचना प्रणालीमा आधारित रहेर करदाताको नक्शांकन गर्नका लागि मार्गदर्शन तयार गर्नुका साथै स्थानीय तहसंग समन्वय गर्ने ।	स्थानीय निकायहरु	अर्थ तथा प्राकृतिक स्रोत समिति तथा आर्थिक मामिला तथा योजना मन्त्रालय	आ.व. २०८२/०८३ भित्र
३	राजस्व सुधार कार्ययोजनाको कार्यान्वयन	• राजस्व सुधार कार्ययोजनाका लागि आवश्यक बजेट व्यवस्थापन गर्ने ।	आर्थिक मामिला तथा योजना मन्त्रालय	प्रदेश स्थित सबै मन्त्रालय तथा प्रदेश सुशासन केन्द्र	आ.व. २०८०/०८१ देखि निरन्तर
		• राजस्व सुधार कार्ययोजनाको प्रत्येक वर्ष समीक्षा, आवश्यकता अनुसार पुनरावलोकन तथा अनुगमन गर्ने ।	आर्थिक मामिला तथा	अर्थ तथा प्राकृतिक स्रोत	प्रत्येक आ.व. को चैत्र महिनामा

KAMALA Solution

सि.न.	कार्यक्रम/ राजस्वका शीर्षक	क्रियाकलाप	कार्यान्वयन गर्ने निकाय	सहयोगी निकाय	समयावधि
			योजना मन्त्रालय	समिति, सबै मन्त्रालय,प्रदेश सुशासन केन्द्र, निजी क्षेत्र	
		• राजस्व सुधार कार्ययोजनाका क्रियाकलापहरुको कार्यान्वयनको सुनिश्चितता गर्ने ।	मुख्य मन्त्री तथा मन्त्रिपरिषदको कार्यालय	तीनै तहका सरकार, निजी क्षेत्र तथा सम्बन्धित सरोकारवाला	आ.व. २०८०/०८१ देखि निरन्तर

परिच्छेदः आठ
राजस्व प्रक्षेपण

८.१ पृष्ठभूमि

भविष्यमा संकलन हुने राजस्वको अनुमान नै राजस्व प्रक्षेपण हो । राजस्व प्रक्षेपण गर्दा विगतको राजस्व संकलन र समष्टिगत आर्थिक परिसूचकहरु कूल गार्हस्थ उत्पादन,राष्ट्रिय उपभोग, राष्ट्रिय आय, मुद्रास्फिती र कर नीतिलाई आधारको रुपमा लिने गरिन्छ । राजस्व संकलनको कार्य मूलत : अर्थतन्त्रको संरचना, राजस्व नीति, कराधार, राजस्व प्रशासनको क्षमता एवम दक्षता तथा निजी क्षेत्रको तत्परता जस्ता पक्षमा बढी निर्भर गर्दछ । कर नीति अन्तरगत कराधारको आकार, करका दरहरु, कर प्रशासनको क्षमता एवम् दक्षता तथा नीजि क्षेत्रको तत्परता जस्ता पक्षमा बढी निर्भर गर्दछ । कर नीति अन्तरगत कराधारको आकार, करका दरहरु,कर प्रशासनको सक्षमता र कर सहभागिताको स्तर जस्ता विषय समावेश भएका हुन्छन् ।

८.२ राजस्व प्रक्षेपणका लागि लिइएको तथ्यांकको आधार

राजस्व बाँडफाँड तथा आन्तरिक आयलाई प्रक्षेपण गर्नका लागि यस भन्दा अगाडिको अवस्था थाह पाउनु जरुरी हुन्छ । प्रदेश सरकारको स्थापना पछि हालसम्म प्राप्त मू.अ.क. तथा अन्तशुल्क, रोयल्टी र आन्तरिक आयका विभिन्न शीर्षकहरुमा प्राप्त तथ्यांकहरुको तालिका निम्नानुसार छ :

१. मूल्य अभिवृद्धि कर तथा अन्तशुल्क :

कर्णाली प्रदेश सरकारलाई प्राप्त कर राजस्व मध्ये मूल्य अभिवृद्धि र अन्तशुल्कको प्राप्तीतर्फ अध्ययन गर्दा आ.व. २०७५/०७६ मा ६ अरब १६ करोड प्राप्त भएकोमा २०७६/०७७ मा ४ अरब ६५ करोड र २०७७/०७८ मा ७ अरब २५ करोड प्राप्त भएको थियो भने चालु आ.व. २०७९/०८० मा वैशाख मसान्त सम्म ५ अरब ११ करोड प्राप्त भएको छ । यसमा विभिन्न आ.व. को अनुपात हेर्दा समेत

आ.व.२०७६/०७७ मा अघिल्लो आ.व. को तुलनामा कमी र अरु बांकी २ आ.व. बढेको देखिन्छ भने यस आ.व. समेत गत आ.व. भन्दा कम हुने संभावना देखिन्छ ।

२. बाँडफाँडबाट प्राप्त रोयल्टी :

तालिका नं.८.१ विभिन्न आ.व. मा बांडफाडबाट प्राप्त रोयल्टी रु हजारमा

सि. न.	शीर्षकहरु	आ.व. २०७६/०७७	आ.व. २०७७/०७८	आ.व. २०७८/०७९	आ.व. २०७९/०८०
१.	बाँडफाँड भइ प्राप्त वन रोयल्टी	७२५७.६६	१२७०१.८६	२७४२०.८८	१८६६३.४१
२.	बाँडफाँड भइ प्राप्त विद्धुत रोयल्टी	-	१६४.१५	२४०७.१	१६२६.०८
३.	बाँडफाँड भइ प्राप्त खानी तथा खनिज रोयल्टी	-	१८.७१	१०३४.६६	८१०.७८
४.	बाँडफाँड भइ प्राप्त पर्वतारोहरण वापतको रोयल्टी	-	२९६.७४	४८७.१९	३४५.६३

स्रोत : प्रदेश लेखा नियन्त्रक कार्यालय

३.आन्तरिक राजस्वको अवस्था :

तालिका नं. ८.२ विभिन्न आ.व. प्राप्त भएको आन्तरिक राजस्वको अवस्था रु हजारमा

सि.न.	आ.व.	असूली	कैफियत
१	२०७५/०७६	७०३९९	
२	२०७६/०७७	२३४४७४	
३	२०७७/०७८	६३९४९२	
४	२०७८/०७९	६६०८२०	
५	२०७९/०८०	४७२८००	वैशाख मसान्त सम्मको

स्रोत : प्रदेश लेखा नियन्त्रक कार्यालय

उल्लिखित विभिन्न आ.व. मा प्राप्त भएको आन्तरिक राजस्वको वृद्धिलाई हेर्दा आ.व. २०७६/०७७ मा २९.९१ प्रतिशत वृद्धि देखिन्छ भने आ.व.२०७७/०७८ मा १७२.२३ प्रतिशत र २०७८/०७९ मा भने ३.३४ प्रतिशत वृद्धि भएको देखिन्छ । चालु आ.व. २०७९/०८० मा हालसम्मको स्थिति हेर्दा अघिल्लो आ.व. भन्दा २८.४५ प्रतिशत कमी देखिन्छ ।

KAMALA Solution & Services

४.कर्णाली प्रदेशको प्रथम पञ्चवर्षीय योजना अनुसार आ.व.२०७६/०७७ देखि २०८०/०८१ सम्म क्रमशः २८.५७,२९.६२, २८.५७, ३३.३३ र २५ प्रतिशत वृद्धि हुने अनुमान धेरै हदसम्म मिल्दो जुल्दो देखिन्छ । तर विगतमा भएको असूली वास्तविक भन्दा कम देखिन्छ ।

५ कर्णाली प्रदेशको मध्यकालिन खर्च संरचना २०७९/८०-२०८१/०८२ औसत वृद्धि भएको १८.२९ प्रतिशत देखिन्छ तर यो ज्यादै न्यून देखिएको छ । जो असूलीसंग मेल खादैन् ।

अघिल्ला आ.व. मा भन्दा पछिल्ला आ.व मा बजेटका प्रक्षेपण भने मिलेको देखिन्छ । यसमा औसतमा राजस्वको योगदान कूल बजेटमा आन्तरिक राजस्वमा दिएको औसत योगदान १.२७ प्रतिशत देखिन्छ ।

कर्णाली प्रदेशमा प्राप्त हुने राजस्व र आन्तरिक आम्दानीमा विभिन्न कारणले गर्दा राजस्वमा पनि घटबढ देखियो । यस्ता कारणहरु पहिचान गर्दा बजेटले अवलम्बन गर्ने नीति, सरकारले संचालन गर्ने कार्यक्रम, राजस्व प्रशासनको सक्रियता, राष्ट्रिय तथा अन्तराष्ट्रिय रुपमा देखा पर्ने परिस्थिति तथा स्थानीय तहको सक्रियता समेतले प्रभाव पारेको पाइयो ।

८.३ राजस्व प्रक्षेपण

माथिका परिच्छेदहरूमा व्याख्या गरिएको राजस्व रकम र राजस्वका स्रोतहरूको तथ्यहरूलाई आधार मानेर राजस्व प्रक्षेपण गरिएको छ । सैद्धान्तिक रुपमा राजस्व प्रक्षेपणलाई सुक्ष्म र वृहत गरी दुई तह र विधिमा विभाजन गरिएको छ । सूक्ष्म तह र विधिबाट प्रक्षेपण गर्दा आर्थिक इकाई (व्यक्ति,फर्म र कारोवार) का तथ्यांकलाई आधार मान्नुपर्ने हुन्छ भने वृहत विधिबाट राजस्व प्रक्षेपण गर्दा अर्थतन्त्रका वृहत चरहरुलाई नै आधारको रुपमा प्रयोग गर्ने गरिन्छ । कुनैपनि देशको कर राजस्व मुख्य रुपले कराधारको आकार, करका दरहरु, प्रशासनिक क्षमता र कर सहभागिताको स्तरले निर्धारण गर्दछ । यस योजनामा राजस्व प्रक्षेपण गर्दा वृहत विधि अन्तर्गत औसत आर्थिक वार्षिक वृद्धिदर विधि र Linear Regression विधिको प्रयोग गरिएको छ ।

१. औसत आर्थिक वृद्धिदर विधि (CAGR): यो विधि संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले तयार गरेको गाउंपालिका तथा नगरपालिकाको राजस्व सुधार कार्ययोजनाको तर्जुमा सम्वन्धी दिग्दर्शनमा तोकिए अनुसार शुरु र अन्तिम बिन्दुको आधारमा आर्थिक मामिला तथा योजना मन्त्रालयबाट प्राप्त आ.व. २०७९/०८० संशोधित अनुमानलाई आधार मानी निम्नानुसार सूत्र प्रयोग गरी वार्षिक वृद्धिदर प्रक्षेपण गरिएको छ :

$$CAGR = \left[\frac{\text{Ending Value}}{\text{Beginning Value}}\right]^{\left(\frac{1}{\text{Number of Years}}\right)} - 1$$

तालिका नं ८.३ औसत आर्थिक वृद्धिदर विधिबाट प्रक्षेपित राजस्व रु हजारमा

सि.न .	शीर्षक	आधार रकम	आ.व ०८०/८१	आ.व ०८१/८२	आ.व ०८२/८३	आ.व ०८३/८४
	(क) बाँडफाँड भईप्राप्त हुने मूअक र अन्तशुल्क					
१	बाँडफाँड भइ प्राप्त हुने मूअक	६३०५६७४	७०६००७३	७९०४७२६	८८५०४३३	९९०९२८२
२	बाँडफाँड भइ प्राप्त हुने अन्तशुल्क	२१०७४२०	२४०६८२८	२७४८७७३	३१३९३००	३५८५३०९
	जम्मा	८४१३०९४	९४६६९००	१०६५३४९९	११९८९७३२	१३४९४५९१
	(ख) बांडफाड भईप्राप्त हुने रोयल्टी					
१	बाँडफाँड भइ प्राप्त वन रोयल्टी	२८५००	३७०५०	४८१६५	६२६१५	८१३९९
२	बाँडफाँड भइ प्राप्त विद्धुत रोयल्टी	२४५०	३०६३	३८२८	४७८५	५९८१
३	बाँडफाँड भइ प्राप्त खानी तथा खनिज रोयल्टी	११००	१२१०	१३३१	१४६४	१६११
४	बाँडफाँड भइ प्राप्त पर्वतारोहरण वापतको रोयल्टी	५००	६६७	८९०	११८७	१५८४
	जम्मा	३२५५०	४१९९०	५४२१४	७००५१	९०५७५
	(ग) आन्तरिक आय					
१	सवारी साधन कर	२०५२८१	२३६०७४	२७१४८५	३१२२०७	३५९०३८
२	घरजग्गा रजिष्ट्रेशन दस्तुर	१२३२००	१६०१६०	२०८२०८	२७०६७०	३५१८७२
३	चालक अनुमती पत्र, सवारी दर्ता किताब सम्बन्धी दस्तुर	४७०१५	६८१७२	९८८४९	१४३३३१	२०७८३०
४	परीक्षा शुल्क	७९४२५	११९१३८	१७८७०६	२६८०५९	४०२०८९
५	अन्य प्रशासनिक सेवा शुल्क	२४२२०	२७०१३	३०१२७	३३६०१	३७४७५
६	व्यवसाय रजिष्ट्रेशन दस्तुर	२९४३०	४२६७४	६१८७७	८९७२१	१३००९५
७	वन क्षेत्रको अन्य आय	२९४१२	४४११८	६६१७७	९९२६६	१४८८९८
८	वन क्षेत्रको रोयल्टी	५००४८	५७२८२	६५५६२	७५०३९	८५८८६
९	बाँडफाँड भइ प्राप्त दहत्तर बहत्तरको बिक्रीबाट प्राप्त हुने आय	२७०८१	४७३९२	८२९३६	१४५१३७	२५३९९०
१०	यातायात क्षेत्रको आम्दानी	१२०२२	१४५७२	१७६६३	२१४०९	२५९५०
११	प्रशासनिक दण्ड जरिवाना र जफत	२२२६०	३५६१६	५६९८६	९११७७	१४५८८३
१२	व्यवसायले भूक्तानी गर्ने	२८२५	३१०८	३४१८	३७६०	४१३६
१३	अन्य बिक्रीबाट प्राप्त रकम	२५००	२९५०	३४८१	४१०८	४८४७
१४	सरकारी सम्पत्तीको बिक्रीबाट प्राप्त रकम	७००	९१०	११८३	१५३८	१९९९
१५	कृषि उत्पादनको बिक्रीबाट प्राप्त रकम	१५२८	१८०३	२१२८	२५११	२९६३
१६	शिक्षा क्षेत्रको आम्दानी	६००	७८०	१०१४	१३१८	१७१४
१७	रेडियो एफ एम संचालन दस्तुर	१८१३	२१३९	२५२४	२९७९	३५१५
१८	अन्य राजस्व	३०००	४३५०	६३०८	९१४६	१३२६२
१९	न्यायिक दण्ड जरिवाना र जफत	८०	९२	१०६	१२२	१४०
२०	पूर्वाधार सेवाको उपयोगमा लाग्ने कर	१००	१६०	२५६	४१०	६५५
२१	सरकारी सम्पत्तीको बहालबाट प्राप्त	१६०	२३२	३३६	४८८	७०७
२२	पर्यटन शुल्क	२००	२१०	२२१	२३२	२४३
	जम्मा :	६६२९००	८६८९४५	११५९५५१	१५७६२२९	२१८३१८७
	खूद जम्मा (क+ख+ग)	९१०८५४४	१०३७७८३५	११८६७२६५	१३६३६०१३	१५७६८३५३

माथिको तालिकामा औसत आर्थिक वृद्धिदर विधिबाट प्रक्षेपण गरिएको तथ्यांकलाई विश्लेषण गर्दा औसत रुपमा मूअक तर्फ ११.९६ प्रतिशत, अन्तशुल्क तर्फ १४ प्रतिशत, रोयल्टी तर्फ २९.१६ प्रतिशत र आन्तरिक आय तर्फ ३४.७४ प्रतिशतको वृद्धिदर प्रक्षेपण भएको छ ।

१. Linear Regression विधि : यस विधिमा सम्पूर्ण शीर्षकहरुको आ.व.२०७६/०७७ देखिको मात्र तथ्यांक उपलव्ध भएको हुंदा सोही तथ्यांकलाई आधार मानी आगामी आ.व.हरुको राजस्व प्रक्षेपण गरिएको छ ।यस विधिमा विभिन्न शीर्षकगत प्राप्त राजस्वलाई समयसंग Regress गरी प्राप्त गुणाङ्क (co-efficient) नै राजस्व वृद्धिदर मानी प्रक्षेपण गरिएको छ ।यस विधिबाट प्रक्षेपण गर्दा Auto Correction देखिएकाले यसमा सुधार ल्याउन First order Auto-Regressive पद्धतिलाई समायोजन गर्दै पुनः Estimation गरी राजस्व प्रक्षेपण गरिएको छ । Linear विधिबाट प्रक्षेपण गर्दा कुनै एक वर्षको संकलनको प्रभाव मात्र नभई त्यसभन्दा अगाडिका वर्षहरुमा गरिएका सुधारका प्रयासहरुको समेत प्रभाव परेको हुन्छ भन्ने मान्यतालाई आत्मसात गरिएको छ । यसरी गरिएको प्रक्षेपणलाई निम्नानुसार उल्लेख गर्न सकिन्छ :

तालिका नं ८.४ Linear Regression विधिबाट प्रक्षेपित राजस्व रु हजारमा

सि.न.	शीर्षक	आ.व ०८०/८१	आ.व ०८१/८२	आ.व ०८२/८३	आ.व ८३/८४
(क) बाँडफाँड भई प्राप्त हुने मूअक र अन्तशुल्क					
१	बाँडफाँड भइ प्राप्त हुने मूअक	७६१२२१८	८५६१५४६	९५१०८७३	१०४६०२००
२	बाँडफाँड भइ प्राप्त हुने अन्तशुल्क	२४६०४३५	२८०९०२०	३१५७६०५	३५०६१९०
जम्मा		१००७२६५३	११३७०५६५	१२६६८४७८	१३९६६३९०
(ख) बांडफाड भई प्राप्त हुने रोयल्टी					
१	बाँडफाँड भइ प्राप्त वन रोयल्टी	४६५७२	५४४७२	६२३७१	७०२७१
२	बाँडफाँड भइ प्राप्त विद्धुत रोयल्टी	५१०३	६२४६	७३८९	८५३२
३	बाँडफाँड भइ प्राप्त खानी तथा खनिज रोयल्टी	२३४०	२८८१	३४२२	३९६३
४	बाँडफाँड भइ प्राप्त पर्वतारोहरण वापतको रोयल्टी	७३४	८३६	९३८	१०४०
जम्मा		५४७४९	६४४३५	७४१२०	८३८०६
(ग) आन्तरिक आय					
१	सवारी साधन कर	२०१३०८	२२६९३३	२५२५५९	२७८१८४
२	घरजग्गा रजिष्ट्रेशन दस्तुर	१५०१८५	१७२५९४	१९५००४	२१७४१३
३	चालक अनुमती पत्र, सवारी दर्ता किताव सम्वन्धी दस्तुर	६६९८५	७८१९५	८९४०६	१००६१७
४	परीक्षा शुल्क	१०२९२४	१३१४००	१५९८७७	१८८३५४
५	अन्य प्रशासनिक सेवा शुल्क	२५९४३	२७७८३	२९६२४	३१४६४
६	व्यवसाय रजिष्ट्रेशन दस्तुर	३२८६५	३७६७४	४२४८४	४७२९४
७	वन क्षेत्रको अन्य आय	३७३६४	४४६३४	५१९०४	५९१७५

सि.न.	शीर्षक	आ.व ०८०/८१	आ.व ०८१/८२	आ.व ०८२/८३	आ.व ८३/८४
८	वन क्षेत्रको रोयल्टी	९४७६५	१०४२९४	११३८२३	१२३३५२
९	बाँडफाँड भइ प्राप्त दहत्तर बहत्तरको बिक्रीबाट प्राप्त हुने आय	४१५७५	५२२४१	६२९०७	७३५७३
१०	यातायात क्षेत्रको आम्दानी	१४०६६	१५८६३	१७६६१	१९४५८
११	प्रशासनिक दण्ड जरिवाना र जफत	२९८९५	३६९४१	४३९८६	५१०३२
१२	व्यवसायले भूक्तानी गर्ने	२५४२	२६५८	२७७५	२८९२
१३	अन्य बिक्रीबाट प्राप्त रकम	३८०३	४७४२	५६८१	६६२०
१४	सरकारी सम्पत्तीको बिक्रीबाट प्राप्त रकम	२१६९	२६०८	३०४७	३४८६
१५	कृषि उत्पादनको बिक्रीबाट प्राप्त रकम	२०३३	२४११	२७८८	३१६६
१६	शिक्षा क्षेत्रको आम्दानी	८२८	९७८	११२७	१२७७
१७	रेडियो एफ एम संचालन दस्तुर	३११८	३७१७	४३१६	४९१५
१८	अन्य राजस्व	३६२	३८२	४०२	४२२
१९	न्यायिक दण्ड जरिवाना र जफत	१४०	१७४	२०८	२४२
२०	पूर्वाधार सेवाको उपयोगमा लाग्ने कर	११९	१३६	१५२	१६९
२१	सरकारी सम्पत्तीको बहालबाट प्राप्त	२३२	२९४	३५७	४१९
२२	पर्यटन शुल्क	२००	२६०	३१९	३७९
	जम्मा :	८१३४१५	९४६९११	१०८०४०६	१२१३९०३
	खूद जम्मा (क+ख+ग)	१०९४०८१७	१२३८१९११	१३८२३००४	१५२६४०९९

माथिको तालिकामा Linear Regression विधिबाट प्रक्षेपण गरिएको तथ्यांकलाई विश्लेषण गर्दा औसत रुपमा मूअक तर्फ ११.१८ प्रतिशत, अन्तशुल्क तर्फ १२.५४ प्रतिशत, रोयल्टी तर्फ १५.२६ प्रतिशत र आन्तरिक आय तर्फ १४.२९ प्रतिशतको वृद्धिदर प्रक्षेपण भएको छ ।

३ औसत विधि :

औसत आर्थिक वृद्धिदर विधि र Linear Regression विधिबाट राजस्व प्रक्षेपण गर्दा मूअक र अन्तशुल्क तर्फ मिल्दोजुल्दो देखिएतापनि रोयल्टी र आन्तरिक आय तर्फ झण्डै ५० प्रतिशत फरक आएको देखिएको हुंदा प्रक्षेपण गरिने राजस्वलाई वास्तविकताको नजिक र प्रभावकारी गराउनका लागि संघीय सरकारबाट गठन भएको नेपाल राजस्व परामर्श सुधार प्रतिवेदन, २०७९ ले विभिन्न विधिबाट निकालेको प्रक्षेपणलाई औसत विधि प्रयोग गरी प्रक्षेपण गरे अनुसार यस योजनामा समेत माथिका विधिबाट प्रक्षेपित गरिएको रकमलाई आधार मानी औसत विधिको प्रयोग गरी तपसिल बमोजिम आगामी ४ आ.व. को राजस्व प्रक्षेपण गरिएको छ ।

KAMALA
Solution &

तालिका नं ८.५ औसत विधिबाट प्रक्षेपित राजस्व रकम रु हजारमा

सि.न.	शीर्षक	आ.व ०८०/८१	आ.व ०८१/८२	आ.व ०८२/८३	आ.व ०८३/८४
(क) बाँडफाँड भई प्राप्त हुने मूअक र अन्तशुल्क					
१	बाँडफाँड भइ प्राप्त हुने मूअक	७३३६१४६	८२३३१३६	९१८०६५३	१०१८४७४१
२	बाँडफाँड भइ प्राप्त हुने अन्तशुल्क	२४३३६३१	२७७८८९६	३१४८४५२	३५४५७५०
जम्मा		९७६९७७७	११०१२०३२	१२३२९१०५	१३७३०४९०
(ख) बांडफाड भई प्राप्त हुने रोयल्टी					
१	बाँडफाँड भइ प्राप्त बन रोयल्टी	४१८११	५१३१९	६२४९३	७५८३५
२	बाँडफाँड भइ प्राप्त विद्धुत रोयल्टी	४०८३	५०३७	६०८७	७२५७
३	बाँडफाँड भइ प्राप्त खानी तथा खनिज रोयल्टी	१७७५	२१०६	२४४३	२७८७
४	बाँडफाँड भइ प्राप्त पर्वतारोहरण वापतको रोयल्टी	७०१	८६३	१०६३	१३१२
जम्मा		४८३७०	५९३२५	७२०८६	८७१९१
(ग) आन्तरिक आय					
१	सवारी साधन कर	२१८६९१	२४९२०९	२८२३८३	३१८६११
२	घरजग्गा रजिष्ट्रेशन दस्तुर	१५५१७२	१९०४०१	२३२८३७	२८४६४३
३	चालक अनुमती पत्र, सवारी दर्ता किताव सम्बन्धी दस्तुर	६७५७८	८८५२२	११६३६९	१५४२२४
४	परीक्षा शुल्क	१११०३१	१५५०५३	२१३९६८	२९५२२१
५	अन्य प्रशासनिक सेबा शुल्क	२६४७८	२८९५५	३१६१२	३४४६९
६	व्यवसाय रजिष्ट्रेशन दस्तुर	३७७६९	४९७७६	६६१०३	८८६९५
७	वन क्षेत्रको अन्य आय	४०७४१	५५४०५	७५५८५	१०४०३६
८	वन क्षेत्रको रोयल्टी	७६०२३	८४९२८	९४४३१	१०४६१९
९	बाँडफाँड भइ प्राप्त दहत्तर वहत्तरको विक्रीबाट प्राप्त हुने आय	४४४८३	६७५८८	१०४०२२	१६३७८२
१०	यातायात क्षेत्रको आम्दानी	१४३१९	१६७६३	१९५३५	२२७०४
११	प्रशासनिक दण्ड जरिवाना र जफत	३२७५६	४६९६३	६७५८२	९८४५७
१२	व्यवसायले भूक्तानी गर्ने	२८२५	३०३८	३२६८	३५१४
१३	अन्य विक्रीबाट प्राप्त रकम	३३७६	४१११	४८९४	५७३३
१४	सरकारी सम्पत्तीको विक्रीबाट प्राप्त रकम	१५४०	१८९५	२२९२	२७४२
१५	कृषि उत्पादनको विक्रीबाट प्राप्त रकम	१९१८	२२६९	२६५०	३०६५
१६	शिक्षा क्षेत्रको आम्दानी	८०४	९९६	१२२३	१४९६
१७	रेडियो एफ एम संचालन दस्तुर	२६२८	३१२०	३६४७	४२१५
१८	अन्य राजस्व	२३५६	३३४५	४७७४	६८४२
१९	न्यायिक दण्ड जरिवाना र जफत	११६	१४०	१६५	१९१
२०	पूर्वाधार सेवाको उपयोगमा लाग्ने कर	१४०	१९६	२८१	४१२
२१	सरकारी सम्पत्तीको बहालबाट प्राप्त	२३२	३१५	४२२	५६३

सि.न.	शीर्षक	आ.व ०८०/८१	आ.व ०८१/८२	आ.व ०८२/८३	आ.व ०८३/८४
२२	पर्यटन शुल्क	२०५	२४०	२७६	३११
	जम्मा :	८४११८०	१०५३२३१	१३२८३१८	१६९८५४५
	खूद जम्मा (क+ख+ग)	१०६५९३२७	१२१२४५८८	१३७२९५०९	१५५१६२२७

माथि तालिकामा समावेश नगरिएका शीर्षक मध्ये धरौटी सदर स्याहा तर्फ विगत तीन आ.व. औसत ९ लाख सदर स्याहा भएको पाइएको छ भने चालु आ.व. को वैशाख मसान्त सम्म रु २१००० मात्र सदर स्याहा भएता पनि धरौटीको रकम सम्बन्धित व्यक्ति वा निकायले फिर्ता नलिएमा कानुन बमोजिम निश्चित समय पछि मात्र सदर स्याहा हुने भएको हुंदा आगामी दिनमा के कति हुने हो भन्ने अनुमान गर्न कठिनाई हुनुका साथै सुनिश्चित पनि नभएको हुंदा प्रक्षेपण गरिएको छैन भने वेरुजुको शीर्षकलाई केलाउंदा महालेखा परीक्षकको कार्यालयको कर्णाली प्रदेशको पांचौ प्रतिवेदन २०७९ अनुसार यस प्रदेशको वेरुजु रु. ४ अर्व ३४ करोड ३४ लाख ८५ हजार रहेको देखिन्छ । विगत ४ आ.व. को वेरुजु असूलीको प्रवृत्ति हेर्दा औसत प्रति वर्ष ४ करोड ९३ लाख असूल भएको देखिन्छ । गत आ.व हरुमा जस्तै वेरुजु रकम यस आ.व. मा पनि देखिएको हुंदा आगामी आ.व.मा पनि न्यूनतम रु.४ करोड ९३ लाख असूल हुनेछ । यसैगरी निकासा फिर्ता तर्फ विगत ४ आ.व. को औसत फिर्ता हेर्दा ३ करोड ५१ लाख ७५ हजार देखिन्छ भने अनुदान फिर्ता तर्फ विगत ३ आ.व.को औसत ४ करोड ८४ लाख १४ हजार देखिन्छ । यसरी विगत जस्तै औसत रुपमै फिर्ता आउदा पनि निकासा फिर्ता तर्फ ३ करोड ५१ लाख र अनुदान फिर्ता तर्फ ४ करोड ८४ लाख फिर्ता हुंदा ८ करोड ३५ लाख आन्तरिक राजस्वमा थप हुने देखिन्छ । यसरी समग्रमा हेर्दा वेरुजु, निकासा फिर्ता र अनुदान फिर्ता शीर्षकबाट मात्र आगामी आ.व.मा कम्तिमा पनि १३ करोड २८ लाख आन्तरिक आय थप हुने देखिन्छ ।

परिच्छेदः नौ

अनुगमन तथा मूल्यांकन

कर्णाली प्रदेशको राजस्व सुधार कार्ययोजनाको प्रभावकारी कार्यान्वयनका लागि नियमित अनुगमन तथा मूल्यांकनको महत्वपूर्ण भूमिका रहनेछ । यस कार्ययोजनाको नियमित अनुगमन कार्यको मुख्य जिम्मेवारी राजश्व महाशाखाको हुनेछ । यो राजस्व सुधार योजनाले प्रदेशको आन्तरिक आय वृद्धि हुने अपेक्षा गरिएको छ । आगामी दिनमा राजस्वका स्रोत, दायरा तथा दरको विश्लेषण गरी आय तथा स्रोत अनुमान गर्ने कार्यलाई यो योजनाले सहयोग गर्दछ । राजस्व सुधारका नीति क्रियाकलापहरु तथा बजेट अनुमान पश्चात राजस्व सुधार कार्ययोजना अनुसारका क्रियाकलापहरु संचालन भए नभएको तथा अनुमान अनुसार आय असूली भए नभएको सम्बन्धमा नियमित रुपमा अनुगमन तथा मूल्यांकन गर्नु आवश्यक हुन्छ । यो समग्र राजस्व सुधार योजना तथा कार्ययोजनाको अनुगमन तथा मूल्यांकनका लागि निम्न चार तहको अनुगमन तथा मूल्यांकन व्यवस्था सिफारिस गरिएको छ ।

क) महाशाखाको अनुगमन

आर्थिक मामिला तथा योजना मन्त्रालयमा रहेको राजश्व महाशाखा यो योजना र कार्यान्वयनमा बढी सक्रिय रहनु आवश्यक हुन्छ । महाशाखाले कम्तिमा पनि महिनामा १ पटक बैठक बसी समग्र राजस्व परिचालन र चौमासिक रुपमा राजस्व योजनाको कार्यान्वयन सम्वन्धमा अनुगमन गरी लक्ष्य हासिल गर्नेतर्फ निरन्तर क्रियाशील हुनु पर्दछ ।

ख) अर्थ तथा प्राकृतिक स्रोत समिति

अर्थ तथा प्राकृतिक स्रोत समितिको कार्यक्षेत्र मध्ये आर्थिक मामिला तथा योजना मन्त्रालय पनि रहेको र यस समितिको काम,कर्तव्य र अधिकार मध्येको एक महत्वपूर्ण काम मन्त्रालय र अन्य निकायबाट सम्पादन भएका कामको अनुगमन तथा मूल्यांकन गरी सो को सम्वन्धमा आवश्यक निर्देशन दिने भएको हुंदा समितिले यस कार्ययोजनाको अनुगमन मूल्यांकन गर्नेछ ।

ग) राजस्व सुधार योजना समिति

यस राजस्व सुधार योजना निर्माणको अनुगमन तथा सहजीकरण र परामर्शका लागि अर्थ सचिवको संयोजकत्वमा गठित राजस्व सुधार योजना समितिले यस राजस्व सुधार कार्ययोजनाको अनुगमन गर्नुका साथै आवधिक तथा मध्यावधि रुपमा यस योजनाको समीक्षा गरी आवश्यक पुनरावलोकन गर्नेछ ।

घ) तेस्रो पक्ष अनुगमन

राजस्व सुधार कार्ययोजनाको कार्यान्वयनका क्रममा प्रदेश सुशासन केन्द्र, उद्योग वाणिज्य महासंघ, स्वतन्त्र नागरिक एवम् अन्य अधिकारवाला तथा सरोकारवालाहरुबाट पनि यो कार्ययोजनाको समीक्षा तथा अनुगमन हुनेछ ।

यसरी विभिन्न पक्षबाट हुने अनुगमन मूल्यांकनले राजस्व सुधार कार्ययोजना र सो अनुसार भए गरेका क्रियाकलापहरुको प्रगति समीक्षा तथा व्यवहारिक कार्यान्वयनको अवस्था जानकारी हुनेछ र सुधारका लागि पहल कदम अगाडी बढनेछ ।

परिच्छेदः दश

निष्कर्ष

कर्णाली प्रदेश राजस्व परिचालनको हिसावले धनी छ । यद्यपी यस प्रदेशमा आ.व. २०७६/०७७ देखि आ.व. २०७८/०७९ सम्मको चालु खर्चमा आन्तरिक राजस्वको हिस्सा औसत ६.१५ भएबाट प्रदेश सरकार केन्द्र सरकारसंगको परनिर्भतामा भएको स्पष्ट देखिन्छ ।अतः आन्तरिक राजस्व बढाउने अवयवहरुको खोजी हुन जरुरी छ। प्रदेश सरकारको आफ्नो आन्तरिक स्रोतको राजस्व बढाउन सकेमा संघीय सरकारको वित्तीय संघीयता बढी अर्थपूर्ण र प्रभावकारी देखिन्छ। प्रदेश सरकारका प्रमुख आन्तरिक कर राजस्वका स्रोतहरुमा सवारी साधन कर, घरजग्गा रजिष्ट्रशेन, दहत्तर बहत्तर, मनोरञ्जन कर, विज्ञापन कर र कृषि आयमा कर मात्र पर्दछन्। कृषि आयमा कर शून्य देखिन्छ भने मनोरञ्जन कर र विज्ञापन करको योगदान नगन्य देखिन्छ। हालसम्मको स्थितिमा आन्तरिक कर राजस्वका स्रोतहरुमा सवारी साधन कर र घरजग्गा रजिष्ट्रेशनले ठूलो हिस्सा ओगटेको देखिन्छ। गैरकर राजस्वमा सेवा शुल्क दस्तुर, पर्यटन शुल्क र दण्ड जरिवाना पर्दछन्। अतः आन्तरिक राजस्व बढाउन यिनै शीर्षकहरुका दर दायरा तथा चुहावट न्यूनीकरण अन्तर्गत प्रभावकारिता बढाउनु पर्ने हुन्छ । आन्तरिक स्रोतको राजस्वको योगदान न्यून भएतापनि यसलाई बढाउन सक्ने संभावनाहरु प्रशस्त छन्। प्राप्त तथ्यांक अध्ययन गर्दा दहत्तर वहत्तर, व्यवसाय रजिष्ट्रेशन दस्तुर बढाउन सकिनुका साथै घरजग्गा रजिष्ट्रेशन दस्तुरमा केही अंश परिवर्तन गर्दा पनि राजस्व बढ्ने संभावना छ। मनोरञ्जन कर र विज्ञापन कर पालिकामा उठेको तर प्रदेशमा नआएको हुंदा प्रदेशले पहल कदमी गरेमा आय प्राप्त हुने सुनिश्चित छ । प्रशासनिक दक्षता र आधुनिक प्रबिधिको प्रयोगले गैरकर राजस्व (सेवा शुल्क दस्तुर, पर्यटन शुल्क र दण्ड जरिवानालाई) बढाउन समेत सकिन्छ । सात वटा प्रदेशहरुमा सवैभन्दा बढी ४२.२९ प्रतिशत वन क्षेत्र भएको कर्णाली प्रदेश प्राकृतिक सम्पदा तथा जडिबुटीका हिसाबले धनी भएकाले वन क्षेत्रबाट प्राप्त हुने आय बढाउन सकिने संभावना समेत प्रबल छ ।

आन्तरिक स्रोतको राजस्व बढाउन ढुङ्गा गिट्टी बालुवा सहितको दहत्तर वहत्तर विगतमा कानूनी रुपमा प्रदेश सरकारको आन्तरिक राजस्वको स्रोत रहेको हुनाले यसलाई पुनः आन्तरिक राजस्वको स्रोत कायम गर्न अरु प्रदेश सरकारसंग सहकार्य गर्दै कानुन संशोधन गर्ने रणनीति अवलम्वन गर्ने, सवारी साधन कर तर्फ

सेवा प्रवाहमा प्रविधिको प्रयोग गर्ने, घरजग्गा रजिष्ट्रेशनको मूल्याङ्कन परिमार्जन गर्दै घर घडेरी तथा शहरी विकासका कार्यहरुलाई समानान्तर रुपमा विकसित गर्ने, सेवा शुल्क दस्तुर, पर्यटन शुल्क र दण्ड जरिवानालाई आधुनिक प्रविधिसंग गांस्दै असुलीमा प्रभावकारिता ल्याउने र राजस्व प्रशासन राजस्व मैत्री र प्रविधि प्रयोगमा सक्षम वनाउन रणनीतिहरु अवलम्वन गर्नुपर्ने हुन्छ। यसका साथै पूंजीगत खर्च र राजस्व बीच सकारात्मक सहसम्वन्ध हुने भएकाले पूंजीगत खर्च बढाउन समेत उत्तिकै जरुरी छ ।

यसैगरी वित्तीय समानीकरण अनुदानका लागि प्रदेश सरकारका लागि सिफारिस गरिएका न्यूनतम कार्यसम्पादन सूचकांक अनुसार तोकिएका ११ वटा कार्यसम्पादन सूचकहरुमा आ.व.२०८०/०८१ का लागि ३०.९३ अंक मात्र प्रास भएकोमा आगामी आ.व देखि तोकिएका सूचकमा कार्यसम्पादन स्तर सुधार गरेमा एकातिर केन्द्रबाट प्रास हुने आय बढने देखिन्छ भने अर्कोतिर समग्र प्रदेशमा वित्तीय सुशासन कायम हुने हुंदा राजस्व परिचालनमा पनि प्रभावकारिता अभिवृद्धि हुन्छ ।समग्रमा दायरा विस्तारका साथ बाच्छाले दुध चुसे जस्तै गरी राजस्वका दरहरु लगाई कर परिपालनाको स्तरलाई बढाई मितव्ययी, दक्षतापूर्ण , लागत प्रभावी तथा प्रभावकारी तरिकाले राजस्व परिचालन गर्दा कर्णाली प्रदेशको अर्थतन्त्र आत्मनिर्भर, सवल र दीगो हुनेछ ।

परिच्छेदः एघार

अनुसूचीहरु

अनुसूची १ सेवा शुल्क दस्तुर बढाउन सकिने संभावित क्षेत्रहरु

(७.६.१.२ संग सम्वन्धित)

क.स.	संभावित क्षेत्रहरु
क)	पशुपन्छी उपचार दर्ता सेवा शुल्क
१	भेडा/बाखा/ पन्छी र माछा
२	गाई/गोरु/भैसी/रौंगा/सुगुर/बंगुर
३	बाघ/भालु/कुकुर/बिरालो/मुसातथा अन्य जंगली जनावर
४	हात्ती/गैडा/घोडा/खच्चर/गधा
५	डि.हर्निङ्ग

क.स.	संभावित क्षेत्रहरु
ख)	**प्रयोगशाला नमूना परिक्षण सेवा शुल्क**
१	सबै खाले पशुपन्छी तथा मत्स्य
ग)	**शव परिक्षण सेवा शुल्क**
१	माछा तथा पन्छीहरु
२	साना पशु (भेडा/बाखा/कुकुर/बिरालो/सुगुर/बंगुर)
३	ठूला पशु (हात्ती/गैडा/घोडा/गाई/गोरु/भैसी/राँगा तथा जंगली जनावर सबै)
४	घरपालुवा तथा जंगली पशु तथा पन्छीहरुको सडक दुर्घटनामा परि शव परिक्षण गर्नु परेमा
घ)	**पशु तथा पन्छी बन्ध्याकरण**
१	थुमा/बोका
२	कुखुराको भाले तथा अन्य पंन्छी
३	बंदेल/ सुगुर/ बंगुर/ घोडा/गद्या
४	कुकुर/ बिरालो
ङ)	**माटो तथा रासायनिक मलको प्रयोगशाला बिश्लेषण**
१	माटो बिश्लेषण
२	सुक्ष्म तत्व विश्लेषण
३	रासायनिक मल विश्लेषण
४	प्रांगारिक मल विश्लेषण
च)	**वीऊ विजन परिक्षण सेवा शुल्क**
१	उमार शक्ति परीक्षण
२	शुद्धता परिक्षण
३	चिस्यान परीक्षण
४	टेट्राजोलियम टेष्ट
५	ओजस परिक्षण
६	वीउको स्वास्थ्य परिक्षण
७	१००० दाना तौल

क्र.स.	संभावित क्षेत्रहरु
८	बीऊको नमूना लिए वापत शुल्क
९	खेत निरिक्षण
१०	बीऊ प्रमाणिकरण
छ)	विविध
१	विभिन्न सिफारिस /कृषक समूह/ब्लक/ पकेट समिति दर्ता तथा नविकरण/ सूचिकृत
२	हलभाडा (प्रति दिन)
३	मल्टीमिडिया (प्रति दिन)
४	औजार उपकरण प्रयोग गरे बापत शुल्क (प्रति दिन)

निर्माण सामाग्रीहरुको प्रयोगशाला परिक्षण शुल्क

क्र.स.	संभावित क्षेत्रहरु
१	कम्प्रेसिभ स्ट्रेन्थ टेस्ट
२	मोटार टेस्ट
३	क्ले कन्टेन्ट
४	एम. डि.डि./ ओ. एम. सि.
५	फिल्ड डेन्सिटी टेस्ट
६	लस- एन्जलस एब्रासन टेस्ट
७	कोरकटर टेस्ट
८	एफ. आई. /ए. आई. भी.
९	स्पेसिफिक ग्रेभिटी
१०	ग्रेडिसन टेस्ट फर स्यान्ड
११	ग्रेडिसन टेस्ट फर स्यान्ड कंक्रिट
१२	ग्रेडिसन टेस्ट फर सब वेस/ वेस
१३	मोइस्चर कन्टेन्ट (डब्लु%)

क.स.	संभावित क्षेत्रहरु
१४	विटुमिन इस्ट्राक्याटर ह्यान्ड अपरेटेड(यु.पि.सि.)
१५	मार्शल स्टयाबिलिटी लेफ्ट कम्पिलिटेड सेट
१६	प्लास्टिसिटी ईन्डेक्स
१७	सि.बि.आर. टेस्ट
१८	ग्याबिन टेस्ट (जिङ कोटिङ)
१९	चिप्स ग्रेडिसन (२० एम.एम.)
२०	चिप्स ग्रेडिसन (४० एम.एम.)

अनुसूची २. विभिन्न प्रदेशहरुको सवारी साधन कर
(४.३ संग सम्बन्धित)

प्रदेशको नाम	कोशी	मधेश	वागमती	गण्डकी	लुम्बिनी	कर्णाली	सुदुरपश्चिम
१ निजी सवारी साधनमा देहाय बमोजिम कर लाग्नेछ							
क सवारीको किसिम							
कार, जीप,भ्यान माइक्रो बसको वार्षिक दर							
१००० सी.सी सम्म	२२१००	२००००	२२०००	२२०००	२००००	२००००	२२०००
१००१ देखि १५०० सम्म	२४२००	२२०००	२५०००	२५०००	२२०००	२२०००	२५०००
१५०१ -२०००	३१५००	२५०००	२७०००	२७०००	२५०००	२५०००	२७०००
२००१-२५००	३७५००	३५०००	३७०००	३७०००	३४०००	३४०००	३७०००
२५०१-२९००	४३१००	४००००	५००००	५००००	४००००	३९०००	५००००
२९०१ भन्दा माथि	६१५००	५५०००	६००००	६००००	५६०००	५५०००	६००००
३५०० भन्दा माथि			७००००	६५०००			६५०००
डोजर, एक्साभ्टर, लोडर, रोलर, ट्रिपर, क्रेन जस्ता उपकरण	४०५००	३८०००	४००००	४००००	४००००	३८०००	४००००
मिनिटिपर	२९०००	२७०००	३००००	३००००	३००००	२५०००	४२०००
अटो रिक्सा थ्री हिलर र टेम्पो	५०००	५०००	६०००	६०००	५०००	५०००	६०००
ट्रेक्टर	५०००	४०००	५५००	७०००	११०००	४०००	७०००

KAMALA Solution &

प्रदेशको नाम	कोशी	मधेश	वागमती	गण्डकी	लुम्बिनी	कर्णाली	सुदुरपश्चिम
पावर टिलर	४०००	३०००	४५००	४५००	२०००	३०००	४५००
मिनिट्रक/मिनिबस	२५७००	२४०००	२७०००	२७०००	२३५००	२२०००	२७०००
ट्रक वस	३५०००	३२०००	३५०००	३५०००	३३५००	३००००	३५०००
मोटरसाइकल							
१२५ सि.सि.सम्मको	३०००	२७००	३०००	३०००	२६००	२५००	३०००
१२६-१६०	४०००	४५००	५०००	५०००	४५००	४०००	५०००
१६१-२५०	५५००	६०००	६५००	६५००	५५००	४०००	६५००
२५१-४००	१००००	१००००	११०००	११०००	११०००	८०००	११०००
४०१ भन्दा माथि	१८०००	१७०००	२००००	२००००	२५०००	१५०००	२००००
६५० भन्दा माथि			३००००	३००००			३००००
२ भाडामा दर्ता भएका सवारी साधनमा							
सवारीको किसिम							
कार, जीप, भ्यान माइक्रो बसको वार्षिक दर							
१३०० सि.सि.सम्म	९०००	८५००	११०००	११०००	८५००	८०००	११०००
१३०१-२०००	१०५००	९५००	१२५००	१२५००	१००००	९०००	१३५००
२००१-२९००	१२७५०	११५००	१३५००	१३५००	११०००	११०००	१४५००
२९०१-४०००	१५०००	१३५००	१७५००	१७५००	१३०००	१३०००	१४५००
४००१ भन्दा माथि	१८०००	१६०००	२२०००	२२०००	१७०००	१५०००	१६५००
डोजर, एक्साभ्टर, लोडर, रोलर, ट्रिपर, क्रेन जस्ता उपकरण	२००००	१८०००	२१०००	२१०००	२००००	१८०००	१९०००
अटो रिक्सा थ्री हिलर र टेम्पो	४५००	४५००	६०००	६०००	४०००	४०००	६०००
ट्रेक्टर	४५००	३५००	५५००	६०००	११०००	२५००	६०००
पावर टिलर	३०००	२०००	४५००	४५००	१५००	२०००	४५००
मिनीट्रक/मिनीबस	१४०००	१२५००	१५०००	१५०००	१४०००	१२०००	१५०००
मिनीट्रिपर	१६७५०	१४५००	१५०००	१५०००	१५०००	१४०००	२००००
ट्रक वस	१९०००	१६५००	२००००	२००००	१७०००	१६०००	२२०००
विद्युतीय सवारी साधनमा देहाय बमोजिम कर लाग्नेछ							
ई रिक्सा तथा अन्य तीन पांग्रे							
३००-१००० वाटसम्म्	२०००	४ चक्का भन्दा माथि ७५००,४ चक्का भन्दा कम ४००० र	२०००				
१००१-१५००	२५००		२५००				
१५०१-२०००	३०००		३०००				
२०० भन्दा माथिका	४०००		३०००				

प्रदेशको नाम	कोशी	मधेश	वागमती	गण्डकी	लुम्बिनी	कर्णाली	सुदुरपश्चिम
मोटरसाइकल,स्कुटर		मोटरसाइकलको रु५०० तोकेको					
३५०-१००० वाट	२०००		२०००	१०००	१०००		१०००
१०००-१५००	२५००		२५००	१५००	१५००		१५००
१५०१-२०००	३०००		३०००	२०००	२०००		२०००
२००१ देखि माथि सबै	४०००		३०००	२०००	३०००		२०००
कार, जीप,भ्यान माइक्रो बस							
५०-१५० किलो वाट	१५०००		१५०००	१००००	१००००		१००००
१२६-२००	२००००		२००००	१५०००	१५०००		१५०००
२०१ किलो वाट देखि माथि	३००००		३००००	२००००	२००००		२००००

अनुसूची ३. विभिन्न प्रदेशहरुको घरजग्गा रजिष्ट्रेशन दस्तुर तथा शुल्क (४.३ संग सम्वन्धित)

उल्लेखित दर नगरपालिकालाई आधार मानि लिइएको

सि.न.	लिखतको प्रकार	कोशी	मधेश	वागमती	गण्डकी	लुम्बिनी	कर्णाली	सुदुरपश्चिम
	क. घर जग्गा रजिष्ट्रेशन दस्तुर							
१	राजिनामा सट्टापट्टा र सगोलनामाको लिखत							
	राजिनामा सट्टापट्टा र सगोलनामाको लिखत थैली अंक प्रतिशतमा	४	४	४.५	४	४	४.५	४
	सामूहिक आवास योजना अन्तर्गत निर्मित भवन आवास इकाइको लिखतको थैली अंकमा प्रतिशत	१	२	४.५	२	२	२	२
	सामूहिक आवास योजनामा निर्मित भवन सहितको घर जग्गाको लिखतको थैली अंकमा प्रतिशत	३	४	४.५	४	४	४	४
२	छोडपत्र दर्ताफारी संयूक्त दर्तावाला बीचको लिखितको थैली अंकमा प्रतीशत	२	२	२.५	२	२	२.५	२
३	हालैदेखिको वकसपत्रको लिखतको थैली अंकमा प्रतिशत							
	आफन्तमा रु.१ लाख सम्मको थैली अंकमा प्रतिशत	१	१	१	१	१	१.५	१
	आफन्तमा रु.१ लाख भन्दा माथि जतिसुकै थैली अंकमा प्रतिशत	२	२	१.५	२.५	२	२.५	१.५
	अन्य वकसपत्र र दानपको थैली अंकमा प्रतिशत	१५	१५	१५	१५	१५	१५	१५

सि.न.	लिखतको प्रकार	कोशी	मधेश	वागमती	गण्डकी	लुम्विनी	कर्णाली	सुदुरपश्चिम
४	अंशवण्डा तथा भरपाईको लिखतमा							
	रु.३० लाख सम्मको थैली अंकमा प्रतिशत	०.२	०.२	०.३	०.५	०.२	०.२	०.५
	रु.३० लाख भन्दा बढी रु २ करोडसम्मको थैली अंकमा प्रतिशत	०.३	०.३	०.४	०.७५	०.३	०.३	०.७५
	रु २ करोड भन्दा माथिको थैली अंकमा प्रतिशत	०.५	०.५	०.५	१.	०.५	०.५	१
५	मानो छुट्टिएको र मानो जोडिएको लिखत							
	मानो छुट्टिएको प्रति लिखत रु हजारमा	१०	१०	११	१०	१०	१०	१०
	मानो जोडिएको प्रति लिखत रु हजारमा	१५	१५	२८	२०	१०	१०	२०
६	शेष पछिको वकस पत्रको लिखत							
	तीन पुस्ता भित्रको	८	९	८	७	७	५	७
	तीन पुस्ता बाहिरको	१०	१२	१२	१२	१२	१०	१२
७	बन्धकीको लिखत दृष्टिबन्धक भोगवन्धकी र लखबन्धकीको लिखतको थैली अंकमा प्रतिशत	१	१	१	१	१	१	१
८	अधिकारनामा मन्जुरीनामा र अख्तियारनामाको लिखत रु हजारमा	२		२	४	२	२	४
९	दाखिल खारेज नहुने कपाली तमसुक र करारनामाको प्रति लिखत प्रतिशत	१		१	१	१	१	१
	सेवा शुल्क							
१	वितीय धितो रु १ अर्व भन्दा बढी जतिसुकै थैली अंकमा रु हजारमा	२५०	११५	३००	२००	२००	१००	२००
२	नामसारी							
	तीन पुस्ता भित्रको नातामा रु हजारमा	१	१	२.५	३	१	१	३
	तीन पुस्ता बाहिरको नातामा रु हजारमा	३	३.५	५	१०	३	३	१०
३	हाल साविक पुन: नापजांच पछिको तथा अद्यावधिक गर्दा प्रति मिसिल रु	८००.	८००	१५००	५००	३००	३००	५००
४	घर कायम श्रेस्ता पूर्जामा घर जनाउने प्रति निवेदनमा रु	२५००	२५००	२०००	२०००	२५००	२५००	२०००
५	रोक्का दस्तुर							
	लिखत रजिष्ट्रेशन नहुने रु हजारमा							
	रु ५० लाख भन्दा बढी जतिसुकै ऋण अंकमा रु	३०००	७००	२५००	२५००	१५००	७००	३००
	ऋण अंक नखुलेकेमा रु	५०००	३०००	५०००	७०००	५०००	३०००	७०००

अनुसूची ४. विभिन्न प्रदेशहरुको मनोरन्जन कर

(४.३ संग सम्वन्धित)

सि.न.	विवरण	कोशी	मधेश	वागमती	गण्डकी	लुम्बिनी	कर्णाली	सुदुरपश्चिम
१	चलचित्र पर्दशन गर्दा दर्शहरुबाट प्रति टिकट प्रतिशत	३	५	५	५	५	५	५
२	सांस्कृतिक प्रदर्शन दोहोरी सांझ डान्सवार कन्सर्ट नाचघर भिडियो घर थियटर पार्क प्रतिशत	३	५	५	५	प्रति व्यक्ति २५	५	५
३	फन पार्क वाटर गार्डेन पार्क प्रवेशमा प्रति टिकट	५		३				
४	रेफ्टिङ वोटिङ प्यारागलाइडिङ बन्जीजम्पिङ स्वीङ जिप फ्लायर प्रति टिकट । वील प्रतिशत			५		५	२	
५	मेला महोत्सव तथा जादु सर्कस मेला संचालन गराए वापत प्रति टिकट प्रतिशत	प्रति दिन २०० देखि ५५०० सम्म	प्रति दिन २००० देखि ५५०० सम्म	प्रति दिन ४ देखि ७५ हजार सम्म			५	
६	क्यासिनोमा प्रवेश गर्ने ग्राहकबाट प्रति टिकट			५		१००० प्रति व्यक्ति		
७	टि भि केवल नेटवर्क					शुल्कको १ प्रतिशत		
८	डिश टि भि को हकमा					रिचार्ज रकमको २ प्रतिशत		

अनुसूची ५. विभिन्न आ.व. मा असूल भएको आन्तरिक आय

(५.४ संग सम्वन्धित)

सि.न.	राजस्व शीर्षक	आर्थिक वर्ष			
		०७६/७७	०७७/७८	०७८/७९	०७९/८० वैशाख मसान्त सम्म
१	सवारी साधन कर	८९,३०६,७९७.००	१३४,११२,०२२.००	१५९,०३१,९२२.००	१६६,४४५,२४५.००
२	बाँडफाडबाट प्राप्त हुने घरजग्गा रजिष्ट्रेशन दस्तुर	९०,१४२,६०७.७०	११,१८९,२३६.१०	१४४,१८१,१६९.०३	६५,१३९,३०९.२७
३	वन सेवको रोयल्टी	३३,७७०,०५०.६५	२७,५१०,८७०.९९	५५,४९४,६१४.५६	३९,९८७,४९२.००
४	चालक अनुमती पत्र, सवारी दर्ता किताब सम्वन्धी दस्तुर	१७,८५८,३६०.००	३३,१५९,८०८.००	५७,७९७,७२७.००	४३,७५९,११५.००

सि.न.	राजस्व शीर्षक	आर्थिक वर्ष			
		०७६/७७	०७७/७८	०७८/७९	०७९/८० बैशाख मसान्त सम्म
५	परीक्षा शुल्क	१८०,५७५.००	१४५,९००.००	४७,१७७,८०१.००	५८,००८,३५०.००
६	अन्य प्रशासनिक सेवा शुल्क	१७,७७१,४४०.००	२२,१६१,२०८.००	२१,२१७,२७९.००	१७,०५४,९४१.०९
७	व्यवसाय रजिष्ट्रेशन दस्तुर	१०,४१७,६००.००	२६,२२६,७१५.००	१७,२८६,४२४.३१	९,८२०,२७८.००
८	वन क्षेत्रको अन्य आय	१,७२३,६३८.२८	२७,९८९,८९९.६१	१७,६२६,५५०.३०	६,३४९,४५८.७७
९	बाँडफाँड भइ प्राप्त दहत्तर बहत्तरको बिक्रीबाट प्राप्त हुने आय	१,२१४,१७२.००	९४०,०००.००	३०,३०१,६९८.३७	५,२७३,९५४.९८
१०	यातायात क्षेत्रको आम्दानी	६,७९१,४८०.००	८,५९५,७२०.००	१०,८७८,५०९.००	६,८४१,६५५.००
११	प्रशासनिक दण्ड जरिवाना र जफत	१,९१८,७१६.००	७,७५८,३९७.००	१७,१८८,७४५.००	५,१६२,५८४.००
१२	व्यवसायले भुक्तानी गर्ने	२१,०८८,८१०.००	२,५२३,१८७.००	१,५४१,३५०.००	७७९,७५०.००
१३	अन्य बिक्रीबाट प्राप्त रकम	२८,०००.००	६५८,८३२.००	२,६३३,५२४.००	१,४१०,०४०.००
१४	सरकारी सम्पतीको बिक्रीबाट प्राप्त रकम	५६,२५०.००	५३७,२८३.००	२,९९४,४५९.००	७१८,५४१.००
१५	कृषि उत्पादनको बिक्रीबाट प्राप्त रकम	५१८,७८७.००	७८१,९४७.००	१,५२८,२४०.००	५२४,३९९.००
१६	शिक्षा क्षेत्रको आम्दानी	१,७५४,५६५.००	४११,५३०.००	६३१,१२५.००	५२१,७७०.००
१७	रेडियो एफ एम संचालन दस्तुर	०.००	६१५,५८८.००	१,५३४,९६९.००	६८३,६९९.००
१८	धरौटी सदर स्याहा	१,२३४,५१३.९८	१,०२१,०००.००	५५५,३४९.७१	२१,०००.००
१९	अन्य राजस्व	१३९,५७९.००	५४५,४८०.००	२६२,८१०.८०	१,४४५,६६०.००
२०	अन्य स्रोतबाट प्राप्त बाँडफाँड नहुने रोयल्टी	०.००	०.००	४०२,५२३.५६	२५५,९५५.४२
२१	न्यायिक दण्ड जरिवाना र जफत	०.००	१६,४००.००	११९,०७५.००	२००,७७१.००
२२	पूर्वाधार सेवाको उपयोगमा लाग्ने कर	०.००	१७१,७३१.००	३८,२३९.००	४५,४४०.००
२३	सरकारी सम्पतीको बहालबाट प्राप्त	०.००	०.००	११४,४६६.००	११३,९२०.००
२४	पर्यटन शुल्क	०.००	३,०००.००	०.००	१८७,६००.००
	जम्मा	२९६,०१५,९४१.६१	३१५,१५५,६५५.५०	५९०,५३९,०७०.६४	४३०,७४९,९९७.५३
२५	बेरुजु	९,४६४,०१०.१८	७२,७२७,४१०.७१	७४,५८१,१७०.९९	४०,७५२,४६४.७२
२६	निकासा फिर्ता	१३,१९४,०७३.००	५७,५४६,१६७.६०	३५,४५१,९१९.४९	३४,५०८,७२३.९४
२७	अनुदान फिर्ता	०.००	४३,९६५,०२८.४०	४९,५६५,१४९.०८	५१,७१८,२२५.३९
	जम्मा	२२,६५८,१६३.१८	१७४,२३८,६०६.७१	१५९,५९८,२३९.५६	१२६,९७९,४१४.०५
कूल जम्मा		३१८,६७४,१०५.७९	४८९,३९४,२६२.२१	७५०,१३७,३१०.२०	५५७,७२९,४११.५८

सन्दर्भसूची

नेपाल सरकार (२०७४) स्थानीय सरकार सञ्चालन ऐन,२०७४। सिंहदरवार, नेपाल ।

कर्णाली प्रदेश सरकार (२०७५), कर्णाली प्रदेशको कर तथा गैर कर राजस्व सम्वन्धी ऐन, २०७५

कर्णाली प्रदेश सरकार (२०७९), वार्षिक बजेट तथा कार्यक्रम २०७४ देखि २०७९ कर्णाली प्रदेश सरकार ।

नेपाल सरकार (२०७४) राष्ट्रिय प्राकृतिक श्रोत तथा वित्त आयोग ऐन, २०७४, सिंहदरवार ।

नेपाल सरकार (२०७४) एकीकृत आर्थिक संकेत तथा वर्गीकरण र व्याख्या, २०७४, सिंहदरवार ।

नेपाल सरकार (२०७५) प्रदेश तथा स्थानीय कर सम्बन्धी अध्ययन तथा सुझाब प्रतिवेदन, सिंहदरवार ।

नेपाल सरकार (२०७७) ढुङ्गा, गिट्टी, बालुवा सम्वन्धी उत्खनन विक्री तथा व्यवस्थापन सम्वन्धी मापदण्ड २०७७ सिंहदरवार ।

नेपाल सरकार (२०७६) विज्ञापन (नियमन गर्ने) ऐन, २०७६ सिंहदरवार ।

नेपाल सरकार (२०७६) अन्तरसरकारी वित्त व्यवस्थापन ऐन, २०७४ सिंहदरवार ।

नेपाल सरकार (२०७५) आर्थिक ऐन, २०७५ सिंहदरवार ।

नेपाल सरकार (२०७२) नेपालको संविधान, सिंहदरवार ।

प्रदेश सरकार कार्यविभाजन नियमावली २०७५, कर्णाली प्रदेश ।

कर्णाली प्रदेश सरकार (२०७९) आर्थिक ऐन २०७४ देखि २०७९,कर्णाली प्रदेश ।

नेपाल सरकार (२०७६) गाउंपालिका तथा नगरपालिकाको राजस्व सुधार कार्ययोजना तर्जुमा सम्वन्धी दिग्दर्शन २०७६, सिंहदरवार ।

विभिन्न् वेवसाइटहरु

https://lawcommission.gov.np/en/
https://pfco.karnali.gov.np/
https://kppc.karnali.gov.np/ne/
https://www.nnrfc.gov.np/
http://moeap.karnali.gov.np/
http://moeap.koshi.gov.np/
https://moeap.bagamati.gov.np/
https://mof.madhesh.gov.np/
https://moeap.lumbini.gov.np/ne/
https://mof.gandaki.gov.np/
http://moeap.sudurpashchim.gov.np/
https://oag.gov.np/
https://fcgo.gov.np/